# अध्याय एक

# शोध परिचय

## १.१ विषय परिचय

डेउडा गीत सुदूर पश्चिम र मध्य पश्चिमका पहाडी तथा तराईका जिल्लाहरूमा प्रचलित एउटा महत्त्वपूर्ण लोकगीत हो । यसमा त्यस क्षेत्रमा रहेका मानिसहरूको बोलीभाषा समाज र संस्कृतिका साथै उनीहरूका सुख दुःख बेदनाका अलावा जीवनका विविध आयामहरूको लयात्मक प्रस्तुति गरिएको पाईन्छ । डेउडा गीतको सुरूवात कसले र कहिले गऱ्यो भन्ने एकिन तथ्य नभए पनि सुदूर पश्चिमका मानिसहरूको संस्कृति र समाज निर्माणको कालदेखि नै भएको मान्न सकिन्छ । यसरी परम्परित रूपमा सिर्जित लोकगीतको रूपमा विज्ञहरूले पनि स्वीकार गरेको पाइन्छ र विभिन्न अध्ययन र अनुसन्धानलाई हेर्दा देउडा शब्दको संरचना निम्नानुसार बनाउन सकिन्छ : **देउ** र **डा देउ** भनेको देवता र **डा** भनेको देवताको स्तुतिबाट सुरू गरी जीवनका विविध आयामहरूको डाको छोडेर लयबद्ध रूपमा गाउनु भन्ने अर्थ हुन्छ । यस संरचनाका आधारमा बिश्लेषण गर्दा देवी देवताका विभिन्न रूपहरूबाट सुरू भई आफ्ना जीवनका विविध आयामहरू वर्णन देउडा गीतमा गरिएको पाइन्छ । डेउडा गीतलाई विभिन्न नामले चिनाउने गरिएको पाइन्छ । जसमा **डेउडा, देउडा, द्यौणा, ड्यौडा** आदि । डेउडालाई बिभिन्न नामले चिनाउने अर्थ भनेको एउटै हो । डेउडामा सामान्यतया सामूहिक गायन हुन्छ । गोलो घेरा बनाएर कुममा कुम जोडेर हातमा हात समातेर महिला र पुरुषको पाईतला एउटै शैली तालमा अगाडि पछाडि सर्दै प्रेम बिरह सामाजिक शोषण, सुख, दुःख जस्ता अभिब्यक्त गरी गाईने गरिन्छ र तत्काल प्रश्नको जवाफ गीत मार्फत नै दिनुपर्ने आँसु कवित्त्व अनिवार्य ठहरिन्छ । यसका साथै देउडा एकल गायनका रूपमा वनपाखा, मेलापात, गोरू बाख्रा चराउँदा, उकाली ओराली गर्दा पनि गाउने गरिन्छ ।

देउडा अछामी समाजको साझा चौतारी हो । बिशेष गरी समाजमा रहेका विभिन्न पर्व जात्रा मेला संस्कार विशेषमा गाईने भएकोले यसमा अभिव्यक्त तत्कालीन विषयवस्तु सोही अनुसारको हुन्छ । यसरी एउटा चक्रका रूपमा अघि बढ्ने देउडामा समाजका

विभिन्न आयामहरूलाई विश्लेषण गर्दै माया प्रेम र श्रृगारका विषयवस्तुहरू बढी मात्रामा पाईन्छन् । देउडा आफैँमा प्रेम हो, प्रेममा विवाहसम्मका विविध पक्षहरूको माध्यमका रूपमा पनि देउडा देखा पर्दछ । त्यसो भएकोले देउडा गीतमा अभिव्यक्त समाजमा प्रेमको ठूलो भूमिका हुन्छ । केटा केटी चाहे पर्व विशेषमा दोहोरी खेलका रूपमा गाउँदा होस् या एकल रूपमा वनपाखामा गीत घन्काउँदा बढी गीतहरू प्रेममय नै हुन्छन् । केटा केटीदेखि लिएर बुढापाकासम्मका मानिसहरू देउडालाई अति मन पराउँछन् किनभने देउडामा उनिहरूका सुख दुःखमय प्रीतिको पुकार ओकल्ने माध्यम भनेको देउडा नै हो । अछामी समाजमा माया प्रीति गाँस्दा होस् कि आफन्त टाढा हुँदा, मेलापात जाँदा होस् वा गाई बाख्रा चराउँदा होस् उनीहरू मनलाई भुलाउन देउडाको सहयोग लिन्छन् । युवा युवतीको विशेष उपस्थिति र उत्साहका कारणले पनि यसको महत्त्व दिन प्रतिदिन बढ्दै गएको पाईन्छ । सुदूर पश्चिममा केटा केटीलाई नदेखिकनै विवाह गर्ने परम्परा विद्यमान हुँदाहुँदै पनि देउडाले अर्कोतिरबाट खेलमा अभिव्यक्ति सवाल जवाफका माध्यमबाट पहिलो भेट मै विभिन्न गीतात्मक अभिव्यक्तिले एकै दिनमा पनि विवाह गरेको पाइन्छ । यो पनि एउटा संस्कृतिको रूपमा त्यस समाजको सदियौँ देखि स्थापित भइसकेको यथार्थ हो भन्न सकिन्छ । यसका अलावा वनपात र मेलाहरूमा एक दुई जनाहरूमा गाइने विरही देउडा गीतका माध्यमबाट पनि माथि भनिएकै सवाल जवाफ गर्दै विभिन्न वाचा कसम खाएर विवाह गर्ने गरेको पाइन्छ ।

यसरी अछामी समाजमा विद्यमान देउडा गीतको परम्परा सुदूर पश्चिमका अन्य जिल्लाहरू भन्दा समृद्धशाली हुनुका साथै ऐतिहासिक दृष्टिकोणले पनि अछाम डेउडा गीतका हिसाबले समृद्ध छ । यसमा अभिव्यक्त समाजले त झन् त्यहाँको संस्कृति, परम्परा, रीतिरिवाज, चाल चलन, भेष भूषा, सामाजिक संस्कार र राजनीतिलाई पनि अङ्गिकार गर्दै तत् समाजको विकासमा टेवा पुऱ्याएको देख्न पाइन्छ । त्यसो भएकोले प्रस्तुत शोधमा अछामी समाज र संस्कृतिमा डेउडा गीतको भूमिका के कस्तो छ र त्यसको विश्लेषण कसरी गर्न सकिन्छ भन्ने मुख्य शोध्य आधार हो । यसरी अछामका विभिन्न भागहरू विभिन्न चाँडपर्वहरूका साथ साथै विविध अवसरमा गाईएका/

खेलिएका डेउडा यस शोधका लागि प्राथमिक सामग्रीहरू हुन् र ती गीतहरूमा अभिव्यक्त समाज र संस्कृतिको खोजी गर्नु नै यस शोधको सीमा पनि हो ।

## १.२ समस्या कथन

अछामी डेउडा गीतमा अभिव्यक्त समाज र संस्कृतिका विविध पाटाहरूको उद्घाटन गर्न यस शोधमा निम्नानुसार शोध समस्याहरू अघि सार्न सकिन्छ :

(क) अछाम जिल्लामा के कति डेउडा गीतहरू प्रचलनमा छन् ?

(ख) अछामी डेउडा गीतमा के कस्तो समाज र संस्कृतिको चित्रण गरिएको पाइन्छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यमा शोध समस्या कथनका रूपमा आएका शोध विषयहरूको समाधानार्थ निम्न शोध उद्देश्यहरू बनाएर शोधकार्य गरिएको छ :

(क) अछामी डेउडा गीतको सङ्कलन र वर्गीकरण गर्नु

(ख) अछामी डेउडा गीतमा चित्रण गरिएको समाज र संस्कृतिको विश्लेषण गर्नु

## १.४ पूर्वकार्यको समीक्षा

अछामी डेउडा गीतमा समाज र संस्कृति नामक शीर्षक लोक साहित्यका क्षेत्रमा एउटा नवीन कार्य हो । यस अध्ययन कार्यका लागि आवश्यक सन्दर्भ सामग्री र पूर्वकार्यका रूपमा गरिएका पूर्वाध्ययन र अनुसन्धानलाई समेट्नु पनि शोधका लागि महत्त्वपूर्ण र चुनौतिपूर्ण कार्य हो । त्यसो भएकोले यस शोधकार्यसँग सम्बन्धित पूर्व शोधकार्यलाई कालक्रमिक ढङ्गबाट प्रस्तुत गर्न वाञ्छनीय ठहरिएकाले सम्वद्ध अध्ययनीय र अध्ययन गरिएका सामग्रीहरूलाई पूर्वकार्यका रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(क) देवकान्त पन्तले **डोटेली लोक साहित्य** (२०३२) पुस्तक प्रकाशन गरेका छन् । यस कृतिमा डोटेली समाजमा प्रचलित लोक साहित्यका विभिन्न पक्षहरूको अध्ययनमा केन्द्रीत छ । यसमा चारओटा खण्ड र एउटा विषय प्रवेश भनेर जम्मा पाँचवटा खण्डमा विभाजित छ । पहिलोमा विषय प्रवेश छ । यसमा डेउडा गीतलाई **ड्यौडा** भनिने कुरा उल्लेख गर्दै डेउडा गीतका बारेमा आफ्नो धारणा व्यक्त गर्दै डोटेली

साहित्यको चर्चा गरिएको पाइन्छ । पहिलो खण्डमा संस्कार गीत दिई तिनीहरूको सङ्कलन र विश्लेषण गरिएको छ । दोस्रो खण्डमा इतिहास राखिएको छ । यसमा डोटीद्वाराका ऐतिहासिक शिलालेख, ताम्रपत्र, लगायत इतिहास सम्बन्धी विभिन्न सूचनाहरूको कालक्रमिक प्रस्तुतिका साथै विश्लेषण गरिएको छ । तेस्रो खण्डमा प्रार्थना राखिएको छ । यसमा विशेष चैत र धमारीको पूर्ण पाठका साथै त्यहाँका प्रसिद्ध स्थानहरूको पनि चिनारी गरिएको पाइन्छ । चौथो खण्डमा भारत, (**हुड्केली**) राखिएको छ । यसमा त्यस क्षेत्रमा प्रचलित भारतहरूको वर्णन गरिएको छ । उनले विषय प्रवेशमा आफ्नो बाल्यकालको स्मरण गर्दै डोटीका वनपाखामा डेउडा गीतबाट प्रभाबित भएको र तिनको संकलन गर्न थालेको उल्लेख गर्दै ड्यौडाको नामबाट यसलाई चिनिने र यसले मानवीय जीवनका विभिन्न पक्षहरूको पक्षपोषण गर्दै सामान्य परिभाषीकरण गर्ने प्रयास मात्र गरिएको पाईन्छ । यसरी परिभाषीकरणको प्रारूप यस पुस्तकमा भेटिए पनि डेउडाको अध्ययन, अनुसन्धान, संकलन, वर्गीकरण र विश्लेषणमा भने मौन छ ।

(ख) जयराज पन्तले **डोटेली गमरा पर्वमा लोकगीतको संकलन र विश्लेषण** (२०३६) अप्रकाशित शोधपत्र डोटेली गमरा पर्वको अध्ययनमा केन्द्रीत छ । यस शोधपत्रका विभिन्न भागहरूमध्ये दोस्रो परिच्छेदमा डोटी क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन गर्ने क्रममा डेउडा गीतको परिचय परिभाषा र विश्लेषण गरिएको पाइन्छ । तर त्यस शोधमा डेउडा गीतमा समाज र संस्कृतिलाई भने खासै स्थान दिएको पाइँदैन ।

(ग) तेजप्रकाश श्रेष्ठले **अछामी लोक साहित्य** (२०४४) पुस्तक प्रकाशन गरेका छन् । यो कृति अछाम जिल्लामा प्रचलित विभिन्न लोक साहित्यिक अभिव्यक्तिको अध्ययनमा केन्द्रीत छ । यस कृतिमा अछामी लोक साहित्यका विभिन्न विधाहरूको सामान्य परिचय दिइएको छ । यही क्रममा डेउडा गीतको पनि परिचय र केही उदाहरण दिएको पाइन्छ । यसका अलावा डेउडा गीतलाई कुनै पनि आधारहरूमा अध्ययन र विश्लेषण गरिएको पाइँदैन ।

(घ) पूर्ण रावलले **लोग्ने बुढो सुन पुरानो कैले हुँदो छियो** (२०५४) लेख सगरमाथा दैनिकमा प्रकाशित छ । यो लेखमा डेउडा गीतलाई न्याउले खेल भनिएको पाइन्छ ।

यसका साथै उनले पहाडी जंगलमा न्याउला न्याउली भन्दै विचरण गर्ने भाले न्याउली र भालेलाई पछ्याउँदै टक् टक् टक् आवाज निकाल्ने पोथी न्याउली बिचको गहिरो राग अनुरागबाट बिमोहित भई कुनै पुर्खा दम्पतिले आफ्नो गायनलाई न्याउले गीत र नाचलाई न्याउले खेल भनेको हुनुपर्छ भन्ने अनुमान गरिएको पाइन्छ । यसरी यस लेखमा डेउडाको ऐतिहासिक पक्षलाई प्रष्ट्याउने काम गरिएको भए पनि अरू पक्षमा भने मौन छ ।

(ङ) शम्भुप्रसाद कोइरालाले **लोक साहित्य सिद्धान्त र विश्लेषण** (२०५५) पुस्तक प्रकाशन गरेका छन् । यो कृति लोक साहित्यका विभिन्न सिद्धान्त र प्रयोगमा केन्द्रीत छ । लोकगीतको वर्गीकरण र विश्लेषण शीर्षक दिई उनले लोकगीतलाई आठ किसिमले विभाजन गर्दै डेउडा गीतलाई बाह्रमासे गीत अन्तर्गत राखेका छन् । यसै कृति भित्र डेउडा गीतको दोहरी पक्षका केही उदाहरण दिएर डेउडा गीत केवल प्रीतिसँग मात्र सम्बन्धित हुन्छ भनी एउटा पक्षलई मात्र समेटिएको पाईन्छ । यसले गर्दा यस कृतिमा डेउडा गीतका अन्य पक्षहरूको अध्ययनमा भने मौन नै देखिन्छ ।

(च) ठाकुर प्रसाद पराजुलीले **नेपाली साहित्यको परिकमा** (२०५६) पुस्तक प्रकाशन गरेका छन् । यो कृति नेपाली साहित्यको काल विभाजन र ऐतिहासिक पक्षसँग सम्बद्ध भए पनि केही रूपमा लोक साहित्यको पनि अध्ययन र विश्लेषण छ । नेपालको लोक साहित्य र यसको विकास शीर्षकमा विभिन्न जातिको लोक साहित्यको चर्चा गरिएको छ । यसका साथै डोटी र कर्णाली क्षेत्रका लोकगीतको चर्चा गर्दै उनले नेपाल एकीकरण **१८४६** मा जुम्लाका राजा शोभान साही भोटतिर लाग्दा चलेको लोकगीत भनेर डेउडा गीतको एक टुक्रा मात्रै प्रस्तुत गरेको पाइन्छ । भने डेउडा गीतको समग्र पक्षको अध्ययन नभई सामान्य संकेतका रूपमा यस कृतिलाई लिन सकिन्छ ।

(५) जीवेन्द्र देव गिरीले **लोक साहित्यको अवलोकन** (२०५७) पुस्तक प्रकाशन गरेका छन् । यो कृति लोक साहित्यका विविध पक्षहरूको अध्ययनमा केन्द्रीत छ। यसमा उनले कर्णाली अञ्चलमा प्रचलित डेउडा गीतहरूको मात्र विश्लेषण गर्दै डेउडा गीतको सामान्य वर्गीकरण पनि गरेका छन् । त्यसो भएकोले यो अध्ययन कर्णाली अञ्चलमा

मात्र केन्द्रीत भएकोले डेउडाको खास क्षेत्र र त्यहाँको डेउडाको अध्ययन हुन सकेको छैन ।

(ज) राम प्रसाद उपाध्यायले **बभ्काङ्गी डेउडा गीतको अध्ययन** (२०५७) अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि.मा प्रस्तुत गरेका छन् । बभ्काङ्गी डेउडा गीतमा केन्द्रीत रहेको प्रस्तुत शोधमा पाँचवटा अध्याय छन । जसमध्ये यो शोधको चौथो अध्यायमा बभ्काङ्गी डेउडा गीतको वर्गीकरण र विश्लेषण नामक शीर्षकमा डेउडा गीतको परिचय बर्गीकरण र बिशेषताहरूलाई उल्लेख गरेको भए पनि सामाजिक र सांस्कृतिक पक्षमा यो शोध मौन छ ।

(भ) चूडामणि बन्धु **नेपाली लोक साहित्य** (२०६६ दो.प्र.) पुस्तक प्रकाशन गरेका छन् । नेपाली लोक साहित्यको संकलन वर्गीकरण र बिश्लेषणमा केन्द्रीत पुस्तकमा जम्मा सोह्रवटा विषय समेटिएको छ । छैटौं अध्यायमा लोकगीतको बर्गीकरण गर्दै प्रकार्यका आधारमा डेउडा गीतलाई सामान्य गीतमा समेट्नुका साथै सातौं अध्यायमा सामान्य गीतको परिचयका रूपमा डेउडाको परिचय र केही उदाहरण पनि प्रस्तुत गरिएको छ । यसका अलावा डेउडा गीतको आन्तरिक पक्ष र विश्लेषणमा भने यो पुस्तक मौन छ ।

(ञ) राजाराम सुवेदीले **अछामको इतिहास** (२०५८) पुस्तक प्रकाशन गरेका छन् । अछामको ऐतिहासिक, सामाजिक, राजनीतिक, आर्थिक र लोक साहित्यिक अभिव्यक्तिमा केन्द्रीत यो पुस्तक अछामका विविध आयामहरूलाई ऐतिहासिक रूपमा अध्ययन गर्ने काममा केन्द्रीत छ । एघारौं परिच्छेदमा विभाजन भएको यस पुस्तकको पहिलो परिच्छेदमा अछामको इतिहासलाई शोध परिचय खण्डको रूपमा राखिएको छ । दोस्रो परिच्छेदमा अछामको भौगोलिकता, जन जीवन लगायतका शीर्षकहरू रहेका छन् । तेस्रो परिच्छेदमा अछामको प्राचीन चिनारी नामकरण र धार्मिक स्थलहरूको वर्णन छ । चौथो परिच्छेदमा अछामका ऐतिहासिक स्थलको वर्णन छ । पाँचौ परिच्छेदमा अछामको राजनीतिक इतिहास छ । छैटौं परिच्छेदमा अछाम बासीहरूको वंशावली प्रस्तुत छ । सातौं परिच्छेदमा लोक साहित्यिक अभिव्यक्ति छ । आठौं परिच्छेदमा प्रादेशिक विभाजन, प्रशासनिक, अध्ययन, राणाकालीन पदाधिकारीहरूको

लगायत शीर्षकहरूको पनि वर्णन छ । नवौँ परिच्छेदमा आर्थिक अध्ययन, जमीन वर्गीकरण, तिरो तिर्ने विवरण र वाणिज्य मार्ग आदि समेटिएको छ । दशौँ परिच्छेदमा प्रचलित खाद्य, पेय परिकार, लुगा, गहना, तथा शिष्टाचार पद्धतिको वर्णन छ । एघारौँ परिच्छेदमा अछामका ऐतिहासिक पत्रहरू छन् । सातौँ परिच्छेदमा विभिन्न चाडपर्वमा डेउडा रातभरी खेलिन्छन् भन्ने बाहेक यस कृतिमा डेउडा गीतको बारेमा खासै उल्लेख नहुनु बिडम्बनाको कुरा हो ।

(ट) उद्धवदेव भट्टले **बैतडी जिल्लाका लोकगीतको अध्ययन** (२०५९) अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय बिभागमा प्रस्तुत गरेका छन् । जम्मा छ अध्यायमा विभाजित यस शोधपत्रको अध्याय चारमा बैतडी जिल्लाका लोकगीतहरूको संकलन र वर्गीकरणमा डेउडा गीतको संकलन र विश्लेषणमा दोहरीका रूपमा मात्र डेउडा गीतलाई चिनाएका छन् । पाँचौ अध्यायमा पनि डेउडा गीतको सामान्य परिचय संरचना, विषयवस्तु, सामाजिक जीवनको चित्रण, नारी जीवनको चित्रण, सांस्कृतिक जीवनको चित्रण, कवित्त्व र गीतितत्त्व आदि विषयलाई समेटी सामान्य रूपमा व्याख्या विश्लेषण गरिएको छ । यसरी गरिएको यस अध्ययनमा सामाजिक, सांस्कृतिक पक्षको सामान्य चिनारी बाहेक अन्य कुराहरूमा र विस्तृत बिश्लेषणमा भने ध्यान पुऱ्याएको पाइँदैन ।

(ठ) गोविन्द प्रसाद पाण्डेले **डेउडाको विगत देखि वर्तमानसम्म** (२०६०) पुस्तक प्रकाशन गरेका छन् । यो पुस्तक डेउडा गीतको ऐतिहासिक पृष्ठभूमिमा केन्द्रीत छ । डेउडा गीतको इतिहासलाई छर्लङ्ग पारी डेउडाको ऐतिहासिक र कालक्रमिक अध्ययन यसमा गरिएको छ । यसका अलावा डेउडा गीतको सामान्य परिचय वर्गीकरण बाहेक विश्लेषणका पक्षका साथै सामजिक र सांस्कृतिक पक्षतिर मौन रहेको छ ।

(ड) होमनाथ जोशीले **डोटी जिल्लामा प्रचलित डेउडा गीतको अध्ययन** (२०६०) अप्रकाशित शोधपत्र नेपाली केन्द्रीय विभागमा प्रस्तुत गरेका छन् । यो शोधमा डेउडा गीतका विभिन्न पक्षहरूको अध्ययन गर्दै पाँचवटा परिच्छेदमा विभाजन गरिएको छ । पहिलो परिच्छेदमा शोध परिचय, दोस्रोमा डोटी जिल्लाको परिचय, तेस्रोमा डोटेली लोकगीतका परिपेक्ष्यमा डेउडा गीत, चौथोमा डोटेली लोकगीतको वर्गीकरण र

विश्लेषण र पाँचौंमा उपसंहार रहेको छ । यसरी विभिन्न भागमा विभक्त शोधपत्रमा डोटी जिल्लामा मात्र प्रचलित डेउडा गीतको संकलन, वर्गीकरण र विश्लेषणमा मात्र केन्द्रीत रहेको छ । यसका साथै सामाजिक, सांस्कृतिक पक्षमा पनि यसमा सामान्य परिचय बाहेक बाँकी केही पनि उल्लेख गरिएको छैन ।

(ढ) जयराज पन्तले **डेउडा** (२०६४) पुस्तक प्रकाशन गरेका छन् । यो कृति डेउडा गीतको परिचय र संकलनमा मात्र केन्द्रीत छ । जम्मा दुई अध्यायमा विभाजित यस पुस्तकको पहिलो अध्यायमा डेउडाको परिचय प्रतिपाद्य, विषय, लय, संगीत र भाषा रहेका छन् । दोस्रो अध्यायमा स्तुति, भक्ति ,प्रेम, सामाजिक चित्रण, आर्थिक अवस्थाको चित्रण, जीवन दर्शन, अनुभुति र यथार्थ मनोविज्ञान, ध्वनि, बिम्ब, प्रतीक, प्रश्नोत्तर, सुक्ति, उखान र प्रस्तुति सोभा र अस्लीलता , बिदाई र शुभकामना आदि शीर्षकमा डेउडा गीतको सङ्कलन मात्रै गरिएको छ । यसका अलावा पुस्तकको पहिलो अध्यायमा डेउडाको सामान्य परिचय मात्र दिइएको छ । सङ्कलनमा मात्र केन्द्रीत यस पुस्तकमा विश्लेषणको पाटो भने मौन छ ।

(ण) मोहनमान स्वाँरले **अछाममा डेउडा** (२०६८) पुस्तक प्रकाशन गरेका छन् । यो कृति अछाम जिल्लामा प्रचलनमा रहेका डेउडा गीतको अध्ययनमा केन्द्रीत छ । यसमा जम्मा छवटा अध्याय रहेका छन् । पहिलो अध्यायमा अछामको परिचय, दोस्रो अध्यायमा अछामी लोकगीतको परिचय, तेस्रो अध्यायमा डेउडा गीतको वर्गीकरण, चौथौ अध्यायमा डेउडाका विशेषता, पाँचौ अध्यायमा डेउडा गीतको सम्पादन, र छैटौं अध्यायमा उपसंहार रहेको छ । उनले दोस्रो अध्यायमा डेउडा गीतको नामकरण, सम्पादन प्रक्रिया र संरचना दिएका छन् भने तेस्रो अध्यायमा डेउडा गीतलाई विभिन्न किसिमले वर्गीकरण गरेका छन् । यस पुस्तकमा डेउडाको वर्गीकरण विविध कोणबाट गरिएको छ । डेउडाको संरचना र स्वरूप तथा प्रस्तुति विधिमा केन्द्रीत यो पुस्तक डेउडा गीतको समाज र संस्कृतिको विश्लेषणमा भने मौन रहेको देखिन्छ ।

(त) मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरीले **नेपाली साहित्यको रूपरेखा** (२०६८) पुस्तक प्रकाशन गरेका छन् । लोक साहित्यका विविध विधाहरूको सङ्कलन विश्लेषणमा केन्द्रीत यस पुस्तकमा जम्मा चारवटा अध्यायहरू रहेका छन् । अध्याय

एकमा लोक साहित्यको सैद्धान्तिक पक्षलाई प्रष्ट पार्दै लोक साहित्यको अध्ययन परम्परालाई नवीन रूपमा प्रष्ट पार्नु यस अध्यायको विशिष्ट पक्ष हो । यसका उप शीर्षकहरूमा लोकगीत र लोक पद्य राख्दै यसमा विभिन्न प्रचलित लोकगीतको सङ्कलन र सामान्य विश्लेषणका साथै लोक पद्यलाई पनि सोही अनुसार राखिएको छ । लोक काव्य र लोक गाथालाई पनि विभिन्न सैद्धान्तिक पर्याधारका आधारमा विश्लेषण गरिएको छ । यसमा लोक कथाको सङ्कलन र विश्लेषण पनि गरिएको छ । तेस्रो अध्यायको आयाम अलि विस्तृत खालको छ । यसमा लोकोक्तिको उखान, टुक्काहरू समेट्दै तिनको विस्तृत व्याख्या विश्लेषण पाइन्छ । भने चौथो अध्यायमा गाउँखाने कथालाई राखिएको छ । यसको पनि सोही अनुसार सङ्कलन विश्लेषण गरिएको छ । पहिलो अध्यायको लोकगीत र लोक पद्यमा लोकगीतको परिचय र परिभाषा दिदैं विशेषता, तत्त्वहरू र वर्गीकरण गरिएको छ । लोकगीतको परिचय दिने क्रममा डेउडा गीतको पनि सामान्य परिचय संरचना र केही उदाहरण दिइएको छ । यसका अलावा यस कृतिमा डेउडा गीतको सामान्य परिचय बाहेक अन्य बिश्लेषणमा भने मौन छ ।

प्रस्तुत पूर्वकार्यमा डेउडा गीतका बारेमा विभिन्न मत अभिमत भेटिए पनि तिनै मतहरूलाई मुख्य आधारका रूपमा यस शोधमा लिइएको छ । सामाजिक र सांस्कृतिक पक्षलाई कुनै पनि अध्ययन अनुसन्धानले नसमेटेका कारणले यो शोधकार्यको अनिवार्यता ठहरिएको हो । यसै कुरालाई वा विषयलाई नै शोधको मुख्य समस्याका रूपमा लिइएको छ ।

## १.५ अध्ययनको औचित्य

अछाम जिल्लामा प्रचलित डेउडा गीतमा अभिव्यक्त समाज र संस्कृतिको अध्ययन गर्नु आफैँमा औचित्यपूर्ण छ । यसका अलावा यस कार्यमा मुख्य विषय बनाई कसैले पनि अध्ययन अनुसन्धान नगरेकाले अछाम जिल्लामा प्रचलित विद्यमान संस्कृति र विभिन्न अवसरहरूलाई संकलन गर्दै तिनमा अभिव्यक्त शोध्य विषयहरूलाई खुट्याई अघि बढिएकाले यो एउटा नौलो कार्य हो । यसले डेउडा गीतमा अभिरुची राख्ने जो कोहीलाई पनि आधार बन्नुका साथै नेपाली लोक साहित्यमा डेउडा गीतको महत्त्वपूर्ण

अनुसन्धान कृतिका रूपमा स्थापित हुने विश्वास गर्दै तत् विषयमा विशेषज्ञता हाँसिल गर्न चाहने जो कोहीलाई पनि मुख्य आधार बन्न सक्ने हुनाले यस शोधको औचित्त्य अझ बढी रहेको छ ।

## १.६ सीमाङ्कन

प्रस्तुत शोधमा डेउडा गीतको सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन पद्धति अनुसार अछाम जिल्लाका कालिका, बर्दादेवी, तिमिल्सेन, गाँजरा, जनालीकोट, नन्देगडा, विन्देबासिनी र सुतार गाविसमा विभिन्न चाडपर्वका अवसरमा दिन र रातमा खेलिएका वा गाइएका डेउडा गीतलाई नै मुख्य रूपमा समावेश गरिएको छ । डेउडा गीतको अध्ययन तथा विश्लेषणमा विभिन्न विधि तथा पद्धतिको प्रयोग गरिए पनि यस शोधमा ती सङ्कलित डेउडा गीतको सामाजिक र सांस्कृतिक अध्ययन मात्र गर्नु र निश्चित गाविसमा खेलिएका गीतहरूको विषयवस्तुलाई मात्र समेट्नु यस शोधकार्यको सीमा पनि हो ।

## १.७ शोध विधि

प्रस्तुत अध्ययनको मुल अध्ययन विधि क्षेत्रीय अध्ययन पद्धति हो । यसमा मुख्य गरी दुईवटा विधि अपनाई यो शोध कार्य गरिएको छ ।

### (क) सामग्री सङ्कलन विधि

यो शोधपत्र तयार गर्न अछाम जिल्लामा प्रचलित डेउडा गीतहरूको सङ्कलन गर्दा विभिन्न चाँडपर्व मेलापातहरूमा गाइने र खेलिने गीतहरूको नमुना छनौटका आधारमा सर्वेक्षण, अवलोकन, अडियो, भिडियो जस्ता प्राथमिक श्रोतका सामग्रीहरूको उपयोग गरिएको छ भने द्वितीयक श्रोतका रूपमा पुस्तकालयीय  अध्ययन विधिलाई अवलम्वन गरिएको छ ।

### (ख) सामाजिक अध्ययन तथा विश्लेषण पद्धति

प्रस्तुत शोधकार्यका लागि क्षेत्रकार्यबाट नमुना छनौटका आधारमा ल्याइएका सामग्रीहरूलाई डेउडा गीतको सिद्धान्त अनुसार सामाजिक र सांस्कृतिक विषयलाई मुख्य आधार बनाई त्यसैको उपशीर्षकमा प्रेम -प्रणय, सामाजिक, राजनीतिक, धार्मिक,

प्रकृति आदि विभिन्न खण्ड उप खण्डमा विभाजन गरी सामग्रीको विश्लेषण गरिएको छ । यसका साथै लोकगीतको सिद्धान्तलाई पनि केही रूपमा यसै सिद्धान्त अन्तर्गत सामग्रीको विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

**१.८ शोधपत्रको रूपरेखा**

अध्याय एक : शोध परिचय

अध्याय दुई : लोकगीत सिद्धान्त

अध्याय तिन : डेउडा गीतको परिचय

अध्याय चार : डेउडा गीतको विश्लेषण

अध्याय पाँच : सारांश र निष्कर्ष

**परिशिष्ट**

**सन्दर्भ सामग्री सूची**

# अध्याय दुई

# लोकगीतको सिद्धान्त

## २.१ विषय प्रवेश

लोक समाजमा लोकको अनुभूतिलाई सरल र सहज भाषाशैलीमा पुस्तान्तरित साहित्य नै लोक साहित्य हो । लोक व्यवहारका विभिन्न पक्षलाई गाउँ विशेष, ठाउँ र परिवेश विशेष छुट्टाछुट्टै विषय प्रकृतिका आधारमा बुझ्ने गरिन्छ र सोही अनुसार ग्रहण गर्ने गरिन्छ । यसरी फरक प्रकृति अनुसार फरक अभिव्यक्ति हुने भएकोले लोक साहित्य आफैमा मौलिक र अनुकरणीय हुन्छ । लोक व्यवहारका विभिन्न आयामहरू नै लोक साहित्यका अमूल्य निधि हुन । लोक साहित्य नै मानवीय पहिचान र उसको धर्म संस्कृति, चालचलन रीतिरिवाज आदिको सङ्केतक हो । यो सहज र स्वतःस्फूर्त ढङ्गबाट अगाडि बढाएको हुन्छ र यही समष्टी अनुभूतिलाई नै लोक साहित्य भनिन्छ ।

लोक साहित्यका विभिन्न विधामध्ये लोकगीत पनि एक हो । यसमा लोक व्यवहारका भावनाहरू लयात्मक ढङ्गबाट प्रस्तुत गरिन्छ । लोकगीत विभिन्न क्षेत्र र समुदाय अनुसार छुट्टाछुट्टै प्रकृतिका हुन्छन् । लोकगीत लयात्मक शैलीमा प्रस्तुत गरिने भएकोले लोकमा सबैभन्दा बढी अनुकरणीय र गेयात्मक हुन्छ । जीवनका विभिन्न पक्षहरूको सिलसिलेवार प्रस्तुति लोकगीतमा प्रस्तुत गरिएको पाइन्छ । यो तात्क्षणिक र निरन्तर खालको हुन्छ । कुनै लोकगीत खास विषयमा गाइएर त्यतिबेला नै सकिन्छन् भने कुनै लोकगीत सधैंभरी उस्तै र उही शैलीमा प्रस्तुत गरिने गर्दछन् । प्रस्तुत शोधमा लोकगीतको सैद्धान्तिक परिचयलाई पनि आधार बनाएको छ ।

## २.२ लोकगीतको परिचय

लोकगीत लोकको लयात्मक परम्परा हो । यो मानव सभ्यताको सुरूवात देखि नै मुखामुख रूपमा पुस्तान्तरित हुँदै आएको छ । लोकगीत निरन्तर परिवर्तन भइरहे पनि यसको परम्परा मानवीय व्यवहार सुरूवातसँगै भएको पाईन्छ । लोकगीत एउटा व्यक्तिले गाएको सुनेर अर्का व्यक्तिले गाउँदै आएको परिपाटी विद्यमान समाजमा रहि

आएको छ । यसरी गाउँदै गर्दा यसमा समाजको वास्तविक यथार्थलाई प्रस्तुत गरिएको हुन्छ । जुन समुदाय वा व्यक्तिले आफ्ना जीवन भोगाईका भावनाहरूलाई गीतका माध्यमबाट रसिलो पाराले सम्पूर्ण व्यक्तिलाई द्रवीभूत बनाउँदै अभिव्यक्ति गर्दछ । यो विधा व्यक्तिका मुक्त कण्ठबाट विभिन्न चराचुरङ्गीका भाकामा गाईन्छ ।

लोकगीतमा विभिन्न विद्वानहरूले छुट्टाछुट्टै परिभाषा दिने काम गरेका छन् । प्रस्तुत तिनै विद्वानहरूका लोकगीत सम्बन्धी परिभाषा र तर्कहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

(क) 'हाम्रा लोक पहाडका गाँउघरमा सीधा साधा नारीहरूका जीवनमा पनि उनीहरूका हृदयबाट बारम्बार कुनै भावोद्गारहरू गीतका रूपमा विभिन्न लय र गेडाका रूप लिइएर गाउँघरमा गुञ्जायमान हुन्छन (**जोशी, ने.स. १०७५:५) सत्यमोहन जोशी**) ।'

(ख) 'लोकजीवनका हृदयभित्र गडेर रहेका सुखदु:खका झिल्काहरू पनि स्वतः कलात्मक हृदयस्पर्शी प्रकट भएका हुन्छन् । यही दु:ख - सुखको सङ्गीतमय सुस्केरा नै लोकगीत हो (**श्रेष्ठ २०४४:४३. तेजप्रकाश श्रेष्ठ**) ।'

(ग) 'लोकगीतमा लोकजीवनका विभिन्न उद्गारहरूलाई लयात्मक रूपले अभिव्यक्ति गरेर सङ्गीतात्मक रूपले आउने गरिन्छ (**कोइराला २०५५:२६. शम्भुप्रसाद कोइराला**) ।'

(घ) 'लोकगीत नदीको प्रवाहजस्तै हुन्छ जुन मूलतः ग्रामीण संस्कृतिको गर्भबाट निस्कन्छ तर यसले ग्रामीण समाजलाई मात्र प्रभावित नगरी समग्र मानव सभ्यतालाई नै शीतलता दिने काम गर्दछ (**पराजुली २०५७:४३ कृष्णप्रसाद पराजुली**) ।'

(ङ) 'लोकगीत भनेको लोकजीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसले लोक जीवनका दु:ख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकको चाल चलन, विधि व्यवहार, आस्था मान्यताको चित्रण हुन्छ (**बन्धु २०५८:११५, चुडामणि बन्धु**) ।'

(च) 'लोक भावना वा विचारको मौखिक एवं श्रुति परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने लयात्मक र गेय अभिव्यक्ति भाषिक संरचनालाई लोकगीत भनिन्छ (**शर्मा र लुईटेल, २०६३:७४, मोहन राज शर्मा र खकेन्द्र प्रसाद लुईटेल**)।'

(छ) 'लोकगीतमा मान्छेका सुख - दुःख, घात - प्रतिघात, जित - हार, उतार - चढाव र आस्था - विश्वाससँग सम्बन्धित अनुभूति तथा अनुभव सरल एंव लयबद्ध रूपमा प्रकट भएका हुन्छन् (**पराजुली र गिरी २०६८:२४ मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरी**) ।'

(ज) 'लोकगीत भन्नाले मानव हृदयका प्राकृतिक भावना तथा विविध अनुभूतिको स्वतःस्फूर्त अभिव्यक्ति भएको लोक संस्कृति र लोक विश्वासको प्रभाव रहेको आनन्ददायक मौखिक परम्परामा जीवित लयपूर्ण उद्‌गार हो (**स्वार २०६८:१८ मोहनमान स्वार**) ।'

लोकगीत लोक जीवनको वा समग्र जीवनकै सुसेली भएकोले सुख हुँदा होस् वा दुःख हुँदा मेलापात जादा होस् वा चाडपर्व मनाउँदा सम्पूर्ण नेपालीका घर घरमा घन्किरहेको हुन्छ । जनजीवनका आवेग, कुष्ठा र संवेगहरू बाहिर प्रकट गर्न नसकेपछि गीतका माध्यमद्वारा प्रस्फुटित हुने भाव बाहिर प्रकट हुन्छ । लोकगीत एकल, दोहोरी, सामुहिक जुनसुकै रूपमा पनि गाउन सकिन्छ । विभिन्न अवस्थामा स्थानीय जनसमूहद्वारा एक आपसमा हाँसो ठट्टा गर्दै आफ्ना भावनाहरू लोकगीत मार्फत व्यक्त गरिन्छ । बालक देखि वृद्धले सजिलैसँग बुझ्न गुनगुनाउन सक्ने शब्दहरू शहर, गाउँघरमा बोलिने झर्रा शब्दहरू लोकगीतमा समेटिएका हुन्छन् । सर्वसाधारण जनताले भाषाका आफ्नै भाकाद्वारा त्यहाँको समाजको यथार्थलाई गीतद्वारा प्रष्ट पारिएको हुन्छ । नेपाल अधिकांश पहाडी मुलूक भएकोले पहाडका जनताहरू विभिन्न किसिमका चाडपर्व, मेलापात, संस्कार पेशाजस्ता अवसरमा गीतहरू सुसेलीरहेका हुन्छन् ।

## २.३ लोकगीतका विशेषताहरू

लोकगीत लोकसाहित्यको मौलाएको सशक्त र लोकप्रिय विधा हो । जीवनका हाँसो-आँसु, अनुकूल-प्रतिकूल, संयोग-वियोग, बरदान-अभिशापबाट जागृत भएको भावले नै लोकगीतको निर्माण गर्दछ । जीवनको भोगाईबाट निस्कने कल्पना र यथार्थका विविध पक्षहरूलाई लोकगीतले समेटेको हुन्छ । यसै आधारमा लोकगीतका प्रमुख विशेषताहरूलाई निम्नानुसार बुँदामा छुट्याउन सकिन्छ :

### २.३.१ मौखिक परम्परा

लोकगीतका विशेषताहरूमध्ये मौखिक परम्परा प्रमुख विशेषता हो । यो एक पुस्ताबाट अर्को पुस्तामा क्रमशः मौखिक रूपमा सर्दै आइरहेको छ । यो समाजमा मौखिक रूपमा जन्मने, हुर्कने भएकोले यसको कुनै लिखित रूप हुँदैन ।

### २.३.२ स्वच्छन्दता

लोकगीत स्वच्छन्द हुन्छ । लोकगीतलाई आफ्नै भाषामा सलल् बगाएर व्यक्तिले भावात्मक रूपमा सहज ढङ्गबाट व्यक्त गर्न सक्छ । कुनै पनि व्यक्तिले लोकगीतलाई आफ्नै भाषा, लय, जुनसुकै ठाउँ समयमा पनि गाउन सकिने भएकोले स्वच्छन्द भनिएको हो ।

### २.३.३ सामुहिकता

लोकगीत समाजको सम्पत्ति हो । यो सामुहिकतामा रहन्छ र समाजमा नै हुर्कन्छ, यो एक व्यक्तिको निजी सम्पत्ति नभई समाजको साझा सम्पत्तिको रूपमा  रहन्छ ।

### २.३.४ सहजता र सरलता

लोकगीत सहज र सरल रूपमा उपलब्ध हुन्छ । सामान्य भन्दा सामान्य व्यक्तिले पनि लोकगीत गाउन सक्छ । जीवनका घटना आदिलाई अँगालेर जुनसुकै बेला जुनसुकै

ठाउँमा लोकगीत गाउन सकिन्छ । सहज र सरल भएकोले लोकगीतमा सजिवता पाइन्छ ।

### २.३.५ सङ्गीतमयता

लोकगीतमा सङ्गीतमयता हुन्छ । यो गेयात्मक र लयात्मक हुन्छ । यसको सङ्गीतमयतालाई बाध्यबाधनले अझ वृद्धि गर्छ । मादल, खैजडी, मूरली जस्ता बाजाहरू कतिपय लोकगीतमा गाउँदा प्रयोग गरिन्छन् । मागल, फाग्, न्याउले गीत बाध्यबादनको प्रयोग बिना नै गाउने गरिन्छ ।

### २.३.६ अज्ञात रचयिता

रचनाकार अज्ञात हुनु लोकगीतको विशेषता हो । लोकगीतको निर्माता नै लोक हो । लोक जीवनमा एउटाबाट अर्कोमा हस्तान्तरित हुँदै आएका यी गीतहरूको मूल रचयिता को हो भन्ने कुराको यकिन हुन सकेको  छैन । त्यसैले धेरै जसो लोकगीतको रचनाकार नै हुदैन । लोकगीत मौखिक रूपमा सर्दै आएकोले यसको रचनाकार लोक समाज नै हो भन्न सकिन्छ ।

### २.३.७ पुनरावृति तथा प्रश्नोत्तर प्रवृति

लोकगीतमा भएका शब्दहरू तथा वाक्य पनि पटक-पटक दोहोरिन्छन् । दोहोरिने प्रवृत्तिले लोकगीतलाई मिठासपूर्ण र लयबद्ध बनाई दिन्छ । कतिपय लोकगीतमा भावुक युवा युवतीको हृदयमा चलमलाएका माया प्रितिका उद्‌गारहरूका साथै अन्य विभिन्न प्रसङ्गहरू प्रश्न र उत्तरमा पोखिन्छन् । लोकगीतमा थेगो जोड्ने प्रवृत्ति व्यापक मात्रामा रहेको पाइन्छ । यसले गर्दा लोकगीतलाई कर्ण प्रिय बनाउँछ ।

## २.४ लोकगीतका तत्त्वहरू

लोक समाजद्वारा प्रस्तुत गरिदै आएको गेय कलात्मक अभिव्यक्तिमा लोकगीत पर्दछ । यसले लोक समाजलाई मनोरञ्जन दिने तथा ज्ञान र अनुभूतिहरू हस्तान्तरण गर्ने

काम गर्दै आएको हो । लोकमा हुर्कदै आएका लोकगीतहरूले सामाजिक जनजीवनका विभिन्न अनुभूति विचार र चिन्तनलाई कलात्मक रूपले अभिव्यक्त गर्दछन् ।

लोकगीतका आवश्यक तत्त्वहरूलाई विभिन्न विद्वानहरूले निम्नानुसार प्रस्तुत गरेका छन् :

कृष्णप्रसाद पराजुलीका अनुसार लोकगीतका तत्त्वहरू यस प्रकार छन् :

(क) **संरचना** (ख) **गेयता लय**

(ग) **कथन पद्धति** (घ) **भाषा**

(ङ) **भाव**

**(पराजुली २०५७ पृ १२१)**

मोतीलाल पराजुली र जिबेन्द्रदेब गिरी का अनुसार लोकगीतका तत्त्वहरू यस प्रकारका छन् :

(क) **कथ्य, विषयवस्तु** (ख) **भाषा**

(ग) **भाव / सन्देश** (घ) **लय वा भाका**

(ङ) **स्थायी अन्तरा** **च**) **लोकतत्त्व**

(पराजुली र गिरी २०६८ : २९-३१)

चुडामणि बन्धुका अनुसार लोकगीतका तत्त्वहरू निम्नानुसार छन् ।

(क) **कथ्य** (ख) **भाषा**

(ग) **चरन वा पद** (घ) **स्थायी र अन्तरा**

(ङ) **रहनी र कथन** (च) **लय र भाका तथा**

**छ**) **छन्द**

(वन्धु, २०६६ दो.स. पृ. ११५-११७)

यी विभिन्न विद्वानहरूले लोकगीतका तत्त्वहरूबारे गरेको विवेचनाका आधारमा मूलभूत तत्त्वहरूबारे यहाँ सङ्क्षिप्त जानकारी प्रस्तुत गरिन्छ ।

(क) **कथ्य विषय**

लोकगीतमा कुनै न कुनै कथ्य विषय हुन्छ, त्यस व्यक्तिले गर्ने केही न केही भनेको हुन्छ । मानव मनका अनुभूतिजस्ता विषयहरू कथ्य विषय अन्तर्गत पर्दछन् । यसमा श्रृङ्गार, प्रेम, विरह, करूणा, उत्साहजस्ता भावहरू तथा विभिन्न विषयका अनुभवजन्य सन्देशहरू लोक जीवनबाट अगाँलिएका हुन्छन् । गीतमा कुनै न कुनै सन्देश हुन्छ, त्यो सन्देश नै गीतको मूल कथ्य विषय हो ।

**(ख) भाषा**

लोकगीत भाषाका माध्यमबाट व्यक्त हुन्छ । गीतको भाषा सामान्य बोलचालको भाषाभन्दा भिन्न हुन्छ । गीतहरू मौखिक रूपमा एक अर्कोमा सर्दै हस्तान्तरित हुँदै आएका छन् । यी मध्ये कुनै प्राचीन भाषाको प्रयोग देख्न सकिन्छ ।

**ग) चरन र पद**

गीतका चरन वा पाउ हुन्छन् । गीतको एक चरन एक पाउ हो र यो गीतको स्वरुप अनुसार छोटो वा लामो हुन सक्छ । प्रायः एउटा चरनको अर्को चरनसँग तुक मिलाइएको हुन्छ । यी दुई चरनमा पनि पहिलालाई फेद र दोस्रो चरनलाई टुप्पो भनिन्छ । केही गीतहरूमा दुवै चरन प्रासङ्गिक रूपले सम्बद्ध देखिन्छन् भने केही गीतमा ती असम्बद्ध पनि देखिन्छन् ।

**घ) स्थायी र अन्तरा**

स्थायी भनेको त्यो भाग हो जो पटकपटक दोहोऱ्याइन्छ । गीत गाउँदासम्म भट्ट्याउनेहरूले यसैलाई भट्ट्याउँछन् यसैलाई रिटक, दुआ र छोपुवा पनि भनिन्छ । कतै कतै यसलाई टेको पनि भनिन्छ । जस्तैः

- घर त मेरो याँ होइन लम्जुङ......

- ढाका टोपी धोएर निचार ....

- ए दिदी पोइ पऱ्यो काले ....

गीतको क्रमैसँग अघि बढ्दै जाने अंशलाई अन्तरा भनिन्छ । अन्तरा दोहोरिँदैन । एक जनाले भट्ट्याउँछ र स्थायीका निम्ति मात्र अडिन्छ । यस्ता शब्दलाई सङ्गीतशास्त्रका शब्दावलीमा स्तोभ भनिन्छ (**बन्धु २०६६ दो.सं ११६ चुडामणि वन्धु**) ।

**ङ) रहनी, बथन र थेगो**

लोकगीतमा बिचबिचमा आउने शब्दलाई रहनी, बथन वा थेगो पनि भनिन्छ । यस्ता शब्दहरूमध्ये कति सार्थक हुन्छन् भने कतिको शब्दार्थ खुट्ट्याउन गाह्रो पनि पर्न सक्छ । यिनमा केही सम्बोधनका रुपमा देखिन्छन् र केही चाहिँ अनुकरणात्मक र उद्गारबोधक शब्द पनि हुन्छन् । यस्ता बथन र रहनीले गीतको प्रवाह र छन्द निर्माणमा, महत्त्वपूर्ण भूमिका खेल्छन् । उदाहरणका निम्ति ए कान्छी, ए साइँली, हाइगोरी, निर्माया लालीमै, रेलीमाइँ, नानीलै, सालैज्यु, भेना, साली, साहिँला, कान्छा जस्ता शब्द सम्बोधन जस्ता शब्दहरूलाई प्रस्तुत गर्न सकिन्छ । जस्तैः

ए साइँली गाईको बाछी लरीबरी घुम्छ तगारैमा,
साइँली, बाचुन्जेल हाँसखेल गरौं मरे बगरैमा ।

यी थेगाहरूले पनि गीतलाई सान्दर्भिक बनाएका हुन्छन् ।

**(बन्धु २०६६ दो.सं ११६ चुडामणि वन्धु)**

**च) लय वा भाका**

लोकगीतको विकासमा लयको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले लोकगीतमा ध्वनिहरूको मात्रा, कम निर्धारण गर्ने तथा आन्तरिक सङ्गीत निर्धारण गर्ने काम गर्दछ । लोक जीवनमा गाइने खास शैली नै भाका हो ।

**(छ) छन्द**

कुनै न कुनै लोकगीतहरू छन्दमा आवद्ध हुन्छन् र लयको प्रवाह लिइएका हुन्छन् । झ्याउरे, दोहा, सेलो जस्ता लोकगीतका छन्द निश्चित अक्षरका छन्द हुन् । यसरी लोकगीत निर्माण गर्ने विभिन्न तत्त्वहरू भए पनि मुख्य गरी कथ्य विषय ग्राफ चेन्ज, भाषा स्थायी अन्तरा, चरन र थेगो, लय, भाका जस्ता तत्त्वहरू मुख्य रूपमा मिसिएर लोकगीत बनेका हुन्छन् ।

## २.५ लोकगीतको वर्गीकरण

नेपाली समाज विविधताले भरिएको समाज हो । त्यही अनुसार लोक संस्कृति पनि विविध छन् । लोक संस्कृति अनुसार लोकगीतहरू पनि विभिन्न किसिमका छन् । यी विविध किसिमका लोकगीतलाई वर्गीकरण गर्नु आफैँमा चुनौतिपूर्ण कार्य हो । ती विभिन्न किसिमका लोकगीतलाई १/२ वाक्यमा विद्वानहरूले गहिरो अध्ययन अनुसन्धान गरी लोकगीतको वर्गीकरण गरेका छन् । विद्वानहरूका विभिन्न मतहरूलाई यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

भारतीय विद्वान डा.कृष्ण देव उपाध्यायले लोकगीतलाई निम्नानुसार प्रकारले वर्गीकरण गरेका छन् :

**(क) संस्कार सम्बन्धी** **(ख) वस्तु सम्बन्धी**

**(ग) व्रत सम्बन्धी** **घ) जात सम्बन्धी**

**(ङ) क्रियासम्बन्धी** **(च) विविध विषयसम्बन्धी**

**(उपाध्याय, इ.१९५७:२७)**

चुडामणि बन्धुले नेपाली लोक साहित्य भन्ने पुस्तकमा लोकगीतलाई यस प्रकार वर्गीकरण गरेका छन् :

**१. सहभागिताका आधारमा**

(क) एकल गीत (ख) दोहोरी गीत (ग) समूह गीत

**२. लय वा भाकाका आधारमा**

स्थानका आधारमा (कालिपारे, वन्दीपुरे आदि)

**३. प्रकार्यका आधारमा**

(क) सामान्य गीत :- झ्याउरे, देउडा, सङ्गिनी आदि ।

(ख) विशेष गीत

(अ) धार्मिक गीतहरू :- मागल, फाग, धमारी, भोलाउलो आदि ।

(आ) अनुष्ठान मूलक तथा संस्कारगीत :- मागल, फाग, खाँडो, रत्यौली आदि ।

(इ) वस्तु तथा पर्वगीत

वस्तु :- जेठे, असारे, भदौरे, फागु आदि ।

पर्व :- तीज, गौरा, भैलो, भुओ, फागु आदि ।


(ई) श्रमगीत :- गोडेलो, बाली, रोपाइ, दाई आदि ।

(बन्धु २०६४ : १२१-१२४)

कृष्णप्रसाद पराजुलीले नेपाली लोकगीतको आलोक भन्ने पुस्तकमा गरिएको लोकगीतको वर्गीकरण यसप्रकार रहेको छ :

**(क) क्षेत्रका दृष्टिमा**
**(ख) जातीय दृष्टिमा**
**(ग) कार्य अवस्थाका आधारमा**
**(घ) उमेर लिङ्गका आधारमा**
**(ङ) स्वरूपका दृष्टिमा र**
**(च) प्रस्तुतिका आधारमा**

कृष्ण प्रसाद पराजुलीले यसै विषयलाई आधार बनाएर गरेको लोकगीतको वर्गीकरण तालिका यस प्रकार छ :




(पराजुली,२०५१:१६)

मोहनराज शर्मा र खगेन्द्र प्रसाद लुईटेलको लोक वार्ता विज्ञान र लोक साहित्य भन्ने पुस्तकमा गरिएको लोकगीतको वर्गीकरण यसप्रकार रहेको छ :

**१. क्षेत्रीय आधारमा**

**२. जातीय आधारमा**

**३. लिङ्गका आधारमा**

**४. उमेरका आधारमा**

**५.सहभागीताका आधारमा : एकल, दोहोरी, सामुहिक आदि**

**६. बनोटका आधारमा**

(क) भावप्रधान - मागल, फाग, सगुन आदि

(ख) घटना प्रधान

**७. प्रस्तुतिका आधारमा**

(क) कण्ठ्य गीत : मागल, सगुन, होरी, भैलो आदि ।

(ख) बाध्य गीत : बालुन, हुड्केली आदि ।

(ग) नृत्य गीत : रत्यौली, तिजे, देउडा, फाग आदि ।

**८. विषयका आधारमा**

(क) धार्मिक

(ख) साँस्कारिक

(अ) संस्कारगीत : मागल, फाग, रत्यौली, सगुन आदि ।

(आ) भैली, देउसी, फागु, होली, भुओ आदि ।

(ग) श्रमगीत : जेठे, असारे आदि ।

**९. आकारका आधारमा**

लघु र लघुतम

**१०. समयका आधारमा**

(क) सामयिक

(अ) वस्तुगीत : असारे, जेठे आदि ।

(आ) पर्वगीत : भुओ, भैलो, फागु आदि ।

(इ) श्रमगीत : असारे, रोपाइँ आदि ।

(ई) संस्कार गीत : मागल, सगुन, फाग आदि ।

(ख) सदाकालिक : झ्याउरे, सङ्गिनी, भजन, चुड्का आदि ।

**(शर्मा र लुईटेल,२०६३ : ८१-८६)**

सत्यमोहन जोशीले नेपाली लोकगीतको एक अध्ययन भन्ने पुस्तकमा गरिएको लोकगीतको वर्गीकरण यस प्रकार छ :

**१. भजनका रूपमा गाउने गीत : चुड्का आदि ।**

**२. नृत्यसँग गाँसिएका गीत : घाँटु आदि ।**

**३. प्रेममय जीवनीसँग टाँसिएको लोकगीत : जुहारी आदि ।**

**४. चाडवाडसँग गासिएको : तीज, होरी आदि ।**

**५. युद्ध क्षेत्रमा सञ्चार गर्ने लोकगीत : झ्याउरे आदि ।**

**६. कथा गाँसिएको : घाँटु, चुड्का आदि ।**

**७. सामयिक महत्त्वपूर्णः दाँइगीत आदि ।**

**८. उत्सवमा झिक्ने लोकगीत : घाँटु, रत्यौली आदि ।**

**(जोशी २०१४: १४५ )**

दयाराम श्रेष्ठले प्रारम्भिक कालको नेपाली साहित्यको इतिहास भन्ने पुस्तकमा लोकगीतलाई चार किसिममा वर्गीकरण गरेका छन् :

**१) संस्कार सम्बन्धी लोकगीत**

**२) ऋतु कालीन लोकगीत**

**३) क्रियासम्बन्धी लोकगीत**

**४) विविध लोकगीत**

**(श्रेष्ठ, २०४१:९४)**

मोतीलाल पराजुली र जीवेन्द्र देव गिरीले नेपाली लोक साहित्यको रूपरेखा भन्ने पुस्तकमा लोकगीतलाई निम्नानुसार वर्गीकरण गरेका छन् :

**(१) विषयका आधारमा**

क) श्रम गीत  ख) प्रेम गीत

ग) शोक गीत  घ) संस्कार गीत

ङ) भक्ति गीत

**(२) सहभागीका आधारमा**

क) एकल गीत  ख) दोहोरी गीत

ग) समूह गीत

**(३) प्रकार्यका आधारमा**


क) सामान्य गीत : वाह्रमासा, बाह्रमासे, झ्याउरे डेउडा, रसिया, सेलो, रोइला, टुङ्ना, चुडका आदि ।

ख) विशेष गीत, मागल, फाग, धमारी, भजन, रत्यौली, कराँत, गोडेली, दाँइगीत, रोपाँइ गीत, तिजका गीत, सैरेलो, देउसी, भैलो, होरी, चण्डी नाच आदि

ग) सङ्गीत साहचार्यका आधारमा

१. गेय गीत  २. बाध्य गीत ३. नृत्य गीत

मोहनमान स्वारले अछामी देउडा भन्ने पुस्तकमा अछामी लोकगीतलाई यसरी वर्गीकरण गरेका छन् :




(स्वार, २०६८ : २०)

उल्लेखित लोकगीतको वर्गीकरणलाई हेर्दा विभिन्न किसिमले लोकगीतको वर्गीकरण गर्न सकिने कुरा स्पष्ट हुन्छ । विद्वानहरूका मतका आधारमा लोकगीतलाई निम्नानुसार वर्गीकृत गर्न सकिन्छ :

**१. बाह्रमासे लोकगीत :- झ्याउरे आदि ।**

**२. ऋतु कालीन लोकगीत :- असारे, जेठे आदि ।**

**३. पर्व गीत लोकगीत :- तीज, भैलो, फागु आदि ।**

**४. संस्कार गीत लोकगीत :- मागल, फागु आदि ।**

**५. श्रम/कर्म गीत लोकगीत :- रोपाँइ, दाँइ गीत आदि ।**

**६. धार्मिक लोकगीत :- भजन, चुड्का आदि ।**

**७. विविध**

**क) बाह्रमासे लोकगीत :-** बाह्रै महिनाको वर्णन गरिएका वर्णात्मक गीतलाई बाह्रमासे गीत भनिन्छ । यस्ता गीतलाई सदाबहार गीत पनि भनिन्छ । यस्ता गीत गाउनलाई पर्व,संस्कारको आवश्यक पर्दैन । यस्ता गीतहरूमा झ्याउरे, रोइला, कौरा, सेलो, डेउडा जस्ता आदि लोकगीतहरू पर्दछन् । यस अन्तर्गत डेउडागीत पनि पर्दछ । जस्तो :

बाज् हौकी परेवा हौ की मैना हौ की मोर ।
सुन्या त वेहोसै हुन्छु साइका लेव्या सोह्र ॥

माथिका डेउडा गीतहरू गाउन कुनै पर्व विशेष कुर्नु पर्दैन बाह्रै महिना गाईन्छन् ।

**ख) ऋतु कालीन लोकगीत :-** विभिन्न ऋतुहरूको वर्णन गरेर गाइने गीतहरूलाई ऋतुकालीन लोकगीत भनिन्छ । यस्ता गीतहरू प्रायः गरी ऋतुमा आउने परिवर्तनलाई वर्णन गरेर गाइएका हुन्छन् । यस्ता गीतहरूमा दाँई, असारे, जुहारी, दोहोरी, डेउडा आदि पर्दछन् ।

ग) पर्व गीत लोकगीत :- नेपालीका विभिन्न पर्व छन् । जाति र संस्कृति अनुसार आ आफ्ना पर्व र मान्ने चलन पनि फरक छन् । ती चाड पर्वका अवसरमा गाइने गीतहरू नै पर्व गीतहरू हुन् । यी पर्व गीतहरूमा गौरा, तीज, मालसिरी, सराए, देउसी, भैलो, डेउडा आदि पर्दछन् । तीज सम्बन्धी पर्वगीतहरू :

तीजको बेलामा छोरी घर पठायौ
अँधेरी खोलाले लग्यो बरिलै !

बाबा त भन्दा हुन् छोरी घर पठायौं
ससुरा बाबा भन्दा हुन् "बहु आएन"
उरलँदी नदिया ढलकँदी डुँगिया
मरन लेख्यो मलाई आधै बीचमा ... **(बन्धु २०६६:१६४ चुडामणि बन्धु)**

यस्ता लोकगीतहरू गाउँनलाई विभिन्न पर्वहरू कुर्नु पर्छ । यसरी तिजका गीत गाउँनलाई तीज पर्व आउँनुपर्छ ।

**घ) संस्कार गीत लोकगीत :-** मानिसको जन्मदेखि मृत्युसम्मका विभिन्न संस्कारहरू हुन्छन् । ती संस्कारहरू विभिन्न समुदायमा बेग्ला बेग्लै किसिमले सम्पन्न हुन्छन् । ती संस्कार विशेषमा गाइने गीतहरूलाई संस्कार सम्बन्धी लोकगीत भनिन्छ । जस्तो : जन्मेको दश दिनमा न्वारान, विवाहमा व्रतबन्ध, मागल, सगुन, देवी देवताको स्तुति गर्दा फाग जस्ता लोकगीतहरू पर्दछन् । संस्कार सम्बन्धी लोकगीतहरू :

सगुन लिय सगुना रे
सगुना दिउँ रे
निका बोल सगुन बोल्या
दई माछा गुड घिय
सगुनु दिउ र निका बोल रे ।

**(बन्धु, २०६६:१५७)**

माथिको लोकगीत छैंटीका अवसरमा गाइने सगुनको उदाहरण हो । यस्ता गीतहरू विभिन्न संस्कारमा गाइन्छ ।

**ङ) श्रम/कर्म गीत लोकगीत :-** साना नानीहरूलाई खेलाउँदा र सुताउँदा, मकै गोड्दा, धान रोप्दा, दाँइ गर्दा अरू यसै शारीरिक श्रम गर्दा गाइने गीत श्रम गीत हुन् जस्तो : लल्लिरी, निदरी, गोडेलो, असारे रोपाँई, दाँइ गीत आदि लोकगीतहरू पर्दछन् । असारे पनि श्रमगीतको महत्त्वपूर्ण उदाहरण हो । यस्ता गीतहरूमा असार महिनाको वर्णन गरिन्छ । यस्ता गीतहरूले मुख्य गरि कृषि पेशामा आधारित कृषकको मनलाई हलुङ्गो पार्दछन् । जस्तै :

असार मासको दबदबे हिलो छि मलाई घिन लाग्यो
पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो
बैलौती काँचो ख्याल होइन साँचो छ  बीस रिन लाग्यो ।

(**बन्धु, २०६६ : १७७**)

माथिका लोकगीतहरूले असारको महिना हिलाम्मे अवस्थामा  रहने हुनाले  हिड्न गाह्रो भएको, नराम्रो लागेको र गरिबीका कारण नानीलाई एक जोर फरिया किन्दा पनि ऋण झिक्नु परेको  भाव पाइन्छ ।

**च**) **धार्मिक लोकगीत :-** नेपाली समाजमा शास्त्रीय तथा लौकिक देवी देवताहरूको नित्य दैनिक पुजाका अवसरमा विशेष पर्वहरू र जीवन संस्कारका अवसरमा समेत धार्मिक गीत गाईन्छन् । यस्ता गीतहरूमा धमारी, आरती, भजन, चुड्का, चुड्किलो पडेली, डेउडा आदि । यस्ता लोकगीतमा धमारीलाई पनि लिन सकन्छ । धमारी  डोटी जिल्लामा प्रख्यात छ । जस्तै :

ए !  चितवत ऐसी बात महाप्रभु चितउत...
ए ! क्याउइका  भेष  उबज्या गणेश
ए !  क्याउइका लागलो भोग महाप्रभु..... चितउत....
ए !  सरपैका भेष उबज्या गणेश
ए ! दूध चामल घियो भोग  महाप्रभु - चितवत  ......

(**बन्धु, २०६६ : १५०**) ।

यसरी  गणेशको भोग, पूजा, बाजा, छाता, जात्रा, आदिको वर्णन यसमा गरिएको छ । यसमा सर्पका रूपमा गणेशजीको उत्पत्ति भएको हो । उनी पश्य गर्खाको शीख लिन्छन्, मालीले भोकर बजाउँछ, भाटले छाता ओढाउँछ, पन्त - पनेरूले मिलेर  जात्रा गर्छन्, सुन चादींको झारीले गणेशको दूध धारा लगाइन्छ, सुनको आभूषण पहिर्‍याइन्छ । जान्ने भाट चन्दनले कविता बनाको हो भन्ने कुरा अन्तमा यसरी गरिएको छ ।

**६) विविध :-** यी बाहेकका अन्य विविध खालका लोकगीतहरू पनि छन् ।

**पुतला** : पुतला नारीहरूको वेदनालाई पुकारेर गाईने एक पर्व गीत हो । सुदूर पश्चिममा चैतको अन्तिमतिर र प्रारम्भ गरेर नव वर्षमा टुङ्ग्याइन्छ ।

**होरी** : होरी पुरुषहरूको एक महत्त्वपूर्ण गीत हो । यस गीतमा पुरुषहरूले फाल्गुण महिनामा भगवान्को स्तुति गरेर गाइन्छ ।

**शोक गीत** : कुनै पनि आफन्त मर्दा दुःख प्रकट गरेर शोक गीत गाइन्छन् । यस्ता गीतहरू प्रायः मान्छेको मृत्यु हुँदा उसलाई समवेदना प्रकट गर्न गाइन्छन् ।

यसरी विभिन्न विद्वानहरूले लोक गीतको वर्गीकरण गरी अध्ययन अध्यापन र पठन गरिए पनि लोक साहित्यको लोकगीत विधाको वर्गीकरणको वैज्ञानिकतालाई आत्मसाथ गरी गरिएको आधिकाधिक र प्रमाणिक वर्गीकरण **मोतिलाल पराजुली र जितेन्द्र देव गिरी**ले गर्नु भएकोलाई नै मान्न सकिन्छ । उनीहरूको वर्गीकरणमा नेपाली लोकगीतले प्राचीन समयदेखि नै मान्दै आएको एउटा परम्परा र त्यसभित्र रहेका भेद उप भेदहरूलाई स्पष्ट रेखाङ्कन गरिएको छ । त्यसो भएकाले यस अध्ययनमा पनि यसै आधारलाई मुख्य रूपमा हेरिएको छ भने अन्य वर्गीकरणको पनि औचित्यलाई नकारिएको छैन ।

## २.६ निष्कर्ष

प्रस्तुत अध्यायमा लोकगीतको सैद्धान्तिक आधारलाई राखिएको छ । जसमा लोकको साङ्गीतिक अभिव्यक्तिलाई लोकगीतका रूपमा चिनाएको छ । यसका साथै विभिन्न सिद्धान्तहरूमा दिइएका लोकगीतका परिभाषाहरूलाई समेट्दै लोकगीत लोक जीवनको वा समग्र जीवनकै सुरिलो, सुसेली भएकोले सुखमा होस् या दुःखमा, मेलापात जाँदा होस् या चाँडपर्व सदाबहार घन्की रहने अभिव्यक्तिका रूपमा लोकगीत लोक समाजमा रिजेभिजेको लोक व्यवहारका रूपमा निष्कर्ष दिने प्रयास गरिएको छ । विद्वानहरू कै विभिन्न अभिव्यक्ति र विश्लेषणलाई आधार मानी लोकगीतका विशेषताहरूको निर्धारण पनि गरिएको छ । लोकगीत हुन आवश्यक पर्ने तत्त्वहरूलाई पनि विभिन्न शीर्षकमा विभाजन गरी परिचय दिईएको छ । विभिन्न अध्ययन तथा अनुसन्धानका कममा लोक विज्ञहरूले गरेको वर्गीकरणलाई आधार मान्दै लोकगीतको वर्गीकरणलाई पनि यसैमा समेटिएको छ । यो अध्याय लोकगीतको विश्लेषणको सैद्धान्तिक आधार भएको छ ।

# तेस्रो अध्याय

# डेउडा गीतको परिचय

## ३.१ विषय प्रवेश

डेउडा गीत सुदूर पश्चिम तथा मध्य पश्चिममा पहाडी तथा तराईका जिल्लाहरूमा प्रचलित विशेष महत्त्व बोकेको गीत हो । यसले विशेष गरी यस क्षेत्रमा बसोबास गर्ने नागरिकहरूको मनोभावनालाई मधुर बोली र भाषाका माध्यमबाट अन्तर मनका वेदनाहरूलाई खुलाउने काम गरेको छ । शुभ होस् वा अशुभ कार्यमा डेउडा गीत ती सिमान्तकृत मानिसहरूको भावनालाई सरल भाषामा आफ्ना मनोभावना व्यक्त गर्ने माध्यम बनेको छ । धर्म संस्कृति, रीतिरिवाज, चाल चलन र भेष भुषाका विविध पक्षलाई समेत यस गीतले साङ्गोपाङ्गो गर्ने काम गरेको छ । डेउडा गीतमा शास्त्रीय बन्धन हुन्छ् भन्ने विविध खालका विज्ञहरूको अनुसन्धेय विषय बनेको यस गीतले गाउँ, ठाउँ र पर्व विशेषमा विभिन्न शैली र आधारहरू छोडेको पाइन्छ किनभने डेउडा गीतको लय र संरचनामा विभिन्न खालका संरचनाहरू देखा पर्दछ । ती संरचनाका आधार र विज्ञहरूको विश्लेषणका आधारमा डेउडा गीतको अध्ययनका दृष्टिले यी विविध संरचनाहरू नै मुख्य आधारका रूपमा प्राथमिक स्रोत हुन भन्ने ठोकुवा गर्न सकिन्छ । यिनै आधारमा प्रस्तुत शोध पत्रको विषयवस्तुलाई अगाडि बढाउने मुख्य समस्या मैले ठानेको छु । जसमा विभिन्न डेउडा पारखी र विज्ञहरूले अघि सारेका सारहरूलाई आधार मानिएको छ ।

## ३.२ डेउडा गीतको परिभाषा

डेउडा गीतलाई परिभाषित गर्ने क्रममा विभिन्न विज्ञहरूले छुट्टाछुट्टै मत अघि सारेको पाइन्छ । तिनै विज्ञहरूले दिइएका डेउडा गीत सम्बन्धी परिभाषाहरू यस प्रकार छन् :

“जन कण्ठमा प्रतिध्वनित यी (डेउडा) लोक बेद नै त हुन् । तर दुःख त के छ भने यी सबैलाई साङ्गोपाङ्ग कठस्थ हुदैनन् । साथै खुशीको कुरा के छ भने एक जना पनि

कण्ठाग्र गाउने अगुवा पाएमा सम्पूर्ण जनमानसले उसकै लयमा लय मिलाएर यिनीहरूलाई गाइदिन्छ (**पन्त, २०३२:२ देवकान्त पन्त**) ।”

“पहाडी जंगलमा न्याउला न्याउली भन्दै विचरण गर्ने भाले न्याउली र भालेलाई पछ्याउदै टक् टक् टक् आवाज निकाल्ने पोथी न्याउली बिचको गहिरो राग अनुरागबाट विमोहित भई कुनै पुर्खा दम्पतिले आफ्नो गायनलाई न्याउले गीत र नाचलाई न्याउले खेल भनेको हुनुपर्छ (**रावल, २०५४/०४/३० पूर्ण रावल सगरमाथा लोग्ने वुणो सुन पुरानो कहिले हुँदो छियो**) ।”

“साङ्लो अड्याए झैं एकले अर्काको पाखुराभित्र हात घुसाई खुट्टाको ताल मिलाएर गायकहरू यो गाउँदा गोलाकार घेरामा अगाडि बढ्छन् । यसको गायनमा ड्यौडे चालमा एक पाईला अगाडि बढाई आधा पाईला पछाडि सारिने हुनाले यसलाई देउडा भनिएको हो (**पन्त, २०६४:२ जयराज पन्त**) ।”

“देउडाको स्थानीय प्रचलनमा केही अन्तर भएता पनि न्याउली चरीको ढङ्गमा युवा युवतीहरूले सवाल जवाफ गर्ने जवाफ दिइएपछि जोडी मिसिने सबै जोडी मिलेपछि सामुहिक रूपमा गीत गाउँदै देउडा नृत्य गर्ने एक थरीको शैलीलाई न्याउले खेल भनिएको हो (**बन्धु, २०६६:१३५, चुडामणी बन्धु**) ।”

“यसमा दु:ख-सुख प्रेम, सामाजिक विषमता र शोषण बेरोजगारी, राजनीतिक चिन्तन, नारी समस्या, स्थानीय प्रकृति, राष्ट्रियता आदि विभिन्न विषय समाहित रहेका हुन्छन् । विभिन्न उमेर समूहका बालकदेखि वृद्धसम्मका महिला पुरूषले यसमा भाग लिन्छन् । गोला घेरा बनाएर दुई समूहमा विभक्त भई गायन र नर्तनको काम सम्पादन गरिन्छ (**पराजुली र गिरी, २०६८:९३, मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी**) ।”

“देउडा गीत अलिखित प्राकृत एंव स्वत:स्फूर्त गीतको छहरा हो । यस गीतमा मनका भावनासँग गीतको गहिराई गाँसिएको हुन्छ र यसले प्रकृतिसँग सामिप्य र जीवनसँगको गाढा सम्बन्धलाई घनीभूत पार्ने काम गर्दछ (**स्वार, २०६८:३१ मोहनमान स्वार**) ।”

माथि प्रस्तुत गरिएका परिभाषाहरूले डेउडा गीतका बारेमा गरिएको परिभाषाका आधारमा डेउडा गीत एउटा मानवीय भावा वेगको महत्त्वपूर्ण माध्यम हो जसले मानवीय चरित्रका विभिन्न पाटाहरूलाई स्वतःस्फूर्त ढङ्गबाट उजागार गर्ने काम गर्दछ। डेउडा गीत आफै एउटा सशक्त माध्यम हो । जसले निश्चित भूगोलमा बसोबास गर्ने मानिसहरूका मानसिक तथा जीवनका विविध पक्षलाई समेट्ने काम गर्दछ।

### ३.३ डेउडा गीतका विशेषता

सुदूर पश्चिम तथा मध्य पश्चिमका पहाडी जिल्लाहरूमा प्रचलित डेउडा गीत त्यहाँको सामाजिक, आर्थिक, धार्मिक, राजनीतिक, भाषिक तथा व्यवहारिक पक्षलाई मुख्य रूपमा आफ्नो विषयवस्तु बनाएको हुन्छ । तिनै विविध भाषाभाषी तथा विभिन्न संस्कृतिहरूका बिचमा अन्तर्घुलन भई एकताको आभास गराउनु नै डेउडा गीतको मुख्य विशेषता ठहरिन्छ । यसरी अनेकतामा एकता थप्नु डेउडा गीतको अर्को महत्त्वपूर्ण पाटो हो । यिनै रीतिथिति र लोक व्यवहारका आधारमा डेउडा गीतका खास विशेषताहरू खुट्याउन सकिन्छ।

#### ३.३.१ दुई हरफे संरचना

यस क्षेत्रका डेउडा गीत दुई हरफ मिलेर बनेका छन् । डेउडा गीतका दुई हरफहरू सापेक्ष र निरपेक्ष दुवै हुन सक्छन् । सापेक्ष डेउडा गीतमा दुई हरफहरू गायकले भन्न खोजेको भावसँग सम्बन्धित हुन्छन् भने निरपेक्ष डेउडा गीतको पहिलो लय र संरचना मिलाउन राखिएको हुन्छ । जस्तै :

हातको इराउदी भन्दो पानीका कुवाउँदो ।
साइसित लागिया माया धुरुक्कै रुवाउँदो ॥

गौरी गाई किलाउदो बाइग उबो तान्दा तान्दै ।
साईको मेरो छुट भइगयो माया मान्दा मान्दै ॥

**स्रोत : समिक्षा कुमारी रावल**
**(बिन्देबासीनी -४ अछाम)**

प्रस्तुत गीतको पहिलो हरफ गायकका भावसँग निरपेक्ष छ । भने दोस्रो हरफमा गायकको मुख्य आशय प्रकट भएको छ ।

### ३.३.२ बाध्यबादनको आवश्यकता नपर्नु

डेउडा गीत आफैमा सङ्गीतमय हुने हुनाले अन्य लोकगीतहरूमा झैं यसमा बाध्यबादनको आवश्यकता पर्दैन । सङ्गीतबिना नै डेउडा गीतका गायकहरूले आफ्ना मनका भावनाहरू पोख्छन् । कतिपय एकल वा दोहोरी डेउडा गीतमा सङ्गीत पनि प्रयोग गरिएको हुन्छ तर डेउडा गीत त्यसै पनि स्वतःस्फूर्त रूपमा गाइने भएकोले सङ्गीतको आवश्यकता पर्दैन ।

### ३.३.३ प्रश्नोत्तर मूलकता

डेउडा गीतहरू दुई समूह बिच विभाजित भएर खेलिन्छन् । एउटा समुहका गीताङ्गीले गीत भन्छ र त्यसैमा स्वर मिलाएर अरूले गाउँछन् त्यस्तै अर्को समूहका गीताङ्गीले पनि विपक्षी समुहलाई मुटु छुने किसिमका प्रश्न गर्छन् र विपक्षी समूहले त्यसको उत्तर फर्काउनु पर्छ । त्यस्तै एक अर्को समूह बिच प्रश्नोत्तर शैलीमा गीत गाउदै खेललाई गरमा गरम गर्छन यो क्रम रातभरी नै चलिरहन्छ । जस्तै :

पहिलो पक्ष
प्रश्न : बाह्र भैसी बथानको कति हुन्ना गव ?
क्याका हुन्ना चुलाकाना क्याको होला तव ?

दोस्रो पक्ष
उत्तर : बाह्र भैसी बथानको एकै होला गव ?
डाँडाकाडा चुलाकाना सरक होला तव

**स्रोत : नन्दा साउद**
**(वर्दादेवी -१, अछाम)**

प्रस्तुत माथिका पहिलो दुई हरफमा बाह्र भैसीको हिड्ने बाटाहरू कति हुन्छन् र प्रकृतिमा खाना पकाउने चुला र तावाँ के को हुन्छ भनेर प्रश्न गरेको छ । त्यसको उत्तर विपक्षी समुहले बाह्र भैसी भए पनि हिड्ने बाटो एउटै हुन्छ र प्रकृतिका

डाडाँकाडा चुला हुन्छन् भने तावा सरक हुन्छ भनेर जवाफ फर्काएको छ । त्यसैल यो प्रश्नोत्तरमूलक डेउडा गीतको अर्को विशेषता हो ।

### ३.३.४ दोहोरी खेलका रूपमा रहनु

अछाममा विभिन्न चाडपर्व मेला जात्रा जस्ता अवसरमा विभिन्न लोक गायकहरू जम्मा भई दुई समूहमा विभाजित भएर दोहोरीका रूपमा डेउडा गीत गाउँदै नाच्छन् । दुवै समूहमा एक जना गिताङ्गीले गीत भनेपछि त्यसमा उक्त समुहका सबैले स्वर मिलाएर गाउँछन् । त्यस्तो गीतको जवाफ अर्को समूहका गीताङ्गीले पनि फर्काउँछ । यसरी गीत पालैपालो गाउने क्रम घण्टौसम्म र कतिपय सन्दर्भमा रात दिन पनि चलिरहन्छ । जस्तै :

पहिलो पक्ष

ब्यान्दिल उराईठो लाग्दो वन भैसी घाणो ।
जीन्दगी चलाउनु होइजाउ दिल बस्याको भाणो ॥

दोस्रो पक्ष

सपना आयाको होइन रूमाल पुच्छ्याको ।
कठै कैका पुग्दो होकी मनले सुच्याको ॥

**स्रोत : राम व. साउद**
**(वर्दादेवी -१, अछाम)**

### ३.३.५ बाह्रमासाको रूपमा चित्रण रहनु

डेउडा गीत बाह्रै महिना खेलिने गाउने गरिन्छ । यसका अतिरिक्त यसमा बाह्रै महिनाको वर्णन गरिने भएकोले बाह्रमासा भनिएको हो । मौसम अनुसार हावापानी बदलिरहन्छ, त्यही अनुसार त्यहाँ पनि विभिन्न काम सम्पन्न गरिन्छ, त्यही महिना हुने कृषकको काम र ऋतु अनुसार हुने परिवर्तनलाई आधार बनाएर डेउडा गीतहरू गाइन्छन् । जस्तै :

पुस पुसै सित्ती, माघ माघै सित्ती ।
फागुन लाल चौडो लाग्दो
चैत काफल पाक्ता ॥
बैशाख गउँकी लवाई
जेठ पड्क्या रूणो
असार हाल्याका बिउँकी
साउन रिमिझिमी ।
भदओ मैतोला जान्या
सुवा हौ की तिमी ॥
असोजकी तेलमपुर
कात्तिक लवाइ छ ।
आइजानु मंसिरको मैना
या दाजी भिटाई छ ॥

**स्रोत : नृप साउद**
**(वर्दादेवी -९, अछाम)**

### ३.३.६ मौलिकता र सरलता

डेउडा गीत अनुकरण नभई निश्चित परिवेश, सन्दर्भ, अनुभूतिमा लोक गायकहरूले तत्काल सिर्जना गरेका रचना हुन् । डेउडा गीत अपठित सबै साधारण जनताका सरल रचना भएकोले मौलिकता र सरलता पाइन्छ । यस्ता गीतहरू जसले जुन बेला पनि गाउन सक्छन् । जस्तै :

पानसाली देहरादुनको बिणी बरेलीका ।
कोल बस्न रहणै छ बाज मोरेलीका ॥
कुखुणा खोणैमा रया हाल्याको नाइ चारो ।
एक्लो जीवन बिताउन त हुदो रैछ गारो ॥

### ३.३.७ यथार्थ र समाजिकता

यस क्षेत्रका डेउडा गीतमा लोक जीवन कै आँसु हाँसो चित्रण भएको भेटिन्छ । स्थानीय रीतिथिति संस्कार, संस्कृतिका कुराहरू समेटिएका हुन्छन् । यहाँका डेउडा गीतमा किसान, भरिया, खेताला, गोठाला बम्बै वालाका भावनाहरू झल्किनुले यथार्थता र सामाजिकता रहेको भेटिन्छ । जस्तै :

धन पैसा हातको मैलो काम नगर्नु चर्को ।
साई आप्नु ख्याल गर्नु होला या नमान्नु झर्को ॥

आज भोली बिरानो भैगै मेरा फूलका भाडी ।
आमाकन गुन्याचोला बैनीकन साडी ॥

कसैकी सुनका बाला कसैकी पोत्या नाई ।
कसैकी बास्मती चामल कसैकी कोद्या नाई ॥

**स्रोत : नरेन्द्र भण्डारी**
**(सुतार -४, अछाम)**

माथिको पहिलो गीतमा श्रीमतीले प्रदेशी श्रीमानलाई आफ्नो परानीको ख्याल गर्नु घरको चिन्ता नमान्नु दोस्रो गीतमा प्रदेशमा बस्ने दाजुभाइले फर्कदा घरका आफन्तलाई कपडा ल्याउने कुरा र तेस्रो अर्थात अन्तिम गीतमा समाजमा धनी र गरिब बिचमा विभेद अन्याय अत्याचार छ कसैले एक माना र एकसरो लाउन पाएका छैनन् भने कसैले जीवन बिलासी बिताई रहेका छन् भन्ने समाजको यथार्थ सन्देश हो ।

### ३.३.८ मौखिक परम्परा

डेउडा गीत अपठित समाजमा जन्मेर हुर्कने भएकोले यो लिखित हुँदैन । यो एक पुस्ताबाट अर्को पुस्तामा, एक स्थानबाट अर्को स्थानमा, एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दै जान्छ । सयौं वर्ष अगाडिको गीत पनि आजका पुस्ताले गाउन सक्छन् । त्यसैले यो मौखिक रूपमा सर्दै जानु अर्को विशेषता हो ।

### ३.३.९ सहज उपलब्धता

डेउडा गीत जुनसुकै बेला पनि गाउन नाच्न सकिने भएकोले यसका लागि पूर्व निर्धारित स्थान, पात्र, विषयवस्तुको आवश्यकता पर्दैन । त्यसैले सहज उपलब्धता अछाम जिल्लाका डेउडा गीतको विशेषता हो । जस्तै :

भोट्याले कस्तुरी मार्‍यो ओख्तो चाइएलाकी ।
ए घट्टाली तेरा घट्ट पालो पाइएलाकी ॥

यी माथिका गीतहरू जुनसुकै बेला जसले पनि गाउन सक्छन् ।

### ३.३.१० भाव वा रसगत विविधता

अछाम जिल्लाका प्रचलित डेउडा गीतहरूमा विविध भाव र रसको प्रयोग पाइन्छ । लोक गायकले आलम्बन विभाव, उद्धीपन विभावका साथै मानिसका अन्तंस्करणमा रहेका मनोबिकार बासना, शोक, रति उत्साह, भयजस्ता स्थायी भावलाई डेउडा गीतमा समेटेको पाइन्छ । मानवीय जीवनयापनका क्रममा आइपर्ने सुख-दुःख, आसुँ हाँसो, मिलन बिछोड, डर, त्रास, प्रेम-प्रणय, विरह, बेदना जस्ता सम्पूर्ण भावहरू अछामी डेउडा गीतमा अङ्कित भएको पाइएकोले यहाँका डेउडा गीत सबै सरल भावले युक्त देखिन्छ । जस्तै :

माल्पोत्या तुइकन स्वाँइदो कालीपन काली ।

कन्लेइ जुठो लाइहेल्योकि माम खायाका गाली ॥

प्रस्तुत गीतमा प्रेमीले आफ्नो प्रेमीकालाई अन्यसँग मायाप्रिति गाँसेको वा शारीरिक लस्पस् भएको भाव व्यक्त भएको छ । त्यसैले डेउडा गीतमा रति (प्रिति) स्थायी भाव हो । यसमा नायक नायिका आलम्बन विभाव, मालपोत्या (महिलाहरूले लगाउने माला) गहुँ गोरो वर्ण उद्धीपन विभाव, कर्के हेराई, परस्पर हेराई, आँखा सन्काई आदि अनुभाव तथा मोह चिन्ता, उन्माद आवेग आदि व्यभिचारी भाव हुन् ।

### ३.३.११ उपदेशात्मक

डेउडा गीतका विशेषतामा उपदेशात्मकता पनि आउँछ । डेउडा गीत समाजलाई कुनै न कुनै सन्देश दिइरहेको हुन्छ । कुनै कुनै डेउडा गीत उपदेश प्रधान नै हुन्छन् । जस्तै :

जीवन् बर्बाद गराउनलाई रक्सी जन खाया ।
प्रदेशी दाजु भाई सबै कोठी जन जाया ॥

**स्रोत : जगन्नाथ शर्मा**
**(बर्दादेवी -१, अछाम)**

प्रस्तुत गीतमा रक्सी खाँदा जीवन बर्वाद हुन्छ । पैसाको सत्यनाशका साथै शरीरलाई पनि बेफाईदा हुन्छ र भारतमा जागिर गर्न गएका नेपाली दाजुभाई वेश्यालयमा नजानु भन्ने उपदेशात्मक सन्देश पाइन्छ ।

### ३.३.१२ लयगत विविधता

अछाम जिल्लामा गाइने डेउडा गीतमा लयगत विविधता पाइन्छ । गायकहरूले गीत गाउँदा कतै छोटो लय त कतै लामो लयका गीत गाउँछन् । यसका साथै थेगो जोडेर पनि गीत गाउने गर्दछन् । गीतमा अगाडिको भागलाई पछाडि र पछाडिको भागलाई अगाडि राखेर पनि गाउने गरिन्छ । छोटो लयका गीतहरू दुई हरफका हुन्छन् भने लामो लयका गीतहरू चार हरफका हुन्छन् । थेगो नजोडेर गाइने गीतको लय छोटो हुन्छ भने थेगो जोडेर गाइने गीतको लय लामो हुन्छ । जस्तै :

ढल्क्या लाग् जयाका रूख बग्दै रला सेती ।
माया लैजा मुठी चेपी औला लैजा रेटी ।
बग्दै रला सेती, ढल्क्या लाग् जयाका रूख ।
औला लैजा रेटी माया लैजा मुठी चेपी ॥

छमक्क छमक्क, ढल्क्या लाग जयाका रूख
छमक्क छमक्क, बग्दै रला सेती भिनाजु

छमक्क छमक्क, माया लैजा मुठी चेपी
छमक्क छमक्क, औठी लैजा रेटी भिनाजु ॥

**स्रोत : मोतिसरा साउद**
**(वर्दादेवी -८, अछाम)**

उल्लेखित एउटै डेउडा गीतमा फरक फरक लयको प्रयोग भएको छ । गीतको एउटै पाउँलाई कतै अगाडि त कतै पछाडि पारिएको छ । गीतमा छमक्क, छमक्क र भिनाजु जस्ता थेगो प्रयोग भएका छन् ।

युगौदेखि प्रचलित डेउडा गीतको समाजमा छुट्टै महत्त्वपूर्ण विशेषता रहेका छन् । बहुसङ्ख्यक अपठित समाजका व्यक्तिहरू नै डेउडा गीतका स्रष्टा र सर्जक हुन् । अछामी समाजका सम्पूर्ण मानिसकहरूले आफ्ना व्यक्तिगत जीवनयापनका क्रममा देखा परेका सुख, दुःख, आसुँ, हाँसो, प्रेम -प्रणय मिलन बिछोड, बिरह र उमङ्गका भाव बोक्ने डेउडा गीतका आफ्ना छुट्टै विशेषता रहेका छन् ।

## ३.४ डेउडा गीतका प्रकारहरू

डेउडा गीत अछाम जिल्लामा पहिलेदेखि गाईदै खेलिदै आएको छ । बाल बालिका युवा युवती, बुढा बुढी सबैले खेल्दै आएका यी गीतहरूले समयको गतिसँगै विविध विषयवस्तुलाई विविध लयमा अङ्कन गर्दै आएका छन् । सामाजिक जन जीवन, प्राकृतिक अवस्था, ऐतिहासिक घटनावली, धर्म संस्कार जस्ता विषयवस्तु लोकगीतको सिर्जनाको रूपमा आएका छन् । यी गीतको सरंचनाको स्वरूप एउटै भए पनि लोक गायकहरूले लोक लय नबिग्रने गरी एकल वा सामूहिक रूपमा आफ्नै प्रकारको लयको प्रयोग गरेका छन् । अतः डेउडा विभिन्न प्रकार छन् ती विभिन्न प्रकारहरूलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

### ३.४.१ लयका आधारमा डेउडा गीतको वर्गीकरण

डेउडा गीतमा लय नै आत्मा भएकोले यसले माधुर्यता थपेको हुन्छ । संरचना अनुसार गीत गाउँदा विश्राम र उप विश्राम आदिले लयको निर्धारण गरेका हुन्छन् । यस

जिल्लामा लयलाई भाक्या भनिन्छ । लय मिलाएर गाउनुलाई भाक्या हाली गाउनु भनिन्छ । लयका आधारमा डेउडा गीतलाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ ।

**क) छोटो लयका डेउडा गीत**

गीतको संरचना जस्तो छ त्यही अनुसार गाइने गीतलाई छोटो लयका डेउडा गीत भनिन्छ । यस्ता गीतमा थेगोको प्रयोग हुदैन । एक श्वासमा गाउन सकिन्छ । स्थानीय जनजिब्रोमा छोटो डेउडा गीत गाउनुलाई छोटो भाक्या हाल्नु भनिन्छ । यसमा पनि गति, यति लय मिलाएर शीघ्रता पूर्वक गाइने हुनाले लय निकै मिठासयुक्त छोटो छरितो हुन्छ । यस्ता गीतहरू प्रायः बालकदेखि बृद्ध जसले जहाँ पनि गाउन सक्छन् । यस जिल्लामा यस्ता डेउडा गीतहरू मेलापात जाँदा, गाइगोरू चराउँदा, चाडपर्व मनाउँदा, खेत रोप्दा, धान गोड्दा, उकाली ओराली गर्दा गाईने गर्दछन् । जस्तै :

डाँडामनी डाँडाबाणो गैराउँदो मौभेरी ।
मु साईकी सम्झदो छियाँ दिनका नौखेरी ॥

बान्नीकी गुराउँसी फूल वैनाथकी ढाँक ।
माइती देश सम्झ्याका बेला नुन चुककी टाक ॥

न मैले कोपिला टिप्नु न फूल पैरनु ।
जो दुख्ख ईश्वरले दिन्छन् उई दुख्ख सैरनु ॥

जेठाजु भैसीका खर्क जेठानी छुई छनकी ।
कोई दुखारी कोई सुखारी भाबिनी दुई छन् कि ॥

**स्रोत : देवेन्द्र खड्का**
**(वर्दादेवी-५, अछाम)**

माथिका डेउडा गीतहरू छोटो लयका डेउडा गीतहरू हुन् । यी गीतहरूमा थेगोको प्रयोग भएको छैन । प्रस्तुत पहिलो गीतमा प्रियसीले प्रियको माया असाध्यै लागेको आफू टाढा भए पनि क्षण क्षणमा सम्झन्छु भन्ने भाव र दोस्रो गीतमा चेलीहरूले माइती देश छोडेर धेरै टाढा पोइली घर जाँदा अर्थात पतिको घरमा धेरै दिन

बिताउँदा उसलाई माइतीको सम्झना लागेको भन्ने सङ्केत छ । तेस्रो गीतमा दुःखमा आत्तिनु हुदैन, दुःख पर्दा सहने बानीले धेरै फाईदा पुग्छ भन्दै चौथो गीतमा मान्छेहरू कोही ऐस् आरामको जीन्दगी बिताइरहेका र कोही चौबिस घण्टा पसिना चुहाउनु परेको अवस्थालाई मध्य नजर गर्दै सुख दुःख सिर्जना गर्ने भाबिनी फरक फरक छन् कि भन्ने आशय प्रकट भएको छ ।

### (ख) लामो लयका डेउडा गीत

लामो लयका डेउडा गीत गाउन थेगो प्रयोग गरिने भएको हुँदा गाउँदा केही अप्ठ्यारो हुन्छ । डेउडा गीत गाउँदा अगाडि, पछाडि र बिच जुनसुकै स्थानमा पनि थेगो प्रयोग हुन सक्छ । थेगोले डेउडा गीतको मूल लयलाई बिगार्दैन्, बरू श्रुतिमधुर बनाउँछ । लामो लयका डेउडा गीत गाउँदा छमक्क छमक्क, बौजु मेरी बौजु, राईझुमा, ए बाज झुमरेली बाज, कठै दैन, ए साली तेरी दी का छ जस्ता थेगोहरू प्रयोग गरिन्छन् । जस्तै :

कठै दैन, का जान्छै बगन्या पानी कैका लुगा धुन्छै ।

कठैदैन, अर्कालाई बुझाउन्या मन आफै क्यान रून्छै ॥

छिप्या खोलो झिलीमिली

छिप्या खोलो झिलीमिली

बम्बैका ऐनाले, भन साली तेरी दी काँ छ ?

दीन मु वाणुली लाउँदो

दिन मु वाणुली लाउँदो

रातिका सैनाले, भन् साली तेरी दी का छ ?

हेऱ्याले धेक्किदो होकी, रन कुमाली

बाँके र बर्दिया, बौजु लड्की लडक्क

साइको भेट को दिनमा हुन्छ, रन कुमाली

सुइना भेट गर्दिया, बौजु लड्की लडक्क
खर्क भाउजु चामल दिनी, बग्न्या चौलानी
दुई मुठ्या मानु छ, का जान्छै बगन्या पानी कैको माया मानी
दुःखी जीवन बिताउनु छ, बग्न्या चौलानी
दुःख काटी खानु छ, का जान्छै बगन्या पानी कैको माया मानी ।

**स्रोत : नरपता स्वार**
**(वर्दादेवी -४, अछाम)**

माथिका डेउडा गीतहरू लामो लयका डेउडा गीत हुन् । यी डेउडा गीतमा कठै दैन, साली तेरी दी का छ ? रन कुमाली, बग्न्या चौलानी जस्ता थेगोको प्रयोग भएको छ । यी थेगोहरूले गीतलाई अर्थपूर्ण र गायन र नृत्यमा थप रौनक थपेका छन् ।

### ३.४.२ विषयवस्तुका आधारमा डेउडा गीतको वर्गीकरण

अछामी समाजमा बालकदेखि वृद्धसम्मका भावना र अनुभूति पोख्ने माध्यमका रूपमा रहेको डेउडा गीतले विविध विषयवस्तुलाई समेटेको पाइन्छ । गीतको स्रोत चाँहि त्यहीको समाज र परिवेश नै हुन् । सामाजिक रीतिरिवाज, चाल चलन, भेष भुषा, नीति नियम, संस्कार र संस्कृतिका विषयहरू डेउडा गीतमा समेटिएका हुन्छन् । मानवीय जीवनमा आइपर्ने सुख, दुःख हर्ष विस्मात्, आँसु हाँसो, मिलन बिछोड, प्रेम - प्रणय जस्ता विषय पनि डेउडा गीतका शब्दमा सजिएका हुन्छन् । आर्थिक विषमता, भ्रष्टाचार र शोषण, नारी पिडा र प्रताडना र समाजमा देखिने विसङ्गति विद्रोहलाई समेत डेउडा गीतले आफ्नो विषयवस्तु बनाएको हुन्छ । अतः यी यस्तै थुप्रै विषय भए पनि मुख्य गरी धार्मिक, ऐतिहासिक, सामाजिक, प्रकृति सम्बन्धी विषयवस्तुका आधारमा डेउडा गीतलाई छुट्याउन सकिन्छ । जुन यसप्रकार छन् :

### ३.४.२.१ धार्मिक डेउडा गीत

धर्मसँग सम्बन्धित भएर गाइने डेउडा गीतलाई धार्मिक डेउडा गीत भनिन्छ । अछाम जिल्लाका धार्मिक डेउडा गीतहरू अन्य धर्मलाई केही आंशिक रूपमा छोए पनि प्रायः हिन्दु धर्मसँग सम्बन्धित छन् । धार्मिक डेउडा गीतहरू मुख्य गरी शास्त्रीय धर्म, लोक धर्म, स्थानीय देवी देवता, धार्मिक स्थलहरूसँग सम्बन्धित छन् । जस्तै :

स्रोह सय गोपिनीलाई विश्वासमा पारेर ।
पाप गऱ्यौ कि धर्म गऱ्यौ कंशलाई मारेर ॥

सिताको खोजतलास गर्दा जंगलै बास भयो ।
सिताजी लंकामा छदाँ हनुमान साथ भयो ॥

पुज्न्या ढुङ्गो पुज्याकै छ पात्ति फाल्याकै छ ।
मान्या कै पुरानो धर्म जनै हाल्याकै छ ॥

नाना तिना कोई नजाया विष लाग्छ मालिका ।
कोइ मान्दा छन् बर्दादेवी कोइ मान्दा कालिका ॥

**स्रोत : नवराज शर्मा**
**(बर्दादेवी -१, अछाम)**

प्रस्तुत पहिलो गीत स्रोह सय गोपिनीलाई विश्वास दिलाउन सक्ने अद्वितीय क्षमता भएका श्रीकृष्णले पाप हो या धर्म के हो त्यो थाहा भएन मार्न त कंशलाई मारेको हो भन्ने भाव जनाएकोले उक्त गीत शास्त्रीय धार्मिक डेउडा गीत अन्तर्गत पर्दछ । त्यस्तै दोस्रो डेउडा गीतमा पनि राम , सीता र हनुमानसँग सम्बन्धित गीत भएकोले शास्त्रीय धार्मिक डेउडा गीत हो । तेस्रो डेउडा गीतमा स्थानीय धर्म अनुसार पुजा गर्ने ढुङ्गाको पुजा हुँदैछ । पात्ति र फूल चढाएको छ र परम्परादेखि चल्दै आएको धर्म नयाँ पिढींले पनि मान्दै आएका भन्ने सन्देश र चौथो गीतले मालिका माईको दर्शन गर्न जादा विष लाग्ने भएकोले केटा केटी कोई नजानु र स्थानीय धर्ममा पनि कोही मालिका र कोही बर्दादेवी मातालाई मान्ने प्रचलन छ भन्ने सन्देश पाइन्छ । अतः माथिका सबै गीतहरू धर्मसँग सम्बन्धित भएकोले धार्मिक गीत अन्तर्गत पर्दछन् ।

### ३.४.२.२ ऐतिहासिक डेउडा गीत

डेउडा गीतले समसामयिक घटना परिवेशका साथै प्राचिन एवं ऐतिहासिक व्यक्ति, घटना, स्थानसँग सम्बन्धित गीतहरूलाई ऐतिहासिक डेउडा गीत भनिन्छ । जस्तै :

भिमसेन अमर बलभद्र नेपालका रवि हुन् ।
भानुभक्त आचार्य त भाषाका कवि हुन् ॥

दुई सय चार सालसम्म राजाले राज खायो ।
दुई हजार सात सालमा प्रजातन्त्र आयो ॥

नालापानी नेपालीको रणभूमिको किल्ला ।
भाषाको उत्पत्ति भयो पश्चिम जुम्ला जिल्ला ॥

**स्रोत : राम बहादुर साउद**
**(बर्दादेवी-१, अछाम)**

प्रस्तुत पहिलो गीतमा ऐतिहासिक व्यक्तित्व भिमसेन, अमरसिंह र बलभद्रलाई नेपालका वीरको संज्ञा दिदैं भानुभक्त आचार्यलाई भाषा कविका रूपमा अघि सारिएको छ । दोस्रो गीतमा ऐतिहासिक घटना राणाहरूले दुई सय चार वर्षसम्म गरेको क्रुर दमनकारी शासनको बारेमा वर्णन गर्दै नेपाली जनताले राणाको बर्बरतालाई सहन नसकि **२००७** सालमा प्रजातन्त्र ल्याएको र तेस्रो गीतमा नालापानी जस्तो ऐतिहासिक स्थानको वर्णन गर्दै त्यो नेपालीले लडेर लगेको हो र भाषाको उत्पत्ति भएको स्थान पश्चिम जुम्ला जिल्ला हो भन्ने भाव छ । यसरी यी तिनवटै गीतमा ऐतिहासिक व्यक्ति, स्थान र घटनाका बारेमा वर्णन गरिएकोले ऐतिहासिक डेउडा गीतमा राख्न सकिन्छ ।

### ३.४.२.३ सामाजिक डेउडा गीत

सामाजिक डेउडा गीत निश्चित भूगोल र समाजमा हुर्कने मौलाउने भएकोले त्यस समाजमा रहेका मिलन बिछोड, सुख दुःख, आँसु हाँसो, दुःख रोदन जस्ता कुराहरू समेटिएका हुन्छन् । यस्ता डेउडा गीतले मुख्यतः समाजमा हुने प्रेम-प्रणय, राजनिति, पेशा, व्यवसाय, गाँउ-समाज, परिवार, नाता गोता, न्याय प्रशासन र समसामयिक विषय समेटेका हुन्छन् । जस्तै :

केटी : रात भरी कबिला पाल्यो पुराना गतले ।

धेखी बाज भेट भइगयो पुराना सतले ॥

केटा : साली तानी भिनाजुले ओडार लैगयो ।
सौराईपन लाग्याको छी भेटपन भैगयो ॥

सुर्जवीर हुदैन हुनकी म दुःखी गयालै ।
घर बस्न्या मन लाग्दैन पियारा गयारै ॥

दुईखेरी भन्दाइन छन्क्या अैंलका साँगाकी ।
बुड्डी बेल घर बाइगई रोप्न्यारी पाँगाकी ॥

कोई ठुलो जन्मिएलाकी नेपाली माटोमा ।
कैले पनि तार परेन राजनीति बाटोमा ॥

रानीवन चरन्या भेडा सबै सेताइ सेता ।
मइलाको आयाको रकम खाँदा ठुला नेता ॥

बम्बै राम्रा बालकेशर पुना राम्रा बिटी ।
नेपाली दाजु भाइ सबै जन जाया कोठी ॥

**स्रोतः दिपक परियार र राम ब. वि.क.**
**(कालिका-२ र ४, अछाम)**

माथिको पहिलो गीतमा केटीले केटालाई तिम्रो र मेरो पुरानो सच्चा माया प्रिति बाँचेको भएर यसरी भेट भयो भनेर खुशी छ भने केटाले जवाफमा तेरो सौराई एकदमै लागेको थियो भेटपन भई गयो भन्दै खुशी मनाउ गरेको गरेको छ । उक्त गीतमा प्रेम - प्रणय र मिलनको भाव छ । तेस्रो गीत समाजमा व्याप्त गरिबीका कारण सुर्ज फूल जस्तो पवित्र हुने रहर हुदाँहुदै पनि म गाउँकी दुःखी छु भन्दै आफ्नो प्यारा आफूसँग नहुँदा गाउँघर नै अध्याँरो भएको घरभित्र पस्न मन नलाग्ने कुरा एउटा नारीको बेदना स्वरूप व्यक्त छ ।

अछामी समाज कृर्षिमा आधारित छ । उक्त क्षेत्रका मानिसको मुख्य पेशा कृर्षि हो । वर्षा याममा धान रोप्नु पर्दाको वेदना चौथौ गीत हो । उक्त गीतमा दिनभरी रोपाईका व्यस्त रहेकी रोप्न्यारीको दुःखी जीवनशैलीको बारेमा बोल्दै दिनभरी खाजा खान नपाएकी एउटी महिला बेलुकी गोधुली साँझमा एकदमै मलीन मुन्द्रामा घर फर्किने गरेको दुःखद वेदनालाई व्यक्त गरेको छ । पाचौं गीतमा नेपालमा अब देश प्रेमी, जन

प्रेमी नेता जन्मिएला की भन्ने आशा व्यक्त गर्दै कहिल्यै पनि नेपालमा राजनीतिक स्थिरता नभएको जहिले पनि जनताले दुःख पाएको भन्ने राजनीति सम्बन्धी गीत छैटौं गीतमा महिलाको रकम तिनै ठुला नेता छुट्याउने तर उक्त रकम महिलाको हितका लागि प्रयोग नगरेर आफै खाने गरेको भन्ने जनचेतना सम्बन्धी र सातौ गीतमा अछामी जनता भारतमा जागिर गर्न जादा पैसा कमाउनु तर कोठीमा गएर एड्स नकमाउनु भन्ने सन्देश पाइन्छ ।

प्रस्तुत माथिका पहिलो र दोस्रो गीत प्रेम -प्रणय सम्बन्धी र तेस्रो गीत गाउँ समाज र परिवार सम्बन्धी र चौथो गीत पेशा सम्बन्धी पाचौं राजनीति सम्बन्धी छैटौं र सातौं गीत जन चेतनामूलक रहेकोले समसामयिक गीत हुन् । उक्त गीतहरू समग्रमा सामाजिक डेउडा गीत अन्तर्गत पर्दछन् ।

### ३.४.२.४ प्रकृति सम्बन्धी डेउडा गीत

प्रकृतिको धनी अछाम जिल्लामा प्राकृतिक विविधतालाई वर्णन गरेर गाईने गीतहरूलाई प्रकृति सम्बन्धी गीत भनिन्छ । यस जिल्लामा प्रकृति सम्बन्धी डेउडा गीतहरूको पनि त्यत्तिकै प्रचलन छ । प्रकृति सम्बन्धी डेउडा गीतले त्यहाँका वन जङ्गल, डाँडाकाडा, खोलानाला, हिमाल पहाडको सन्दर्भलाई अभिव्यक्त गरेका हुन्छन् । प्रकृति सम्बन्धी डेउडा गीतहरू यस प्रकार छन् । जस्तै :

वारि पिपल पारि पिपल दुई पिपल जुभ्काउँला ।
त्यई पिपलको पात चुडेर तेरो मन बुझाउँला ॥

बिहान तित्रिको चल्लो पण्यो जम्म जाल ।
काठमाडौं भुकम्प आयो त्यई भ ठूलो काल ॥

बार बण्ड अठार खण्ड रामारोसन ताल ।
मेटेला अस्तित्व यिनको छिटो जोगाइ हाल ॥

बम्बै जान्या रेल गाडीका पांग्रा गुड्न लाग्या ।
अछामका डाँडाकाडा अब छुट्न लाग्या ॥

बस्तोला पट्कदा धारा जनालीका कुवा ।
नगरी बाउफेरो हाली आइजा रानी चडा ॥

**स्रोत : नरपता स्वार**
**(वर्दादेवी -४, अछाम)**

प्रस्तुत पहिलो गीतमा बोटबिरूवामा पिपलको जोडी रहेको र हामी दुईजना पनि त्यसैमा बसेर माया प्रेम साटौला अनि तिमीलाई चिनो स्वरूप एउटा पिपलको पात छोडेर जाने कुराको अभिव्यक्ति यसमा छ । दोस्रो गीत जीव जन्तुमा चराको बारेमा वर्णन छ । जुन तित्रा (**चरो**) को बचेरा सिकारीको जालमा परेको दर्दनात्मक पिडालाई जोडेर काठमाडौ पनि भूकम्पले गर्दा मान्छेको त्यस्तै दर्दनात्मक स्थिति भएको भन्ने भान पाइन्छ । त्यस्तै तेस्रो गीतमा अछाममा **बार बण्ड अठार** खण्ड भएको सिमसारको वर्णन गर्दै रामारोसनको संरक्षण गर्नुपर्छ भन्ने सुझाव दिइएको छ । चौथो गीतमा अछामका पहाड पर्वतको बारेमा वर्णन छ । उक्त गीतमा अछामका डाँडाकाडा अब बिस्तारै छुट्न लागेको मोटर गाडी चलेको भन्ने सन्देश पाइन्छ । पाचौं गीतमा अछाम बस्तोला भन्ने गाउँका धारा कलकल बग्ने र जनालीका कुवाको पानी खाने गरेको र उक्त ठाउँमा प्रकृतिले सुन्दर धारा र कुवा उपहार दिइएको भन्ने सन्देश दिइएको छ ।

प्रस्तुत गीतहरूले प्रकृतिसम्बन्धी विषयवस्तुलाई समेटेका छन् । पहिलो गीतमा वृक्ष वनस्पति, दोस्रोमा जीव जन्तु, तेस्रोमा नदी नाला, चौथौमा पहाड पर्वत पाचौंमा हावापानीको बारेमा वर्णन गरिएको छ । उक्त सबै गीतले प्रकृति सम्बन्धी विषयवस्तुलाई समेटेकाले प्रकृति सम्बन्धी डेउडा गीतहरू हुन् ।

### ३.४.३ प्रस्तुतिका आधारमा डेउडा गीत

अछामका डेउडा गीतहरू प्रस्तुतिका आधारमा भिन्न भिन्न खालका छन् । यी गीतहरू सामाजिक रीतिरिवाज, चालचलन, भेष भुषा, प्रेम -प्रणयका भावहरू समेट्ने खालका हुन्छन् । प्रस्तुतिका दृष्टिमा डेउडा गीतहरू दुई भागमा बाड्न सकिन्छ :

### ३.४.३.१ एकल डेउडा गीत

एक व्यक्तिले आफ्ना अन्तर हृदयका मनोभावनालाई डेउडा गीतका माध्यमबाट गाउनु एकल गायन हो । गोठालो जाँदा गाई बाख्रा चराउँदा, वन जङ्गल, खोला नाला, उकाली, ओराली गर्दा आ-आफ्ना मनका अनुभूति पोख्ने गरी गाइने गीतहरू यस्ता हुन्छन् :

पानी नपाई बुकै डाँडो मुख्याले खेत् लियो ।
बाह्र भैसी बथानले क्या मेरा चेत् लियो ॥

बम्बै तली गाउनाई बम्बै जती राम्रो काइनाई ।
धन् राख्न्या मुजेली थियो मन् राख्नाकी ठाउँनाई ॥

चर् मेरी भैसोली आमा यो पन लेकै हो ।
मैकी भयो जन सूचेई सबैकी एकै हो ॥

**स्रोत : राम बहादुर साउद**
**(वर्दादेवी-१, अछाम)**

प्रस्तुत माथिका डेउडा गीतहरू एक व्यक्तिले आफ्ना मनमा आएका भावहरू पोखेको छ । पहिलो गीतमा मुख्याले खेत सुखा ठाउँमा लगेको र आफु भैसीको गोठालो लाग्दा लाग्दै थकान महसुस भएको आफ्नो जीवन त्यही व्यतित भएको भन्दै दोस्रो गीतमा आफुसँग धन पैसा ऐस् आराम हुँदा हुदैं पनि मनपर्ने साथीको अभाव भएको भाव छ । तेस्रो गीतमा दुःख भन्ने कुरा सबैलाई छ तर तिम्रो भागमा तत्काल परेकोले आफुलाई मात्र छ कि जस्तो भान गरेको हो भन्ने मार्मिक भाव छ । यसरी यी गीतहरू एकल रूपमा गाएका छन् ।

### ३.४.३.२ सामुहिक डेउडा गीत

धेरै मानिसहरू मिलेर खेल खेल्दै गाउनु नै सामुहिक डेउडा गीत हो । चाडपर्व, मेला, उत्सव जस्ता अवसरमा सामुहिक रूपमा मिलेर खेलसँगै यस्ता गीतहरू गाइन्छन् । यस्ता गायनमा गायकहरू दुई समूहमा विभाजित हुन्छन् । एकले अर्काको हात समाई

कम्मर मर्काउदै पाईतलामा पाईतला र स्वरमा स्वर मिलाएर यी गीत गाइन्छन् । यस्ता डेउडा गीतमा दुईवटा समूह हुन्छन् । त्यस्ता समूहहरूमा महिला महिला, पुरुष पुरुष र पुरुष महिलां बिचमा सवाल जवाफ र माया प्रितिका गीत गाएर रमाइलो गर्छन् । जस्तै :

### ३.४.३.२.१ महिला महिला बिच हुने डेउडा गीतहरू

महिला महिला दुई समूहमा विभाजित भएर खेलिने डेउडा गीतलाई महिला महिला बिच हुने डेउडा गीत भनिन्छ । महिला महिलाहरूले एक आपसमा सुख, दुःखका गीतहरू साटासाट गर्ने गर्छन् । जस्तै :

पहिलो पक्ष

गोठालो घाँस काट्न लाग्यो खोलीउँदाको ऐरी ।
सुनबाला पैह्रनु मात्रै मायाजाल हो वैरी ॥

दोस्रो पक्ष

सिमुदाँ खेत ढोल्या जन सिमिलिको माटो ।
खाई माया सुरिलो लाग्दो बुकै माया साटो ॥

**स्रोत : मोतिसरा साउद**
**(बर्दादेवी -१, अछाम)**

माथिको पहिलो गीत पहिलो पक्षका महिलाले सुनबाला भनेका भौतिक सम्पत्ति हो त्यसले आत्माको सन्तुष्टि गर्दैन तर मायाले आत्मिक सन्तुष्टि मेटाउँछ र दोस्रो पक्षले माया भन्ने कुरा सतहमा लगाउनु हुन्न गहिरीएर लगाउनुपर्छ र क्षणिक रूपमा मायालाई लिनुहुन्न । दीर्घकालीन हुनुपर्छ भन्ने सन्देश महिलाहरूले एक आपसमा बाडेका छन् ।

### ३.४.३.२.२ पुरुष पुरुष बीच हुने डेउडा गीतहरू

महिला बिना पुरुष पुरुष मात्र मिलेर एक आपसमा दुःख साटासाट गर्नुलाई पुरुष पुरुष बिच हुने डेउडा गीतहरू भनिन्छ । जस्तै :

पहिलो पक्ष

बणुका कागजमनी करकर लेखी ।
आजै त गौड्या भिट भयो का खायाको देखि ॥

दोस्रो पक्ष

बग्याको कैलास नदी बिच क्यान पसै ।
गणाका भिटाउदो खान्छी जुपू चैते दशैं ।

**स्रोत : दिपक परियार र राम ब. वि.क.**
**(कालिका २ र ४, अछाम) र**
**अन्य सहभागीहरु**

प्रस्तुत पहिलो पक्षले मलाई उसै आरोप किन लगाउछस् मैले रक्सी का खायाको देखि भन्ने छ भन्ने दोस्रो पक्षले त्यसको उत्तर दिदै जुपूका दशैमा गडाका भिटाउदो बसी खान्थी भनेर जवाफ दिएको छ । यस्ता गीतहरू पुरुषले एक आपसमा गाएर रमाईलो गर्छन ।

### ३.४.३.२.३ पुरुष महिला बिच हुने डेउडा गीतहरू

यस्ता डेउडा गीतहरू पुरुष र महिला बिच सवाल जवाफ गर्दै पुरुष र महिलाको समूहमा विभाजित भएर गाउने गर्छन । उक्त खेलमा महिला र पुरुषका समूहबाट गीत गाउँदै जाँदा जब एक पक्षले अर्को पक्षलाई प्रश्न गर्छ र अर्को पक्षले उत्तर फर्काउनु पर्छ । यदि उत्तर फर्काउन नसक्ने समूहको हार मानिन्छ । यस्ता गीतहरू महिला र पुरुषले रातभरी पनि गाएर खेल्ने गर्छन । जस्तै :

केटा : नेपाल बास्मती धान्का का पुग्दा हुन जणा ?
कति राजा कति रानी श्रीलङ्का गडा ?

केटी : नेपाल बास्मती धानका जमिन पुग्या जणा ।
एकै राजा एकै रानी श्रीलङ्का गडा ॥

**स्रोत : सुर्जा साउद**
**(वर्दादेवी -१, अछाम)**

प्रस्तुत पहिलो गीतमा केटाले केटीलाई प्रश्न गर्दै बास्मती धानका कहाँ जरा पुग्छन् र श्रीलङ्का भन्ने देशमा कति राजा र कति रानी छन् भन्ने प्रश्नको जवाफमा केटी बास्मती धानका जरा जमिनमा पुग्छन् र श्रीलङ्कामा एकै राजा एकै रानी थिए भन्ने प्रश्नोत्तरात्मक शैलीमा गीतको भाव प्रस्तुत भएको छ । यस्ता गीतहरू खेलमा निरन्तर चलिरहन्छन् । यसर्थ डेउडा गीतमा जीवनका विविध आयामहरूको उद्घाटन गर्दै मानवीय मनका अन्तःस्करणमा प्रस्फुटित मधुर लय, प्रस्तुति, फरक विषयवस्तु र ती आयामहरूले डेउडा गीतमा विभिन्नता देखिन आउँछ । यसरी डेउडा गीतमा देखिएका विविधतालाई समेटी यस अध्ययनमा एकत्त्व कायम गरिएको छ । वर्गीकरणका विभिन्न आधारहरू रहन सक्ने थुप्रै आधारहरू भए पनि यस शोधमा प्रस्तुति र विषयवस्तुलाई नै मुख्य विषयका रूपमा हेरिएको छ र मैले पनि विभिन्न उप शीर्षकमा विभाजन गरी प्रस्ट्याइएको छ ।

## ३.७ निष्कर्ष

प्रस्तुत अध्याय यो शोधकार्यको महत्त्वपूर्ण पक्ष हो यसै सैद्धान्तिक पर्याधारका रूपमा डेउडा गीतको बिश्लेषण र निष्कर्ष दिइएको छ । कुनै पनि सामग्रीको निष्कर्षमा पुग्न सिद्धान्तको कसिमा राखेर जाँची त्यसको विस्सनीयता र वैधता निर्धारण हुन्छ । त्यसो भएकोले यस अध्यायमा डेउडाको परिचय र परिभाषीकरण अहिलेसम्म कै उत्कृष्ट पाटो हो । यसका अलावा सिद्धान्त निर्माणका सामाजिक र सांस्कृतिक आधारहरू पनि यसै अनुसन्धानमा विशेष गरी अघि सारिएका विषयहरू हुन् । यसका साथै डेउडा गीत पनि लोकगीतको एउटा पाटो भएका कारणले पनि यो अध्याय अनिवार्य ठहरिएको हो ।

लोक समुदायका लोक भावनाहरूलाई सैद्धान्तिकीकरण गर्नु वाञ्छनीय ठहरिएकाले यो अध्याय यस शोधमा अनिवार्य रूपमा समावेश गरिएको हो । अन्यथा यो सिद्धान्त बमोजिम डेउडा गीतको अध्ययन अनुसन्धान यस शोधमा प्रत्यक्ष रूपमा गरिएका` छैन । परोक्ष रूपमा यसमा समाविष्ट सिद्धान्तलाई भने समावेश गरिएको छ ।

# अध्याय चार

# डेउडा गीतको विश्लेषण

## ४.१ डेउडामा सामाजिक विषयवस्तु

डेउडा गीत कुनै निश्चित भूगोल भएका मानिसहरूको मौखिक अभिव्यक्ति हो । यसमा उनीहरूले आफ्नो समाजमा आइपर्ने प्रत्यक्ष र परोक्ष विषयवस्तुलाई अङ्गिकार गरेको पाइन्छ । विविध सामाजिक विभेद हुनु समाजको एउटा महत्त्वपूर्ण विषय हो । यही विविधतामा पनि समाजिक एकताको झंकार सर्व स्वीकार्य जस्तै देखिन र सुनिन आउँछ । त्यस स्वरलाई डेउडामा सामाजिक विषयवस्तुका रूपमा अगाडि सार्न सकिन्छ । विभिन्न वर्गहरूको वर्गीय चेतनालाई डेउडाको माध्यम बनाइनु र त्यो परिवेश सापेक्ष हुनु सान्दर्भिक ठहरिन्छ । त्यही सान्दर्भिकतालाई नै सहजताका साथ स्वीकार्नु डेउडा गीतको सामाजिकता हो । सामाजिक विषयवस्तु अन्तर्गत गाउँ-समाज, परिवार, नाता गोता, प्रेम सम्बन्ध, राजनीति, प्रशाासन र समसामयिक विषयवस्तु पर्दछन् । उक्त विषयवस्तुका आधारमा यस शोधका लागि सङ्कलित डेउडा गीतलाई राख्न सकिन्छ र तिनको विस्तृत व्याख्या निम्नानुसार गरिएको छ :

### ४.१.१ प्रेम - प्रणय सम्बन्धी डेउडा गीत

प्रेम -प्रणय समाजमा बसोबास गर्ने मानिसहरूको एउटा महत्त्वपूर्ण पक्ष हो । प्रेमका विभिन्न पक्षहरूलाई हेर्ने क्रममा यस शोधमा श्रृङ्गारिक प्रेममा देखिने विषयवस्तुलाई मात्र मुख्य आधार बनाइएको छ । डेउडा गीत विशेष गरी प्रेम - प्रणयमूलक हुन्छन् किनभने डेउडा गीतमा सहभागी मानिसहरू प्रेमको एउटा महत्त्वपूर्ण पक्षलाई आत्मसात गरी डेउडा खेल्ने ठाउँमा उपस्थिति भएर वा एकल रूपमा पनि यस्ता डेउडा गीतहरू गाइन्छन् । विशेष गरी १८ /१९ देखि ४०/४५ वर्षको बिचका महिला पुरुष हुन्छन् । तिनीहरूको मूख्य विषय नै प्रेम - प्रणय हुने भएकाले प्रेम - प्रणयमूलक डेउडा गीत र तिनको विश्लेषण निम्नानुसार गर्न सकिन्छ :

**४.१.१.१ केटा र केटी बिच भएको डेउडा गीत- तिमिल्सैन असोजको  दशैंमा :**

१)  केटी : सोमवार सुनौली भएइ आतवार साइत ।
पिरती सुनायो भनी कसो गरी राइत ॥

२)  केटा : हड धुन्या बाहाडी धारा लत्ता धुन्या पडा ।
तु जसी बाहाडी होइजाउ मेरा माणी गडा ॥

३)  केटी : औलकी घसारी कोहोइ केला काटी रेला ।
मु पण्या बैरीका फेला छकालकी बेला ॥

४)  केटा : बम्बैका शेठकी छोरी लड्कदी लड्कदी ।
मु पन सौराइले आया हान छाति धड्कनी ॥

५)  केटी : अब रे छुटन्या बेला हैन कठै वरी ।
छुटन्या छुटन्या बेला सौराइ लागी खरी ॥

६)  केटा : पुदुको  जगिन्या लाउला सुतार गइ भन्या ।
फेरी भेट हुन्या नाइक्या परानी रै भन्या ॥

७)  केटी :  आदि मै खोली घाँस काट्या आदि रलामला ।
फेरी पाइतो पड्न्या नाइक्या कठै खेल्न्या गडा ॥

८)  केटा : हड् धुन्या बाहाडी धारा लत्ता धुन्या पडा ।
फेरी पाइतो पर्न्या छैन लड्क रानी चडा ॥
मेरा माणी गडा दशैती सवारी होइजाउ ॥

९) केटी :  पछन पणी प जाएइ गुलेलीका सैना ।
स्वर सुकी तिन वर्ष भयो फेरी अवाइ छैन ॥

१०) केटा : रास्कोट रसिलो जग्गा रानी सेरोभेरो ।
रसिलो पिरथी भया भाग्य तेरोमेरो ॥

११) केटी : रातभरी कविला पाल्यो पुराना गतले ।
धेकी बाज भेट भइगयो पुराना सतले ॥

१२) केटा : साली तानि भिनाजुले ओडार लैगयो ।
सौराइ पन लाग्याकी थिइ भेट पन भइगयो ॥

१३) केटी : काग बास्यो चौणका माणु डाँफ्या बास्यो रोलाई ।
मुखई थी लाइ हेल पन गया दिनका सौराँई ॥

१४) केटा : मुखइथी आयाका बेला परिती लाइ हेल ।
सौराणी लाग्याका बेला गाली माम खाइ हेल ॥

१५) केटी : मन मेरो साउनको राती नआएई पहाड ।
दुई जनी राउदै बाँकी नमानेइ चाहाड ॥

१६) केटा : धनी गहणको बाटो लछाडी पछाडि ।
वुन्याकाल मर्न्याकाल लैजाओ पछाडि ॥

१७) केटी : बरमाग्या मालिका जाओ नाउन्या जति नाओ ।
काला जति पर जाओ गोरा जति आओ ॥

१८) केटा : ईस्पातकी तरवार चतार भागी छ ।
बुढाले तरुनी पायो क्या खोऱ्या लागी छ ॥

१९) केटी : ढुन्कीमा तमाखु छैन खोल हुक्का खोल ।
रातभरी कैकोप थिई ऐल मेरी कोल ॥

२०) केटा : गोड्याका उजगला हुन्छन रोऱ्याका खेत हुन्छन् ।
देख्दोछु  कोलडा जसी बौलाह चेत हुन्छन् ॥

२१) केटी :जिम्दारीले माली खेल्यो रतुभ जम्धार ।
आपी देख्या पाइन्या छैन एक पाथी रम्भार ॥

२२) केटा : रातापेला उनका डोरी भोट्याका साल मनी ।
को वैरी अरग्यालो लाग्यो मेरा भाग मनी ।

२३) केटी : भ्कार काट्टी बटौली भया काणो काटी ऐरी ।
साइका मेरा परिथिउदो को लाग्यो हो बैरी ।

२४)केटा : प्रभा राम्रो दयागडो लुंग्रा राम्रो गर्खो ।
मु छोरो चाहड राख्दो तुलाई छक्या भ्कर्को ।

**स्रोत : गम्भिर साउद र राधिका साउद**
**(नन्देगडा -३ र भटाकाटिया -६, अछाम)**
**र अन्य सहभागीहरु**

प्रस्तुत डेउडा गीत प्रेम -प्रणयको प्रचुरतामा अघि बढेका गीतहरू हुन् । यिनीहरूको मुख्य धेय प्रेममा कसरी परिन्छ र कसरी प्रेम गर्ने भन्ने विषयवस्तुका आधारमा अघि बढेको छ । यो एउटा सिङ्गो डेउडा खेल हो । यसमा दुई समूह विभाजन भई केटा र केटीका बिचमा प्रेमका विविध आयामहरूको सवाल जवाफ भएको पाइन्छ । उनीहरूका बिचमा भएको सवाल जवाफमा प्रस्तुत विषयवस्तुहरूलाई समिष्टमा निम्नानुसार व्याख्या गर्न सकिन्छ :

प्रस्तुत पहिलो गीतमा केटीले केटालाई प्रश्न गर्दै सोमबार सुनौलो हुने र आइतबारको साइत राम्रो हुने भन्दै प्रेम गर्न कसरी थाहा पायौं भन्ने  भाव व्यक्त गरेकी छ । त्यसको जवाफमा दोस्रो गीतमा केटाले तिमीजस्तो रूपवती गुणवती नारी मेरो गाउँमा आवश्यक छ भन्ने कुरा सुनाउँछ । तेस्रो गीतमा केटीले मलाई अलिक समय छदैं

भनेको भए हुन्थ्यो अब समय गइसके पछि भन्यौ भन्ने मधुर भाव व्यक्त गर्छे । त्यस मधुरतालाई तिखो  व्यङ्ग्य गर्दै चौथो गीतमा अलिक भावुक भएर म तिम्रो  मायाको प्रतिक्षामा वसेको छु, अब मेरो छातीको धड्कन बन्नुपर्छ भने कुरा गरेको छ । केटाको यस्तो विरही भाव बुझेर पाँचौं गीतमा केटीले अब अबेर भइसक्यो विहान भइसक्यो वा छुट्ने  भएर पनि नबिर्सने गरी सौराडी (सौराई) खरो लाग्ने बनाई  भन्ने कुरा गर्छे । जवाफमा छैटौं गीतमा केटाले परानी रहिरह्यो भने फेरि भेट भइहाल्छ, चिन्ता नगर भन्छ । सातौं गीतमा केटी एकदमै भावुक भएर आधा जसो खोलीको घास काटे आधा जति रलामला भएपनि डोको भर्न बाध्य भए त्यसैले  मलाई  निकै चिन्ता पर्‍यो आज त जेनतेन गरी खेलियो भोली पर्सी फेरि यही भूमिका खेल्न पाइन्छ कि पाइदैन भन्ने द्विविधा व्यक्त गर्छे । यसको जवाफमा आठौं गीतमा केटाले अब यस भूमिकामा फेरि फर्की आउन कठिन छ त्यसैले जति सक्छस आजै हो लड्क लड्क बेसरी लड्क त्यसैमा हाम्रो माया प्रेम बच्ने छ भन्ने कुरा व्यक्त गर्छ र दशैमा मेरो गाउँमा आउनु भन्ने निम्ता पनि दिन्छ । केटाले दिएको निम्ताको जवाफमा नवौं गीतमा केटीले मेरो स्वर सुकेको तिन वर्ष भइसक्यो अब यो ठाउँमा फेरि अवाइ छैन भन्दै केटालाई प्रतिप्रश्न गर्छे । जवाफमा दशौं गीतमा केटाले रसिलो पिरथी  भयो भने भाग्य त तेरो मेरो प्रगाढ गर्ने छदैछ । चिन्ता नमान्न आग्रह गर्छ । त्यसको जवाफमा एघारौं गीतमा केटी पनि एकदमै चिन्तित बन्दै तिम्रो र मेरो पुरानो सत् बाचेको भएर आज यसरी भेट भयो भन्दै केही हदसम्म खुसी हुन्छे । जवाफमा केटाले बाह्रौ गीतमा तेरो सौराइ एकदमै लागेको थियो भेट पनि भइगयो भन्दै खुशी व्यक्त गर्छ । तेह्रौ गीतमा केटी पनि उत्साहित बन्दै यो भन्दा अगाडि बितेका दिनका सौराइ अझ फेरी लगायौं भने कति आनन्द आउँछ होला भन्ने कुराको अनुमान गर्दै जवाफमा केटाले अहिले त नजिकै छौ पिरथी राम्ररी लगाईहाल् भोली पर्सी भेट होला नहोला भन्दै सौराई लागेका वेलामा गालामा म्वाँई खाई हाल न त भन्छ । केटी एकदमै भावुक बन्दै पन्ध्रौ गीतमा मेरो मन त अब साउनको रात जस्तो भइसक्यो र म पहाड जस्तै अटल छु भन्दै हामी दुई जना त छौ चिन्ता नमान समयले साथ दिए गरौंला त, भन्दै मिहीन भाव व्यक्त गर्छे । केटीको यस्तो जवाफ सुनेपछि केटा सोह्रौं गीतमा केही गम्भीर भएर गहणको लामो बाटो छ म हिड्न नसक्ने छु त्यसैले मर्ने वेला हुदैछ जसरी हुन्छ, लछाडी मलाई लिएरै

जाउ भन्छ । केटाको यस्तो निरिहता देखेपछि सत्रौं गीतमा केटी उत्साहित हुँदै कालाहरू गईहाल आउने भए गोराहरू मात्र आउ सकेसम्म लिउँला भन्छे । केटो पनि उत्साहित हुदैं आठौं गीतमा म वुढो मान्छेले पनि यस्ती तरुणी पाए भन्दै मख्ख हुन्छ । केटाको यस्तो व्यङ्ग्य सुनेपछि उन्नाइसौं गीतमा केटी पनि केटालाई व्यङ्ग्य गर्दै रातभरी को सँग के गरिस् अहिले उज्यालो भएपछि मसँग आएर के फूर्ति लाउँछस् भनेर जङ्गिन्छे जवाफमा केटो पनि अलि उताउलो पाराले गाईको सानो बाच्छो जस्ती तिमीलाई देख्दा पागलको जस्तो दिमाख हुन्छ । त्यसैले यो मैले सँगै लैजाउ भनेको हो भन्ने भाव व्यक्त गर्छ । जवाफमा केटी एकाइसौं गीतमा अलिक कड्किदै मेरो यो जोवन देखेर मात्रै काँ पाइन्छ र ? भन्छे । जवाफमा बाइसौं गीतमा केटो मेरा भागमा को बैरी लाग्यो र खोस्न  खोज्दैछ भन्छ तेइसौं गीतमा केटी पनि केटाको जवाफको समर्थन गर्दै तिम्रो मेरो यस्तो सुन्दर सपना र जीवन माथि को बैरी लाग्यो होला भन्ने शङ्का गर्छ । जवाफमा केटो म छोरा मान्छे हुँ तँलाई चयनमा राख्छु चिन्ता नगर, म भयो भने सबै कुरा ठिक हुन्छ भन्दै खेल टुङग्याउछ र सबै जना आ-आफ्नै बाटो लाग्छन् ।

यसरी लामो समय एक अर्काका मनमा प्रेमिल भावहरू डेउडा गीतका माध्यमबाट व्यक्त गर्दै प्रेम-प्रणयको कसिलो उदाहरण डेउडा गीत सदियौं देखि वाँच्दै आएको छ । रातको निन्द्रा भोक सबै त्यागेर प्रेममा उन्मादको स्थिति प्रस्तुत गीतसँगै टुङग्याएको छ र विवाह बन्धनमा बाधिन केटीलाई बाध्य पार्दै केटाले गीतको अन्त्य गरेको छ । यसरी खेल खेल्दै विवाह गर्ने प्रचलन सुदूर पश्चिमको समाजमा अझै पनि विद्यमान छ ।

### ४.१.१.२ कृष्ण जन्माष्टमी जयगढको सानो डेउडा गीत/गीत खेल

१. केटी : व्यान्दिल उराइएठो लाग्दो वन भैंसी घाणो ।
जीन्दगी चलाउनु होइजाउ दिल बस्याको भाणो ॥

२. केटी : सपना आयाको होइन रुमाल पुच्छ्याको
कठै कैका पुग्दो होकी  मनले सूच्छ्याको ॥

३. केटा : मन भयो अदल मु पण्या कर्मका भर ।
मैले ऐलइ भन्याको छ हट वाइजाउ घर ॥

४. केटी : कोऱ्याका कपाल मनि रिवन लाया रलि ।
मुलाई नासो दिइहेलपन हात वान्याको घडी ॥

५. केटा : वैशाख भैंसोली आमा पानीले टिसाउन्नी ।
बान्या घडी तुलाई दिया घरकी रिसाउन्नी ॥

६. केटी : हदेलीको कापु काट्या हदेली हदेली ।
मदिउला घाटीको पोत्या वदेली बदेली ।

**स्रोत :गम्भिर साउद र राधिका साउद र**
**(नन्देगडा -३ र भटाकाटिया -६, अछाम)**
**र अन्य सहभागीहरु**

प्रस्तुत गीतमा केटाले बिहानको पहिलो प्रहरमा बजेको भैंसीको घाणोको आवाज एकदमै मिठो हुने भन्दै आफूलाई मन परेको भाँडो जिन्दगीभर चलाउनु होइजाउ भन्ने आत्मिक अनुभुति व्यक्त गरेको छ । जवाफमा केटीले पनि भावुक हुँदै विनम्र भावमा मनले सोचेको कुरा कसैलाई पुग्दो होकी भन्दै प्रतिप्रश्न गर्छे । केटाले विषय परिवर्तन गर्दै जे भयो भयो अब घर गैजाउँ भन्छ । केटी पनि उत्साहित हुँदै यतिन्जेल माया पीरती भयो अब जाने वेलामा हातको घडी चिनो दिएर जाऊ न त भन्छ । केटीलाई कड्किलो जवाफ दिँदै केटा हातको घडी तिमीलाई दिए घरकी मेरी श्रीमती रिसाउली नी भन्छ । केटाले आफ्नो निरीहपन देखाएपछि केटी उत्साहित हुँदै तिमी त कस्तो लोभी माँन्छे रैछौ म तिमीलाई घाटीमा लगाएको पोते बदेली बदेली लिन्छस् भने दिन्छु भन्छे ।

### ४.१.१.३ डौठ्या गडामा कार्तिकको दशै अवसरमा डेउडा गीतको खेल, प्रेम-प्रणय सम्बन्धी

१. केटा : तु माइत नबास्ति होइजा जोवन वड्डो चोला ।
तमी मेरा घर जाओ जसो हुनी होला ॥

२. केटी : भोकका तल्यामा रोटी हालिकन खाइजाउ ।
साइले त्यसो भन्यापछि हन्डानक्या वाइजाउ ॥

३. केटी :  सुत्केरी जाडोले मरी आगो बाल सोड्यानी ।
नलिन्या दमाइको छोरो नजान्या पोड्यानी ॥

४. केटी :  जुघाट जुगालो छैन कहरी  तरलाई ।
यो  दावल माच्याको छैन  पछाडि सरलाई ॥

५. केटा :  चावल धुयाका लुगा अझ पनि मैईलाई ।
उसो त बाबुको छोरो डरन्या छैन  कईलई ॥

६. केटी :  दाजुभाई उठ्याका छनक्या मौऱ्या लाग्यो साथ ।
हठ हो साथका भाइ भाइ वाउजाउ एकै साथ ॥

७. केटा :  रैखानकी रैजादो भयो कसोहरू राया ।
सुत्क्यारी हरन्या छिया तु जसी जोइ पाया ॥

८. केटी : बग्दै र सिलान्या पानी भैमानी का हुन्छ ।
यै मेरा दावलकन भन्याई पुलो जान्छ ॥

९.केटा : बाटाती सेल परी गयो चल्ला कोल्यालीका ।
यी झल्का क्या गऱ्या जान्ना बाज मोऱ्यालीका ॥

**स्रोत : गम्भिर साउद र नामसरा भण्डारी**
**(नन्देगडा - ३ र सुतार -३)**
**र अन्य  सहभागीहरु**

प्रस्तुत गीतमा केटाले केटीलाई प्रश्न गर्दै तिमी यो ठाउँमा आई सक्यौ जे पर्ला म सहुँला आज मेरो घर जाउँ भन्छ । केटाको कुरालाई पुर्व समर्थन गर्दै प्रिय तपाईले त्यसो भनेको हो भने म पनि तयार छु भन्दै सबै साथीहरूलाई जाउ भन्छे । हँसिलो र फुर्तिलो हुँदै केटो उत्साहित मुन्द्रामा तिखो व्यङ्ग्य गर्दै नलिन्या दमाईको छोरो नजान्या पोड्यानी भन्छ । जवाफमा तिखो जघार त जुगालो नभई तर्न कठिन हुन्छ भन्दै खेल र दावल राम्ररी तातिएको छैन अझै समय लाग्छ तात्तिएको दावल माच्यो भने कहीँ पछाडि सरल्लाई भन्छे केटा फेरी उत्साहित हुन्छ र आफ्नो पुरुस्वार्थ देखाउन तयार हुन्छ र भन्छ म वावुको छोरा हुँ तेरो धम्कीले डराउने छैन । पछि त कुनै पनि हालतमा सर्दैन भन्दै गर्दा केटी पनि जान मन्जुर हुन्छे । आफू एक्लै मात्र नभएर सबैलाई लगेर जाने अठोट गर्छे । जवाफमा केटीले अलिक पछि हटेजस्तो भाव व्यक्त गर्दै केटो तिमीजस्तै जोइ पाए त सुत्केरीको बेला पनि संभोग गर्ने थिए भन्छ र

त्यहाको वातावरणलाई र केटीको मनलाई अझ बढी ससङ्कित तुल्याउछ र केटी पनि केही हदसम्म लचक बन्दै गहन भावमा आफ्नो गीत अगाडि भन्छे सिलान्याको पानी जसरी बगिरहन्छ म पनि तैस्तै हुँ तैले जे चाहन्छस् गर् तर मेरो दलबल कम छैन । हामी अलिकति भए पनि धेरै बोक्ने क्षमता छ । केटीले सरल र भावुक भाषाको जवाफ उताउलो परामा अघि बढेको केटो केही सजग हुँदै तिमीले यसरी हामीलाई झल्का लगायौं अब यी झल्का मैले कसरी मेट्ने भन्छ र यत्तिकैमा खेलको अन्त्य हुन्छ ।

### ४.१.१.४ गाज्रा गा.वि.स को डौठ्या गडा डेउडा खेल

केटा : रातभरी मेगपानी आयो रातभरी खेलिजा ।
मेरा वाला पल्टनकि मायाजाल जेलिजा ॥

केटी : चार मैना चौतारो चिन्या क्यै मैना लाग्यो कि ।
तम्रो पल्टन कोरा खेलु साच्यै हुदो हो की ॥

केटाः या भैसा भोकले मऱ्या भैसा लैजाउ सारी ।
पल्टनै यो हुदो भयो धन्न माया धारी ॥

केटी : कर्णालीको चिसो पानी कि अजेली पिन दे ।
तम्रा वाला पल्टनकि खान्छौ कि रिन दे ॥

केटा : होटलका बासी रोटा हामी कोइ खान्या नाइ ।
ढकारीका खेलभित्र कोइ छोडी जान्या नाइँ ॥

केटी : मेरा बाला पल्टनकी खेल डेउडा खेल ।
रुक्स्या गाला रन्क रुमाल घर जान्या बेला ॥

केटीः कि भाउँ जाला भैंसी घाँस कि पिपल चौर ।
यै पल्टनलाई धम्म चले कि लागला सौर ॥

केटाः खेल छोडी जन जाएइ पन कि म कसो गरुँला ।
तु छ कि कलिको माया नौ खेत हानुला ॥

**स्रोत : गंगादत्त भाट र राधिका खत्री र**
**(जनालीकोट-४ र तिमिल्सैन-९ अछाम)**
**र अन्य सहभागीहरु**

प्रस्तुत गीतमा केटाले केटीलाई प्रश्न गर्दै रातभरी पानी पऱ्यो जति मन लाग्छ उति खेली जा भन्छ र मेरो यत्रो पल्टनलाई मायाले जेलिजा भन्छ र जवाफमा केटी साच्चै हो भने तपाइँका पल्टनसँग कोरा खेल्छु भन्छे । केटाले उसको कुरालाई समर्थन गर्दै मेरो यो पल्टनलाई यसरी कौरा खेलाउने धन्य माया धारी होई, तेरो ठुलो दिल रैछ भन्छ । केटाको  जवाफबाट सन्तुष्ट हुँदै केटी तिमीले तिम्रो पल्टन दिन्छौ भने लिन्छु नभए रिनै स्वरूप भए पनि देउन त भन्छे । केटीको जवाफबाट पनि सन्तुष्ट हुदै केटा पनि उत्साहित हुँदै तिमी मेरै गाउँ आएकी छौ अब तिमीलाई यहाँ एक्लै छोडेर जादैन लिएर जान्छु भन्छ । फेरि पनि उनको जवाफमा समर्थन गर्दै हाम्रो यो खेलको एकदमै ढङ्ग पुगेको छ भन्दै सबै जनालाई यो खेल कम्मर कसेर हेर्न आग्रह गर्दै केटाले अब समय सकिदै भन्ने सङ्केत गर्दै रुक्स्या गाला पुछ्न अब घर जाने बेलामा एउटा सामान चिनो छोडेर जान आग्रह गर्छ । जवाफमा केटी अलिक कडा  भएर प्रस्तुत हुँदै केही दिन पनि सम्भव नभएको घुमाउरो तरिकाबाट प्रस्तुत गर्छे र अन्तिममा केटो तिम्रो कलिलो मायामा छुट छ भने नौ खेतको पैसा त्यसैमा हालौला भन्छ र खेल समाप्त हुन्छ ।

यसरी यस डेउडा खेलमा एकदमै रमाइलो ढङ्गबाट प्रेम - प्रणयलाई उजिल्याउने काम गरेको पाइन्छ । परिणाम स्वरूप उनीहरू एकआपसमा बाँधिनेसम्मको अवस्थामा पुगेका छन् ।

**४.१.१.५ प्रेम - प्रणय सम्बन्धी एकल गीत (प्रिय टाढा हुँदा प्रियसी अर्केसँग जाने चिन्ता )**

१. आजकाल मेरो खेल्या थली विरानो भयाको ।
सुवासँग हास्न्या खेल्न्या लहना रह्याको ॥

२. को बैरी झडाउन्या होकी झाडिको पाके फल ।
जहर वनी आउन्या होकी  पवित्र गंगा जल ॥

३. वैशाख वारमास्या फूल टिपेर लाइजाउला ।
राखिराखेइ मेरो माया फर्केर आइजाउँला ॥

४. नहिडै वैरीका बाटा राखिरा राखेई धर्म ।
टाटु अँगाल छुटाइ जादा पोलिदै छ मर्म ॥

५. सुँवालाई छाडेर जादा मर्म पोलिदै छ ।
क्याहरू जन्मेका थलि मन त डोलीदै छ ॥

६. दुस्मनका वचन लाग्या आफ्नाका गुन लाग्या ।
पुस माघका रातिभन्दा दिन लामा हुन लाग्या ॥

७. इजत रह्यो गाउँघरमा राख्याका कृतिले ।
देश गाल पाडन्या हौकी लुकाउस्या प्रितिले ॥

८. पाक्यो फल झडउन्या हुन कि फणीवाउटा हानी ।
वस्याको छु मेरी सुवा आस भरोसा मानी ॥

९. सै बस्नु मुस्किलै भयो दुस्मनको वोली ।
का जाल्लाई कोलका प्रिति आज नभ्या भोली ॥

१०. छुटिगो टाटुको अँगाल घरको माया मारी ।
बस्नु छ विराना ठौर वाह्र गंगा पारी ॥

११. मेरो माया जन माग्रै छोडेर गइ भनी ।
बौलो माया नौलो प्रिति नसारेइ कै भनी ॥

१२. फुल फूल्याको खबर दिएइ परेवाका साथ ।
फुल पाति चढाउदी भएइ देवताका गाथ ।

**स्रोत : राजेन्द्र कठायत**

**(दर्ना -६, अछाम)**

प्रस्तुत डेउडा गीतहरू एउटा पुरुषले आफ्नी प्रेमिकाको पूर्ण आस भरोसा गरी वसेको अवस्थामा अन्तरहृदयबाटै भनेको अनुभूति हुन्छ । आफू प्रदेश भए पनि मन र वचन प्रियसीसँगै रहेको र प्रियसी पनि मंगल कुशल नै छ होली भन्ने भाव छ । समयले गर्दा टाढा भए पनि केही चिन्ता नलिन र आफु चाडै फर्केर आउने आश्वासन आफ्नी प्रेमीकालाई भनेको छ ।  प्रस्तुत गीतहरूको विश्लेषण निम्नानुसार रहेको छ :

प्रस्तुत पहिलो गीतमा आफूहरूको हाँस्ने खेल्ने थली विरानो भएको अनुभूति यसले गरेको छ र आफ्नी सुवासँग त्यही थलीमा हाँसे खेलेको लहना बोकेर बसेको छु भन्ने कुरा अभिव्यक्त भएको छ । दोस्रो गीतमा केटीले झाडीमा पाकेको फललाई झडाउन लागेको शंङ्का गर्दै आफूले  पुजा गर्ने गंगाजल झन अझ वढी जहर बनेर आउने पो हो कि भन्ने विषयमा ठूलो सङ्का गर्दै ससङ्कित भएको छ । तेस्रो गीत वैशाखमा फुल्ने वाह्रमासे फूल तिमीलाई शिरमा सजाएर आउँला र मेरो माया जस्तो छ । त्यस्तै राखीराख्न म अवस्य फर्केर आउनेछु भन्ने भाव व्यक्त गर्दै प्रियसीलाई निश्चित हुन आग्रह छ । चौंथो गीतमा हाम्रा सत्रुहरू धेरै छन त्यसैले बैरीहरूले देखाएको बाटोमा नहिड्नु आफ्नो धर्म राखीराख्नु भन्ने सुझाव दिंदै छुट्टिने बेलाको हाम्रो यो अविस्मरणीय पलले अझैं पनि मर्म पोलिराखे कै छ भन्ने कुरा अभिव्यक्त भएको छ । पाँचौ गीतमा आफ्नी प्रियसीलाई छोडेर गएदेखि मन पोलिरहेकै छ भन्दै आफ्नो घरमा तिमीसँगै वसेर दिन विताउने रहर हुदाहुदै पनि वाध्यताले गर्दा आज परदेश जानुपरेको वाध्यात्मक परिस्थितिको अभिव्यक्ति छ । छैटौं गीतमा दुश्मनका वचन लागेका र आफ्ना मान्छेको गुन लागेको विपरित भाव व्यक्त गर्दै मायामा विरही भएकोले पुस माघका रातभन्दा दिन लामा हुन थालेको कुरा अभिव्यक्त छ । सातौं गीतमा गाउँ घरमा हाम्रो प्राचीन इतिहासले गर्दा इज्जत रहेको छ भन्ने सम्भाव व्यक्त गर्दै हाम्रो प्रेम गोप्य भएका कारणले कही कतै कसैले चाल पायो भने हाम्रो प्रतिष्ठा माथि आँच आउने शंका व्यक्त गरिएको छ । आठौं गीतमा तिमी काचैं फल जस्ती छौ कसैले झटारो हानेर केही विगार पो गरिदिने हुनकि भन्ने चिन्ता गर्दै तिमी ती त्यस्ता समस्याबाट मुक्त रही बस्नु र म तिम्रै आस भरोसा मै बाँचेको छु, भन्ने प्रचुरता प्रेम अभिव्यक्त छ । नबौं गीतमा जतिको मुस्किल दुश्मनको बोली सुन्नुभएको छ । त्यो भन्दा बढी तिम्रो

मायाको भरोसा छ । त्यसैले चिन्ता नमान्नु म दुश्मनलाई पाखा लगाएर तिम्रो अपरम्पार प्रेममा सधैं दत्त चित्त छु । तिमीसँग आज भेट नभएर के भो र भोली त म तिम्रै हु नी भन्ने कुरालाई पुष्टि गरेको छ । दशौं गीतमा एकदमै मलिन मुन्द्राको साथमा आफ्नी प्रेमीकासँगको त्यो प्रणयको बन्धन छुटेको र आज म वाह्र गंगा पारि एक्लै वस्नुपरेको दर्दनात्मक कान्ता विरहीपनको महसुस गरेको छ । एघारौं गीतमा म अहिले टाढा छु भन्दैमा माया मारेको अनुभूति नगर्नु म तिमीसँगै हरतरहले छु त्यसैले तिम्रो भर्भराउदो जवानी र माया म बाहेक अरुसँग नसार्नु है भन्दै शङ्का व्यक्त छ र वाह्रौ गीतमा अर्थात् अन्तिम गीतमा हाम्रो समाचार पु्याउने अरू केही नभए पनि परेवा छ परेवालाई भए पनि हाम्रो मन मस्तिष्कको फूल फूले नफुलेको खबर गर्नु भन्दै म तिम्रै हुँ तिमी मैरै हो भन्ने अति संवेध भावका साथ गीत टुङ्ग्याएको छ ।

यसरी एउटा प्रेमिले आफ्नी प्रेमिकालाई आफू प्रदेशमा बसेकोले स्वदेशमा अति संवेद्य भएर वस्नु भन्ने भाव व्यक्त गर्दै आफू तिम्रो मायाले छिट्टै घर फर्कने सङ्केत समेत दिइएको छ ।

माथिका प्रेम -प्रणय सम्बन्धी गीतहरूमा एउटा तन्नेरीले अर्को तन्नेरीलाई देखाउने विपरित लिङ्गीप्रतिको प्रेमभावलाई व्यक्त गरेको छ । एकल होस दोहोरी दुवैमा प्रेमलाई मुख्य विषयवस्तु बनाई सामान्य चिना परिचयबाट गीत शुरु गरी घरजम गर्ने सम्मका कुराहरू गीतमा अभिव्यक्त छन् । यसरी सुदूर पश्चिमका विभिन्न ठाउँहरूमा डेउडा खेलेर विवाह वन्धनमा बाधिने प्रचलन विद्यमान छ । यसले पश्चिमेली समाजमा डेउडा गीतले पारेको प्रभाव र यसले खेलेको भूीमकाको वारेमा स्पष्ट सङ्केत देख्न पाइन्छ ।

### ४.१.२ गाउँ समाज र पारिवारिक डेउडा गीतहरू

गाउँ समाजका विषयवस्तुलाई मुख्य आधार बनाइ गाइने डेउडा गीत गाउँ समाजका डेउडा गीतहरू हुन । यस्ता गीतमा परिवारका वा समाजका सुख दुःखका साथै पारिवारिक जमघट श्रीमान श्रीमतीको विछोड मिलनका कुराहरूलाई सरल भाषामा प्रस्तुत गरिएको पाइन्छ । यी गीतहरूले समाजमा बसोबास गर्ने सम्पूर्ण मानिसहरूका

सबै खाले वेदनाहरूलाई मुखरित गरेको पाइन्छ । यसका अलवा समाज सुधार र परिवारमा लोग्ने स्वानीको सुन्दर परिकल्पनालाई एकल रूपमा वा सामुहिक रूपमा दुवै तरिकाले प्रस्तुत गर्ने प्रचलन छ । लोक समाजमा यस्ता डेउडा गीत उखान कै रूपमा पनि स्थापित छन । जस्तै **लोग्ने वुढो सुन पुरानो कइलै हुँदो होकी** यसरी गाउँ समाज र परिवारिक परिस्थितिलाई आधार बनाएर गाइने डेउडा गीत र तिनको विश्लेषण निम्नानुसार छ :

**श्रीमान प्रदेश हुँदा श्रीमतीले पोखेका बिलौनाहरू**

१. सुर्जविर हुँदैन हुन म दुःखी गयालै ।
घर बस्ने मन लाग्दैन पियारा गयारै ॥

२. कानको कन्नफूल खस्यो तल्याउणी गडाउदो ।
यति माया किन बस्यो त रानी चणाउँदो ॥

३. नजानु जङ्गली बाटा बिजी जान्ना काँडा ।
साइको मेरो भेट नहुन्या भयो पापी डाँडा ॥

४. कार्तिक धानको बाली परालको विडो ।
कि तइले खबर दिनु कि आइजानु छिटो ॥

५. चलाउन्या डन्डीवाल भाग्यो देश माल गाडीको ।
वाजको चौकीद्धारा को छ मेरा फूल भाडीको ॥

६. छकाल स्याउलीको कामु खाना खायाको नाइ ।
साइ भेट्नु आइजान्या छिया बाटो रायाको नाइ ॥

७. हातको इराउदी भन्दो पानीका कुआउदो ।
साइसित लागिया माया धुरुक्कै रुवाउँदो ॥

८. हिउद उदै वर्खा उदै का जादो कुमाल ।
कैका खोली फिर्काउदो छै कुसुम्या रुमाल ॥

९. सिमल गडा विरूगडा पानविरु खान थिया ।
मान्दो थिया वाजको माया मानी का जान थिया ॥

१०. नैन वाउ दमाया मनी लेख्याका जन्तर ।
साइ भिटन आइजान्या थिया नराखेइ अन्तर ॥

११. चोतीका झिम्ट्याउँदा चाना निक्लाई रोटी खाइगई ।
पराया वावुको छोरो नजा भन्या बाइगई ॥

१२. गाई खान्छ खोलीका घास बाखो खान्छ पाति ।
बाजका स्वैइना आउदा बाह्र बज्या राति ॥

१३. गौरी गाई किलाउदो गयो उभो तान्दा तान्दै ।
साइको मेरो छुट भइ गयो माया मान्दा मान्दै ॥

१४. बर्खा लाइग बन पलाइग डोरी बाट्याको नाइ ।
साइ फाटी पराईका देश माया फाट्याको नाइ ॥

५. चाइन्या छियो पाइन्या छैन ढाड बान्या पेटी ।
जा चिठी लम्केर आइजा बाजकन भेटी ॥

१६. बेलखेत बयालो हान्दो भैंसा बानु भन्या ।
टाढाको बस्यारो पायो माया मानौं भन्या ॥

१७. बिन्द्रा वन विटरिग्या साइका हडन्या भाइसा ।
आइजा बाज् घर फर्की गोसी दिन्ना पैसा ॥

१८. का जान्छै बगन्या पानी कै का लुगा धुन्छै ।
अर्कालाई बुझाउन्या मन आफु क्यान रुन्छै ॥

१९. लाग्छ मलाइ पानी तिर्खा फर्की आइजा सेती ।
अर्कालाई नपुन्या माया किन लाग्छ यति ॥

२०. कादा कादा हिउ पणिगो काकडी कदुकी ।
साई र म बस्याका ठउर दुधी खाइ बसुकी ॥

२१. हातको हिरउड्या भन्दो पणिगो कुआउदो ।
साइसित लागियो माया धुरुक्कै रुवाउदो ॥

२२. निउरी पाक्या स्याउ सुन्तला खानालाई कलकली ।
अनुहार बिर्सन्या होउकी बाजको झलझली ॥

२३. अउल बिउ बयालो खेल्लो लेकका जउ जसा ।
साइ कैले एकान्त हौला भौट्याका मौउजसा ॥

२४. कर्णाली घुमाउरो पऱ्यो लट्ठी बगाउदैन ।
बैरागीका बैरी मन भनी अगाउदैन ॥

२५. हात काटी बिसान लाग्यो निगाली पुत्ताले ।
जिउ सुकी माछीको काडो साइतेरा सुर्ताले ॥

२६. भिटाभिटा कुलो गाड्नु सैनला खेत गर्नु ।
हे बाज पराइका देश ठउरमा चेत गर्नु ॥

२७. भोक लाग्याका भोका पेट बाउडी बाधिदैन ।
बैरागीका बैरी मन सित्ति बाधिदैन ॥

२८. घाँस काटी खेतका भिटा पुलिम्या बान्छौ कि ।
चैत वैशाख लामा दिन अकुलाई मान्छौ कि ॥

२९. खर्क भाउजु चामल दिनी दुई मुठ्या मानु छ ।
दुःखी जीवन विताउनु छ दुःख काटी खानु छ ॥

३० : रुख है बान्द्रका चल्ला रुखै आँसु पुऱ्यो ।
ओटाली धम्कन्या बेला साइ आयोक्या सुत्तो ॥

**स्रोत : समिक्षा कुमारी रावल**
**(विन्देबासिनी.४, अछाम)**

प्रस्तुत पहिलो गीतमा नेपाली समाजमा व्याप्त गरिबीका कारण सूर्जफूल जस्तो पवित्र हुने रहर हुदाँहुदै पनि म गाउँकी दुःखी छु भन्दै आफ्नो प्यारा आफुसँग नहुँदा गाउँघर नै अध्यारो भएको र घर भित्र पस्नै मन नलाग्ने एउटा नारीको वेदना व्यक्त छ । दोस्रो गीतमा विरक्त हुँदै तिम्रो चिनो स्वरूप कानमा कन्न फूल लगाएर बसेकी छु । त्यो पनि म एक्लै हुँदा खसिसक्यो खसेको भएपनि तिमीमा मेरो मायाको कुनै सीमा छैन । अमित प्रेम यसरी यति धेरै किन भयो भन्ने प्रश्न गर्छे । तेस्रो गीतमा जंगलको बाटोमा एक्लै नहिड्ने सुझाव दिँदै त्यस्तो बाटोमा काडा विज्ने डरको सङ्केतका साथै तिमी र मेरो भेट नगराउने डाँडा हो । त्यही पापी डाँडा काटेर तिमी गए देखि म एक्ली छु भन्ने भाव व्यक्त छ । चौथो गीतमा सकिन्छ भने छिटो घर आउनु र आउन नसके पनि जरुर खबर दिनु भन्ने कुराको सङ्केत गर्दै प्रेमीप्रतिको अगाध माया प्रकट गरिएको छ । पाँचौ गीतमा एकदमै भावुक बन्दै मैले रोजे गोडेको फूलबारीको आज भोली चौकीदार को छ भन्ने कुराको सङकेत गर्दै कही कतै आज भोली कसै अरुलाई त मेरो माया बाँडेका छौं भन्ने शंका उत्पन्न गरिएको छ । छैटौं गीतमा बिहानदेखि मेलापात गर्दा गर्दै हैरान छु । मेलापातमा काम गर्दै जाँदा कति सम्झिन्छु, सम्झिन्छु भन्दै तिम्रो ठाउँमा आउने बाटो देखेको भए म अहिल्यै आएर भेट्ने थिए भन्ने कुरा राख्दै अति उच्च रति रागको सङकेत गरेकी छ । सातौ गीतमा हातको औठी पानीको कुवामा तैरी राखेको छ । भन्दै मिठो बिम्बात्मक अनुभूति गर्दै तिमीसँग भएका सबै

प्रेमलापहरूले आज भोली धुरुक्कै रूवाउने कुरा प्रतिकात्मक ढङ्गबाट अभिव्यक्त गरेकी छे । आठौं गीतमा मैले दिएको रुमाल सधै सुरक्षित राखि राख्नु जबसम्म म सँग भेट हुदैन भन्ने कुरालाई मिहीन रूपमा अभिव्यक्त गर्छे, नवौ गीतमा मनमा उच्च आकांक्षा राख्दै आजभोली सिलाने खोलाको पानी पनि भेटिदैन । तिर्खाले मेरो घाटी सुकेको छ भनिएको छ । यसमा धेरै लामो समयसम्म यौनको प्यास अधुरै रहेको र आफु तिर्खाएको सङ्केत छ । दशौं गीतमा हे प्रेमी तिमी हुँदा सिमल गडा र विरू गडा पान विरू मजाले खान्थे तर आज भोली ती सबै खान छुटिसक्यो । त्यसैले तिम्रो मायाको के कुरा गरु गरेर पनि एक्ली छु का जाउँ कसरी तिम्रो मायालाई सम्मालेर राखु । जे भए पनि माया साचेरै भएपनि एक्ली बसेकी छु भन्ने कुरा अभिव्क्त गरिएको छ । एघारौं गीतमा प्रेमिका एकदमै भावुक बन्दै म तिम्रो मायामा एकदमै विह्वल भएकी छु भेट्न आउने ठूलै रहर छ र म भेट्न आउँदा कुनै पनि दूरी नराख्न आग्रह गर्छे । बाह्रौं गीतमा प्रेमीले छोडेर जाँदाका बखत मूलाका चानासँग रोटी खाएको स्मरण गर्दै मेरो आफ्नो भए त मान्थिस् अर्काको छोरो नजाउ त नजाउ भन्दा भन्दै पनि छोडेर गइहाल्यौ मेरो माया खासै नमान्ने रैछौं र मुखनेर मात्रै मायाको बयान गर्थ्यो भन्ने भाव व्यक्त गरिएको छ । तेह्रौं गीतमा विपना नभए पनि तिम्रो यादमा सपना चाँहि देखिरहेकी छु त्यति मै भए पनि चित्त बभ्काएकी छु भन्ने कुराको सङ्केत छ, त्यो पनि रातको मध्य प्रहरमा तिमी आउने हुनाले जेनतेन बाचेकी छु भन्ने सङ्केतका रूपमा यसलाई लिन सकिन्छ । चौधौं गीतमा एकदमै निराश भएर तिमी र मेरो बिचमा गाढा माया हुँदाहुँदै पनि दुःखद बिछोड भएको सङकेत गरिएको छ । यसलाई पूर्ण बिछोड नभई आंशिक बिछोडका रूपमा लिन सकिन्छ । पन्ध्रौं गीतमा घरमा हेर बिचार गर्ने मान्छे नभएर अहिलेसम्म डोरी बाटेको छैन । कसरी वर्षा याममा घाँस काटुला भन्ने कुराको सङ्केत गर्दै प्रिय पराइदेशमा भएपनि माया त ताजै छ, पुरानो भएको छैन भन्ने भाव अभिव्यक्त गरेकी छ । सोह्रौं गीतमा कम्मरमा लाउने पेटीको आवश्यकता महशुस गर्दै श्रीमान भएको भए त त्यो सबै हुन्थ्यो तर आज कसैलाई भनेर त्यो अभावको पुर्ति गरु भन्दै एउटा चिठ्ठी लेख्ने निधो गर्छे र त्यो चिठ्ठीले सबै कुराको पुर्ति हुने आशा गरेकी छ । सत्रौं गीतमा बेल खेत घर देखि टाढा छ, त्यँहा चल्ने हावाले एक्लै बस्न सकिदैन । त्यसैले पियारा भएको भए त दुइजना भैंसी त्यतै सारथ्यौ तर

आज पियारा छैनन् । चिन्तित छु भन्दै पियारा टाढा छन् बसाई सरौ भने पनि अप्ठ्यारो छ भन्ने कुरा व्यक्त गरेकी छे । अठारौं गीतमा श्रीमानलाई घर आउन आग्रह गर्दै पैसाको पुर्ति गर्न देवर त प्रदेशमै छन् उनी पैसा दिइहाल्छन् भन्दै चिन्ता नमान्न आग्रह गर्दै हामी हाम्रै प्रेम - प्रणयमा बसेर जीवन निर्वाह गरौला भन्ने भाव व्यक्त गर्छे । उन्नाइसौं गीतमा बगन्या पानीसँग श्रीमानलाई तुलना गर्दै आज भोली कसका लुगा धुन्छौं र अरूको मन बुझाउन सक्ने त आफैं किन रुन्छस् भनेर आफ्नो हृदयलाई प्रश्न गर्छे । बिसौं गीतमा पनि श्रीमानलाई सोही खोलासँग तुलना गर्दै मलाई तिर्खा लागेको छ फर्केर आइजा भन्ने सङ्केत गर्दै उसलाई नपुग्न्या माया मलाई किन लाग्छस् भनेर श्रीमानलाई प्रश्न गर्छे । एक्काइसौं गीतमा काका र फर्सीका चिरा चिरामा हिँउ परेको सुन्दरताको वर्णन गर्दै हे प्रिय अब म यस्तो दृश्य देखेर एक्लै र एकान्तमा बस्न मन लागेको छ त्यसैले हामी दुईको पुरानो भेट्ने ठाउँमा गएर बस्छु भन्ने कुरा गरिएको छ । बाइसौं गीतमा हातको सुन्दर औंठी कुवामा खसेको अर्थात् जवानी एकदमै चकमन्न भएको अनुभूति गर्दै तिम्रो मायाले दिन रात रूवाएको सम्झना गरेकी छे । तेइसौं गीतमा प्रिय प्रदेश बसेको धेरै भयो कही फर्किदा अनुहार त बिर्सने होइन भन्ने कुराको सङ्केत गर्दै ऊ माथि शंका गरेकी छ । चौबिसौ गीतमा लेकमा धानको बिऊ औलका वेशीका जौं जस्तै हावाले हल्लाउने प्रसङ्ग ल्याउदै हे मेरा प्यारा तिमी यो ठाउँको मान्छे त्यो ठाउँमा झन् कस्तो होला भन्दै प्रिय तिमी कहि कतै एकान्त भएर नबस्नु यहाँ यत्रो परिवारमा बसेको मान्छे भन्दै ऊ माथिको माया अझै प्रगाढ गराउँछे । पच्चीसौँ गीतमा घुमाउरो कर्णालीले सोझो लौरीलाई बगाउन निकै कठिन हुन्छ । सोझोलाई बगाउनु त सोझो नै नदी चाहिन्छ भन्ने कल्पना गर्दै आफ्नो मनका दुःखहरू जति पोखे पनि नअघाउने कुरालाई स्पष्ट पारेकी छे । छब्बिसौँ गीतमा निगालोको सानो छेस्कोले घोचेको हात अझै सञ्चो नहुने गरी बल्झिरहेको प्रसङ्गमा हे ! प्रिय तिम्रो मायाले यो मेरो कोमल शरीर सुकेर माछाको काँडो जस्तो भइसक्यो भन्दै उसलाई छिट्टै घर फर्कने आग्रही भाव व्यक्त गर्छे । सत्ताइसौं गीतमा गराहरूको भित्तातिर कुलो बनाएर खेत चारे झैं जति कुलो बलियो र पानी लिन सजिलो हुन्छ, त्यसरी नै पराई देशमा कदम - कदममा होस् पुऱ्याएर बस्नु भन्ने सुझाव दिएकी छे । अट्ठाइसौँ गीतमा भोकले रन्थनिएको मान्छेको पेट सित्तिमित्ति नदुख्ने भन्दै विरही

मान्छेको मन पनि त्यति सजिलै नबानिने अर्थात नबुझ्ने कुरालाई सङ्केत गरेको छ । उन्नतिसौं गीतमा लेकको बसाइमा खरकतिर भाउजुले चामल दिने दुई मुठीको मानु छ त्यसको एक मानु चामलले मलाई केही पनि हुन्न खान बस्न निकै कठिन छ, त्यसैले हे ! प्रिया जबसम्म त फर्केर आउँदैन  तबसम्म मलाई यो दुःखी जीवन बिताउनै छ र दुःख काटेर खानै पर्ने छ भन्ने कुरा गर्छे । तिसौँ गीतमा चैत वैशााखमा लामा दिन कसरी बिताउँदै उकुस - मुकुस हुन्छ की हुदैन भन्ने चिन्ता व्यक्त गरिएको पाइन्छ ।

**गरिबीको कारणले साहुको रिन तिर्न घरपरिवार छोडेर जादाको पिडा कस्तो हुन्छ । भन्ने कुरा  श्रीमान श्रीमती बिच डेउडामार्फत ।**

१.	श्रीमान : गला पासो साहुको ऋण भै लाउखाउ भन्या दिन ।
साइत जान्या वेला नलाउ प्यारी  मुख मलिन ॥

२.	श्रीमती : कोइछैन आफन्त हाम्रो साउदी मलेसिया ।
सम्झेर मनमुटु मेरो हुन्छ छियाछिया ॥

३.	श्रीमान : छोरालाई प्रदेश जानु भैसोलीलाई बन ।
धेरै पैसा कमाइ ल्याउला जन दुःखाउ मन ॥

४.	श्रीमती : दिल्ली बम्बै गयापन काटिदै छन दिन ता ।
को घडी कसो प हुन्छ  लागिरहन्छ चिन्ता ॥

५.	श्रीमान : आमा,बा को आर्शीवाद बढी तेरो माया ।
चिन्ता नमान केई हुदैन काल बैरी नआाया ॥

६.	श्रीमती : हात मैलो पैसाका लागि काम नगर्नु चर्को ।
आफनो ख्याल राख्नु साइले चिन्ता नलि घरको ॥

**स्रोत : पुरन ठल्कुल्ला र तुलसी ठकुल्ला**

**(वर्दादेवी -१, अछाम)**

प्रस्तुत गीतमा श्रीमतीसँग बस्ने रहर हुदाँहुदै पनि साहुको ऋणले विदेश जानुपरेको छ भन्ने कुरा व्यक्त गर्दै जे जस्तो भएपनि कुनै दिन साहुको रिन तिरौला र घरमा सुखसँगै बसौला भन्ने कुराको सङ्केत गर्दै अब जाने बेलामा मुख मधुरो नपार यो साईतको बेला हो भनी श्रीमतीलाई सम्झाउँछ । जवाफमा श्रीमती हाम्रो आफ्नो भन्ने मान्छे साउदी मलेसियामा कोही छैन । त्यसैले निर्धक्कसँग जानु भनी कसरी भनु भन्दै यो पलले मेरो मन मुटु खाइरहेको छ भन्छे । श्रीमतीको यस्तो  अभिव्यक्तलाई बुझ्दै श्रीमान छोरालाई प्रदेश जानु र भैसीलाई वन जंगल जानु स्वभाविक हो । हे ! प्यारी चित्त नदुखाउ म कुनै दिन धेरै धन पैसा कमाएर ल्याउला अनि सुखसँग बसौला भन्ने आश्वासन दिन्छ । श्रीमान भारत नभई अरू देश नै जान लागेकोले दुःख मनाउ गर्दै हाम्रो गाउँ ठाउँका अरू मानिसहरू त दिल्ली बम्बै गएर पनि दिन बिताइ राखेका छन् । त्यसैले सक्छौ भने त्यतैतिर जाउ न त बुढा भन्ने सङ्केत गर्दै बुढा दिल्ली बम्बैमा मात्र आफु सिमित नभएको भावले श्रीमती कुन समय के हुन्छ बिरानो ठाउँमा मनमा चिन्ता लागिरहन्छे भन्छे । श्रीमतीको अन्तर कुन्तरको प्रेमले पगालेपछि श्रीमान अलिक मलीन हुँदै बुवा आमाको आशिर्वाद र तेरो मायाले मलाई केही पनि हुदैन । त्यसैले चिन्ता नगर प्रिय पापी काल नआउन्जेलसम्म हामीले जे गरे पनि केही हुन्न भन्छ । अन्तिम जवाफमा यो पैसा भन्ने चिज नै विचित्रको छ यसको मुख कालो हुन्छ। प्रिय घरको केही चिन्ता नमान्नु म छदैछु । यता जे पर्छ सकेसम्म गरौंला भन्दै श्रीमती श्रीमानलाई बिदाईको हात हल्लाउँछे ।

### ४.१.३ पेशा सम्बन्धी डेउडा गीतहरू

समाजमा बसोबास गर्ने मानिसहरू विभिन्न पेशा र व्यावसायमा आवद्ध हुन्छन् । आफ्नो पेशा र व्यवसायमा नै दिनचार्या गर्नु ग्रामीण मानिसहरूको बाध्यता नै हो । यसरी विभिन्न पेशा व्यवसाय अनुसार पनि सुदूरपपश्चिमका गाउँ गाउँमा गाउने प्रचलन छ । प्रस्तुत विभिन्न पेशा र व्यावसाय सम्बन्धी डेउडा गीत र तिनको विश्लेषण निम्नानुसार छ :

## रोपाईका अवसरमा गाइने डेउडा गीतहरू

१. रोपन्यारी बैतडी राम्री हली राम्रा लुल ।
भुणुरी पैह्रदो भया श्रीमान फूल ॥

२. दुई खेरी भन्दाइन छनक्या अइलका सागाकी ।
वुणी बेल घर बाइगइ रोपन्यारी पागाकी ॥

३. जेठ महिना रमाइलो लाग्दो लेकै काफल पाक्दा ।
सित्ताको वनवास भयो रामचन्द्रका लाग्दा ॥

४. रोपन्यारी पागाकी सल्लिबेर घर बाइगई ।
कैकी तिर भलो बनाउ दोहोरै सागाकी ॥

५. कुला हाली पानी लायो मेरा गैरी खेत ।
यी झल्का क्या हऱ्या जान्ना मेरा अर्द्ध चेत ॥

**स्रोत : विष्णा ठकुल्ला**
**(बर्दादेवी -५, अछाम)**

रोपाईका अवसरमा डेउडा गीत नेपाली लोकगीत असारे गीतका नजिक रहे पनि त्यसको शैलीका कारणले फरक छ । त्यसो भएकाले रोपाई सम्बन्धी डेउडा गीत एकल वा सामुहिक रूपमा गाउन सकिन्छ । यही प्रस्तुत गीत एकल र सामुहिक दुवैको प्रतिनिधित्व गर्दछ । रोपाइ गीत र तिनको विश्लेषण निम्नानुसार गर्न सकिन्छ :

प्रस्तुत गीतमा रोप्न्यारी वैतडीकी राम्री हुने र हलि राम्रा लुलका हुन्छन् भन्ने भनाइलाई साभार गर्दै श्रमिानको चिनो स्वरूप धानको कलिलो विउबाट बनेको फूल ( भुणरी) लाउँछु भन्दै श्रीमानप्रति पूर्ण समर्प्रित भाव व्यक्त भएको पाइँन्छ । दोस्रो गीतमा दीनभरी रोपाइमा व्यस्त रहेकी रोप्न्यारीको दुःख जीवनशैलीको बारेमा बोल्दै दिनभर केही खाजा खान नपाएकी एउटी महिला बेलुकी गोधुली साँझमा एकदमै मलिन मुन्द्रामा घर फर्किने गरेको दुःखद वेदनालाई यस गीतले प्रस्तुत गरेको छ । तेस्रो गीतमा जेठ महिना लेकमा काफल पाक्ने र वेशीमा रोपाई हुने प्रसङ्ग ल्याउँदै रामचन्द्र जस्ता कठोर पुरुषका कारण हामी जस्ती सोझी सीताको बनबास भयो भन्ने कारुणिक कुरालाई स्पष्ट पारिएको छ । चौथो गीतमा कुनै बेला दिउँसै रोप्न्यारी घर

गएको कुरालाई सूचित गर्दै विभिन्न थरीका हली र बाउँसेहरू छन् अव म एक्ली कसरी उनीहरूको मन वुझाउन सक्छु भन्ने कुरालाई स्पष्ट पारिएको छ । पाँचौ गीतमा कुलोबाटै मात्रै पानी ल्याउन सम्भव भएको गैरी खेतलाई सम्झदै रोपाइको झझल्को कसरी मेट्न सकिन्छ वा सकुला भन्ने कुरालाई स्पष्ट पारेको छ ।

### ४.१.४ राजनीति सम्वन्धी डेउडा गीतहरू

राजनीति समाज परिवर्तनको एउटा महत्वपूर्ण पाटो हो । समाजमा बसोबास गर्ने मानिसहरूको सामाजिक थिति बसाल्ने एउटा विधि विधान हो । यसको सही प्रयोग र पहिचाँन गर्न सके समाजको राम्रै उत्थान हुन्छ भने राम्ररी प्रयोग र परिचालन गर्न नसके समाजमा यसको निरपेक्ष असर पर्दछ । बर्तमान नेपाली समाजमा सापेक्षताका दृष्टिमा भन्दा पनि निरपेक्ष प्रभाव परेको कारण सबै जनताहरू राजनीतिप्रति निरुत्साहित छन् यही निरुत्साहिताका कारण डेउडा गीत पनि अछुतो रहन सकेको छैन । परिणाम स्वरूप सवैतिर राजनीतिको नकरात्मक असरको चर्चा परिचर्चा उल्लेख्य मात्रामा हुँदै आएको पाइन्छ । प्रस्तुत छ राजनीति प्रति तिखो व्यङ्ग्य गरिएका डेउडा गीत र तिनको विश्लेषण  निम्नानुसार छ :

१) ठूला मान्छे ठुला हुन्छन् धनसम्पत्ति घुसाई ।
जसा नेता आयापन गरिबका दिन उसाई ॥

२) मनको पिडा वुझ्नेनकि जीवनका साथीले ।
नेपालको सम्पत्ति खायो राजनीति पार्टीले ॥

३) कोइ भन्दा छन मै ठूलो कोई भन्दा उ जानु ।
नेपालमै वस्नुपर्ने सुख खोजीका जानु ॥

४) नेताको हानाहान हुँदो जनता दुःख पाउनु ।
भष्ट्रचारी नेताकन जिउँदै आगो लाउँनु ॥

५)	कति लास पुऱ्याका छन् चल्याको छ गन्ध ।
हिजो वन्द अस्ति वन्द आज पनि वन्द ॥

६)	कोइ ठुलो जन्मिएलाकी नेपाली माटोमा ।
कैले पनि तार परेन राजनीति बाटोमा ॥

७)	म प्रदेश घरमा एक्ली मेरी मनकी सानु ।
खाइसक्यो  देशको सम्पत्ति जनताले का जानु ॥

८)	संसारै सभन्दा लामो देश राम्रो चिली ।
देशमा संविधान ल्याओ सवै दाइभाई मिली ॥

**स्रोत : राम ब. साउद**
**(बर्दादेवी -१, अछाम)**

प्रस्तत् पहिलो गीतमा राजनीति गर्ने मान्छेलाई ठूला भन्दै उनीहरू जहाँ तही पैसा घुसाएर भएपनि ठूलै हुन्छन् भन्दै उनीहरू जति माथि पुगेपनि गरिव दिन दुःखी जनताका दीनहीन दिनचर्या जस्ताको तस्तै रहेको संकेत गरिएको छ । दोस्रो गीतमा नेताहरू म ठूलो त सानु भनी एकआपसमा झगडा गरिरहन्छन् र हामी सोझो जनता देश छोड्नु पनि छैन सुख पनि नहुने भएपनि वाध्यात्मक परिस्थितिमा यही देशमै बस्न बाध्य भएको दुखेसो पोखेको पाइन्छ । तेस्रो गीतमा जीवन साथीले पनि मनको पीडा वुझन कठिन परिस्थितिको सिर्जना पनि राजनीतिको उथलपुथलका कारणले भएको हो र नेपालको सम्पति लुट्ने पारङ्गत राजनीतिक पार्टीहरू जनतालाई ठग्दै देशको सम्पत्ति लुटिरहेका छन् भन्ने सिधा बोली बोलेको देखिन्छ । चौथो गीतमा नेताहरू एक आपसमा मिल्न सक्दैनन् भने हामी सोझा जनतालाई के को शुख शान्ति दिन्छन् होला र ? भन्दै शङ्काको भाव व्यक्त गर्दै त्यस्ता भ्रष्टचारी नेताहरूलाई जिउँदै आगो लगाउनुपर्ने कठोरता प्रष्ट गरिएको छ । पाँचौ गीतमा जन आन्दोलन जनयुद्धको स्मरण गर्दै जनताका छोराछोरीको लास वनजङ्गलमा जताततै गाडेर गन्ध अझैं सम्म पनि आउँदै छ भन्दै त्यत्रो मानिसहरूको रगतले नपुगेर अझैं पनि कहिले वन्द त कहिले

हड्तालमा राजनीतिक दलहरू लाग्नु दुःखद कुरो हो भन्ने कुराको दुःख चित्रण यस गीतमा छ । छैटौं गीतमा नेपालमा अब देहप्रेमी जनप्रेमी नेता जन्मिएलान् की भन्ने आशा व्यक्त गर्दै कहिल्यै पनि नेपालमा राजनितीक स्थिरता नभएको जहिले पनि जनताले दुःख पाएको कुरालाई प्रष्ट पारिएको छ । त्यसका लागि एउटा इमान्दार र राष्ट्रप्रेमी  नेता नेपाली समाजमा आवश्यक परेको यथार्थलाई महत्त्व दिइएको छ । सातौ गीतमा देशको त्यस्तो दुर्दशाका कारण प्रदेश जानुपरेको नेपाली युवाको वेदनालाई सङ्केत गर्दै तन्नेरी श्रीमतीलाई मस्त जवानीमा पनि छाडेर जानुपरेको बाध्यतालाई पनि स्पष्ट पारिएको छ र यी प्रसङ्गसँगै यस गीतमा जनताले खानुपर्ने वा विकास पाउनुपर्ने ठाउँमा सबै कुरा नेताले भ्याम्म पारेको दुःखमा पक्षलाई प्रष्ट पारेको छ । आठौं गीतमा अलिकति आशा व्यक्त गर्दै अब सुध्रिएर फेरि पनि जनताका माझ आउनु छ भने सवै जनता मिलेर संविधान देऊ र विधिको शासनमा हामीलाई बाच्न देऊ त्यही नै हाम्रो महत्त्वपूर्ण आसा हो भन्ने कुराको सङ्केत यस गीतमा पाइन्छ ।

### ४.१.५ समसामयिक डेउडा गीतहरू

समसामयिक परिवेश भाषा, संस्कृति, राजनीति लगाएतका विषयवस्तुको घोतन गर्नु नै समसामयिकता हो । यसमा तत्काल वा वर्तमान परिस्थितिमा देश र कालमा के कस्तो भइरहेको छ ? के हुनपर्छ भन्ने जस्ता विविध सामाजिक आर्थिक विषयवस्तुलाई मुख्य आधार बनाइएको हुन्छ । डेउडा गीतमा पनि समसामयिक परिस्थतिलाई आधार बनाएर डेउडा गीत गाउँने प्रचलन छ । सोही अनुसार प्रस्तुत छ समसामयिक देउँडा गीत र तिनको विश्लेषण :

धन राजाको जीउँकालको दिन क्यान जादा हुन ।
महिलाको आयाको रकम को नेता खादा हुन ॥

रानीवन चरन्या भेडा सवै सेताइ सेता ।
महिलाको आपाको रकम खादा ठूला नेता ॥

**स्रोत : कृष्ण साउद**

**(बर्दादेवी -१, अछाम)**

प्रस्तुत पहिलो गीतमा धनराजाको जीउँकालको दिन किन यसरी जान्छन् होला भन्ने जीवनप्रतिको दुखेसो गर्दै वर्तमान समावेशी समाजमा महिलालाई माथि उठाउँनु पर्छ भन्दै महिलाको हितको लागी आएको रकम नेताहरू किन खाइदिन्छन् होला भन्ने प्रश्न गरिएको छ । दोस्रो गीतमा पनि महिला सम्वन्धी नै छ यसमा पनि महिलाको रकम नेताहरूले नै खान्छन् भन्ने किटानी गरिएको छ ।

### **४.१.६ हाँस्य व्यङ्ग्य सम्वन्धी डेउडा गीतहरू**

हाँस्नु स्वभाविक प्रक्रिया हो तर कुनै विषयवस्तु र दृश्य देखेर हाँस्नुको छुट्टै मज्जा हुन्छ । मानवीय चरित्रमा दैनिक जसो एकहजार चोटि हास्नुपर्छ भन्ने वैज्ञानिक आधार पुष्टि भइसकेको बेला लोकमा पनि विभिन्न परिस्थिति र परिवेशमा हाँस्ने गरिन्छ । यसरी हासो व्यङ्ग्य गर्ने क्रममा डेउडा गीतमा पनि हाँसो र व्यङ्ग्य गरी खेल्ने प्रचलन विद्यमान छ । प्रस्तुत छ हाँस्यव्यङ्ग्य सम्बन्धी डेउडा गीत र तिनको विश्लेषण निम्नानुसार छ :

**पुरुष -पुरुष बिच भएको डेउडा (हाँस्य-व्यङ्ग्य रमाइलो)**

पहिलो पक्ष : बणुका कागजमनी कर कर लेखी ।
आजै त गौड्या भिट भयो का खायाको देखि ॥

दोस्रो पक्ष : बग्याको कैलास नदी बिच क्यान पसी ।
गडाको भिटाउँदो खान्थी जुपु चैते दशैं ॥

पहिलो पक्ष : जादैन सिलान्या पानी जादैन जादैन ।
रक्सी खान्छ वियर खान्छ मत क्यै खादैन ॥

दोस्रो पक्ष : यै मनले सेच्या जसो हुन्या छैन पुरा ।
थैलो पनि धुक्याउदो छ हेर यैका कुरा ॥

पहिलो पक्ष : कैका घर रक्सी पाउदो रात दिन धाउदो ।
जातिर बयालो हन्डो वातिर मुख लाउदो ॥

दोस्रो पक्ष : जुग जमाना ठिक छैन प रक्सी नापई खाएई ।
बाल बच्चा चिन्ताले मद्दा छटाई घर आएई ॥

पहिलो पक्ष : अर्काको कमारो होला जानी भैसा बानी ।
अब तेरा घाटी लाग्छ पाँचसयको पानी ॥

दोस्रो पक्ष : उल्टो बोल्लो सुल्टो बोल्लो सुधारे है बानी ।
मुकन चाहिदैन राइक्या घाटी सुक्न्या पानी ॥

**स्रोत : राम ब. वि.क. र दिपक परियार र**
**(कालिका -४ र २, अछाम)**
**र अन्य सहभागीहरु**

प्रस्तुत गीतमा पहिलो पक्षले पहिलो चोटीको भेटमा जाड खाएको कसरी देखी भन्ने कुराको सङ्केत गर्दै म त जाड नखाने मान्छे हुँ भन्दै आफ्नो बचाउँ, गरेको छ । दोस्रो पक्षले जाड खाएको जुपू खौलाका गराका भिटामा बसेर खाएको मैरै आँखाले देखेको छु भन्दै उसको बचाउँलाई तोडी हँसाएको छ । पहिलो पक्षले फेरि आफ्नो बचाउ गर्दै जाड रक्सी तैले खान्छस् होला म त् वियर पनि खादैन भनेको छ । दोस्रो पक्षले फेरि उसको बचाएको खण्डन गर्दै अछाम तिर प्रख्यात थैलोमा प्याक गर्ने गरेको घरेलु मदिरा पनि खान्छै झन उल्टै ठूलो कुरा गर्छै भनेको छ । पहिलो पक्षले फेरी आफ्नो वचाउँ गर्ने जुन घरमा घरेलु ठर्रा पाइन्छ त्यही जान्छे अनि रक्सिको हाँवा जतातिर गयो उतैतिर जान्छे मलाई पो आरोप लाउँछ त भन्दै उसैमाथि सबै दोष थुपारी दिन्छ । दोस्रो पक्ष उसले जाड खाएर केही पनि थाहा नपाउँने कुरालाई तिखो व्यङ्ग्य गर्दै सुझावमा जान्छ देश, काल र परिस्थिति ठीक छैन रक्सी खाएपनि थोरै खानु घरमा बालबच्चा चिन्ता मानी रहन्छन् त्यसैले छिटै घर गैहाल्नु भन्दछ । पहिलो पक्ष दोस्रो पक्षलाई तिखो वयङ्ग्य गर्दै अर्काको भैसीको गोठालो साले मेरो वारेमा के थाहा छ र तलाई भन्दै अब जे पर्ला पर्ला तेरो घाटी लाग्ने गरी पाँच सयको दारु खुवाई दिन्छु भन्दछ । दोस्रो पक्षले आफुलाई लाएको आरोपको खण्डन गर्दै उल्टो सुल्टो किन वोल्छन् कि त तेरो दिमाग ठिक छैन भन्ने शंका गर्दै बानी सुधार्न आग्रह गर्दै धाराको पानी खुआउँन त कठिन त रक्सीको कुरा गर्छस् भन्दै खेल टुङ्ग्याउँछ ।

## एड्स सम्वन्धी डेउडा गीतहरू

यस्तै अछाम जिल्लाको प्रमुख समस्या भनेको एच.आइ.भी. एड्स भएकोले उक्त रोगले अछाममा बिकराल रूप लिइएको र उक्त विकृत पक्षको डेउडाको माध्यमबाट यसरी उठाएका छन् :

पहिलो पक्ष : तबै त हेलाको पणी बिग्ण्याका बानीले ।
चेतकान तेरा उडीगया रक्सीका पानीले ॥

दोस्रो पक्ष : फागको जमारी मौरो पगारको भेरो ।
नौलो रोग लाग्याको छ कि सइमान्दैन तेरो ॥

पहिलो पक्ष : सिपालु ओडका छोरा आछिन ताछिन ।
मु त चिन्ता तेरै मान्दो नौलो रोग आछिन् ॥

दोस्रो पक्ष : मेघपानी वर्षन लाग्यो भैसी आमा फर्क ।
तेरो रगत जाँच्नु पण्यो तेरो बाबा पर्ख ॥

पहिलो पक्ष : चिन्याका चौतारामनी मुन्टो कोद्दी धनी ।
तेरो रगत् चेक गद्दो भ्या बडालगडा मनी ॥

दोस्रो पक्ष : अटल्ल्याको डौठ्या गडो कसरी खन्दा छन् ।
अस्पताल अस्पताल भन्दो घर क्या भन्दा छन् ॥

पहिलो पक्ष : यति राम्रो बैस तेरो ठुलो हरी खोद्दी ।
पुणो जा पुणो जा भन्दी घरकी श्रीमती ॥

दोस्रो पक्ष : लाई दिउक्या अधुरा झल्का जति भन्यो तति ।
घर आ घर आ भन्दी घरकी श्रीमती ॥

पहिलो पक्ष : तेरो त परदेश छदाई जापन जापन ।
एच.आइ.भि. लाग्याका हुन्या लाज मानी खापन ॥

दोस्रो पक्ष : हिउँद उदै बर्खा उदै का जादो भै बाज ।
एच.आइ.भी. तुकन लाग्यो साइ मान्दिन लाज ॥

पहिलो पक्ष : बम्बै राम्रा बाल केशर पुना राम्रा बिटी ।
नेपाली दाजु भाइ सबै जन जायाँ कोठी ॥

दोस्रो पक्ष : बाल बच्चा मूल्या पड्डा सुनिहेल सबै ।
नेपाली दाजुभाइ हो कोठी जन जाया कबै ॥

**स्रोत : जगन्नाथ शर्मा र हिम शंकर स्वाँर**
**(बर्दादेवी -१ र ३, अछाम)**
**र अन्य सहभागीहरु**

प्रस्तुत गीतमा पहिलो पक्षले दोस्रो पक्षलाई हेला गर्दै तेरो बिग्रेको बानीले गर्दा हेला परिस् भन्दै रक्सी खाने बानीले झन् चेरा चेत पनि ठेगान्मा छैनन् भनी शुरुमै व्यङ्ग्य प्रहार गर्दै ऊ माथि ठूलो आरोप लगाएको छ । दोस्रो पक्षले विषयान्तर गर्दै तलाई नौलो रोग (एड्स) लागेको छकि क्या हो । त्यसैले तैले भनेको केही पनि सही मान्दैन भन्दै आफुमाथि लगाएको आरोपको बचाऊँ, गर्दै झन् उसैमाथि आरोप लगाएको छ । दोस्रो पक्षले लगाएको आरोपको खण्डन गर्दै मलाई त नौलो रोग छैन तेरो रक्सी खाने बानीले मलाई तर चिन्ता लाग्छ भनेको छ । पहिलो पक्षलाई एड्स लागेको छ भन्ने शंका गर्दै उसको रगत जाँच गर्नुपर्छ भन्ने कुरा व्यक्त गर्छ । पहिलो पक्ष आफूलाई लगाएको आरोपको खण्डन गर्नुको सट्टा झन्. उल्टै अर्को पक्षको रगत वडालगडा अस्पतालमा लगेर जाँच गर्नुपर्छ भन्छ । दोस्रो पक्षले अस्पतालको मात्रै कुरा नगर तेरो घरमा घरका मान्छेले के सुझाव सल्लाह दिन्छन् भन्ने कुरामा केही सोचेको छस् कि छैन भन्ने कुरा गरेको छ । पहिलो पक्ष आफुलाई एड्स लागेको स्वीकार्दै श्रीमती पनि नजिक नआउन भन्छे भन्दै दु:खेसो गर्छ ।

यसै गरी दोस्रो पक्षले उसलाई तिखो व्यङ्ग्य गर्दै मलाई त मेरी श्रीमती घर आइज मात्रै भन्छे भनी उसलाई होच्याउने कुरा गर्छ । पहिलो पक्षले आफूलाई एड्स भित्रिने मुख्य ठाउँ प्रदेशमा जाँ जाँ भनेर भन्छ र त्यहीँ गएर तलाई एड्स लागेको र लाज पनि मान्दैन भनेर धम्की दिन्छ । जवाफमा आफूलाई एड्स नलागेको र त लागेको मान्छेलाई लाज छैन भने मलाई के को लाज हुन्छ र भन्छ । पहिलो पक्ष आफूले भूल गरेको कुरा घुमाउँरो पारामा स्वीकर्दै नेपाली दाजुभाइ कसैलाई पनि कोठी नजान

आग्रह गर्छ र दोस्रो पक्ष त्यसैमा थप्दै बालवच्चा टुहुरा हुने र घरपरिवारको बिचल्ली हुने हुनाले कोठी नजान आग्रह गर्दै गीत टुङ्ग्याउँछ ।

**छाउपडी प्रथा सम्बन्धी**

छाउपडी प्रथा अछाम जिल्लामा समस्याको रूपमा रहेको छ । छाउपडी प्रथाको बारेमा भन्नुपर्दा घरबाट टाढा रहेर गोठमा पाँच दिनसम्म कुनै पनि वस्तु, गाईं भैंसी, भेडा, बाखा, मानिस र सामानहरू छुन नहुने सामाजिक कुरीति हो । यसलाई हटाउन विभिन्न संघ संस्था सरकारी पक्ष आम शिक्षित जनसमुदायबाट पहल भएपनि कायमै रहेको छ । जुन डेउडा गीतले पनि यही भन्छ ।

छाउँ हुनु दैबको खेल हो, फल होइन पापको ।
छाउपडीलाई गोठ राख्या, डर हुन्छ सापको ॥
पराली त्यान्द्राको थाङनु, गोठभित्रको सुत्नु ।
हिउँद जाणी, बर्खा झणी झिस्मीसेको उठ्नु ॥

छोरी चेली आमा बैनी कति दुःख खान्या हुन् ।
छाउपडीलाई बाहिर सर्न्या दिन कहिले जान्या हुन् ॥

**स्रोत : जोग्यानी साउद**
**(बर्दादेवी -१, अछाम)**

महिनावारी हुनु भनेको अपराध होइन यो त नारीहरूको धर्म नै हो । त्यसैले यसलाई पापको फल सम्झेर घर बाहिर गोठमा राख्नु हुदैन भन्ने सल्लाह दिँदै महिनावारी भएको बेलामा गोठमा राख्दा सर्पको डर हुन्छ । भन्ने कुराको वारेमा सङ्केत गरेको छ । दोस्रो गीतमा परालको त्यान्द्राहरूमा सुत्नु पर्ने वाध्यात्मक परिस्थितिको दुखेसो गर्दै हिउदको जाडो वर्षाको पानी अनि बिहानै उठ्नुपर्ने अवस्थाको चित्रण गरिएको छ । यो परम्परा सुपमा अझै पनि विद्यामान छ । तेस्रो गीतमा छोरी चेली, आमाहरूलाई अझै कहिलेसम्म यसरी वाहिर गोठमै राख्नुपर्ने हो भन्ने विषयमा चिन्ता व्यक्त गर्दै यो प्रथा

अझै कहिले सम्म रहन्छ होला र हामीले कहिलेसम्म दुःख पाइ रहन्छौ भन्ने कुराको अभिव्यक्ति यस गीतमा पाइन्छ ।

सूदुर पश्चिम समाजमा व्याप्त जीवनशैली र त्यहा विद्यमान विभिन्न चुनौतीका वारेमा विस्तृत चर्चा गरिएको गीतहरूले भने त्यहाँको सामाजिक विभेद, जातीय विभेद, सांस्कृतिक विविधतालाई प्रष्ट पारिएको छ । यसरी प्रस्तुत गरिएका गीतहरूले त्यहाँको सामाजिक संरचना र व्यावहारलाई प्रष्ट रूपमा सङकेत गर्नुको साथै महिलाहरूका दुःखमा कठिन मोडहरूको पनि विस्तृत व्याख्या गरीएको छ । त्यसैले सूदुरपश्चिमको अछाम जिल्ला पनि यी यस्तै विविधताबाट अछुतो रहन सकेको छैन । त्यसो भएकाले समग्र सूदुर पश्चिमको एकत्त्वलाई वोध गर्ने यी डेउडा गीत सबै क्षेत्र र भेगको प्रतिनिधित्वलाई सरल रूपमा अघि सारेको पाइन्छ ।

## ४.२. डेउडा गीतमा धर्म - संस्कृति

धर्म संस्कृति सम्बन्धी विषयवस्तु भएका डेउडा गीतलाई धार्मिक वा सांस्कृतिक डेउडा गीत भनिन्छ । समाजमा बसोबास गर्ने मानिस कुनै न कुनै धर्म संस्कृतिबाट आवद्ध हुन्छ सोही धर्म अनुसारको संस्कृति समाजमा विद्यमान रहन्छ । धर्म र संस्कृति एक सिक्काका दुई पाटा हुन् किन भने धर्म अनुसारको संस्कृति जुनसुकै ठाउँमा पनि हुन्छ । समाज र संस्कृति नै मानवीय संवेदनाको सबैभन्दा महत्वपूर्ण पक्ष हो । मानिसको अस्तित्त्व र पहिचान गराउने आधार नै उसको धर्म संस्कृति हो । धर्मले मानिसलाई निश्चित दिशा देखाउँछ भने संस्कृतिले उसको  व्यावहारमा परिवर्तन ल्याउन महत्त्वपूर्ण भूमिका खेल्दछ । यसो भएकाले डेउडा गीतमा पनि धर्म संस्कृति सम्बन्धी थुप्रै गीतहरू रहेका छन् । विशेष गरी डेउडा  गीतले शास्त्रीय धर्म, लोक धर्म, स्थानिय देवी देवता, रितिरिवाज, जस्ता पक्षलाई उठाएका छन् । ति गीत र तिनीहरूको विश्लेषण निम्न अनुसार गर्न सकिन्छ ।

### ४.२.१ शास्त्रीय धार्मिक डेउडा गीतहरू

हिन्दु धर्ममा आधारित धार्मिक ग्रन्थ वेद, पुराण, रामायण महाभारत जस्ता धार्मिक ग्रन्थहरूमा आधारित गीतहरूलाई नै शास्त्रीय धार्मिक डेउडा गीतहरू भनिन्छ । शास्त्रले भनेका भगवान राम, कृष्ण, शंकर पार्वति सरस्वती जस्ता शास्त्रका विशेष व्यक्तित्व सँग सम्बन्धित हुन्छन् । त्यस्ता गीत र तिनको विश्लेषण निम्नअनुसार छ :

१. दही चोरी कनले खायो कैका समाउ हात ।
कृष्ण जी बिन्द्रावन डुल्ला गोपिनीका साथ ॥

२. बिन्द्रावन लडीबुडी गाई हेर्न जान्थिया ।
कृष्ण जी घरमा कैलै दही चोरी खान्थिया ॥

३. बासुदेव र देवकीका कृष्ण सातौ छोरा ।
देवधारी शक्तिशाली हिउँ जतिकै गोरा ॥

४. सेरी खेत उज्यालो भयो पुनीका जुनले
गोपनी सेजमा बसी बासुरी धुनले ॥

५. सौह्रसय गोपनीलाई विश्वासमा पारेर ।
पाप गर्यौ कि धर्म गर्यौ कंशलाई मारेर ॥

६. ध्यान गर्छौ तपस्या गर्छौ तम्रो फोटो हेरी ।
कलियुगमा कृष्णजीको जन्म होइजाउ फेरी ॥

७. द्वापर युगमा श्रीकृष्ण सत्ययुगका राम ।
कृष्णजीको भक्ति गर्न गैजाउ कृष्णधाम ॥

८. मनको सन्तुष्टि पाउन मुहारमा कान्ति ।
आऊ कृष्ण धर्तीमा फेरी गरिजाउ शान्ति ।

९. सोह्र सय गोपिनीलाई कृष्ण मन पराउन्या ।
वृन्द्रावनमा हास्दै खेल्दै मोरेली वजाउन्या ॥

**स्रोत : राजेन्द्र कठायत**
**(दर्ना -६, अछाम)**

प्रस्तुत पहिलो गीतमा श्रीकृष्णले दही चोरेर खायो, अब कसलाई तैले दही चोरेर खाइस् भनु भन्ने दोमनको अवस्था सिर्जना भएको उल्लेख गर्दै कृष्णले नै दही चोरेको हो भनु उनी गोपीनीसित वृन्द्रावनमा घुमि रहेका छन् भन्ने प्रसङ्गलाई अघि सारेको छ । दोस्रो गीतमा आफु एक्लै भए पनि वृन्द्रावनमा एक्लै गाइ चराउनु गएकी स्मरण गराउदै कृष्ण जी गाई चराउनु गएको अवसर पारी घरमा गएर दही चोरेर खाइन्दिन्थे भन्ने कुरा स्पष्टका साथ भनिएको छ । तेस्रो गीतमा वासुदेव र देवकीका सातौं पुत्रका रूपमा कृष्ण जन्मेका र देवताजस्तै शक्तिशाली हिउँ जस्तै गोरा व्यक्ति जन्मेका भन्दै श्रीकृष्णको प्रशंसा गरिएको छ। चौथो गीतमा श्रीकृष्णको बाँसुरीको धुन सुनेर गोपिनीले श्रीकृष्णसँग विहे गरेको प्रसङ्गलाई अघि सारेको पाइन्छ । पाँचौ गीतमा सोह्रसय गोपिनीलाई विश्वासमा दिलाउन सक्ने अद्वितीय क्षमता भएका श्रीकृष्णले पाप हो  धर्म के हो त्यो थाहा भएन मार्न त कंशलाई मारेको हो भन्ने शंका गरेको छ । छैंटो गीतमा अहिले पनि कृष्णको तपस्या र पुजा आजा हुँदै गरेको संकेत गर्दै अझ पनि फेरी एकचोटी जन्म लिई यो सृष्टिको पुन सिर्जना गरिदिन आग्रह गरिएको छ । सातौं गीतमा सत्ययुगमा रामजस्तै द्वापर युगमा श्री कृष्ण थिए तिनै कृष्णको भक्ति गर्न अब कृष्णधाम जानुपर्छ  भन्ने सन्देश यस गीतमा छ । आठौं गीतमा कृष्ण फेरी पनि  यो धर्तिमा आउ छन् होला भन्ने अपेक्षा गर्दै उनी आयो भने यो पृथ्वीमा शान्ति, सद्भाव र एकता कायम हुने आशा व्यक्त छ । नवौं गीतमा श्रीकृष्णले सोह्र सय गोपिनीलाई मन पराएको प्रसङ्गलाई अघिसार्दै बृन्दावनमा हास्दै खेल्दै मोरेली बजाउने गरेको एकदमै रमाइलो प्रसङ्गलाई पनि तल प्रष्ट पारिएको छ :

१.  जंगलभित्र कुटी बनाई बास बस्ने बिकार ।
सिता बस्ने जंगलैमा राम जाने सिकार ॥

२.  काला लुगा सेता भया सोडा साबुनले ।
सिताकी लंका पुऱ्यायो पापी रावणले ॥

३.  कै मन निरोगी होला गरिसके चिन्ता ।
राम रूँदा लक्ष्मण रूँदा सिता रुन्छन् लंका ॥

४.	यो जिन्दगी के हुने हो का सम्म छ  सास ?
घरमा हुन्या झगडाले रामको बनबास ॥

५.	सिताको खोजतलास गर्दा जंगलै बास  भयो ।
सिताजी लंकामा छदा  हनुमान साथ भयो ॥

**स्रोत : रनसिंह साउद**

**(बर्दादेवी -१, अछाम)**

प्रस्तुत पहिलो गीतमा जंगलको  बिचमा एउटा कुटी बनाई राम र सीता जी बस्ने प्रसङ्गलाई अघि सार्दै त्यो कुटीमा सितालाई एक्लै छोडी रामजी सिकार खेल्न गएको प्रसङ्गको वर्णन छ । दोस्रो गीतमा सितालाई रावणले लंका पुऱ्याएको प्रसङ्ग छ । तेस्रो गीतमा सिताको अप हरणपछि राम लक्ष्मण सीताको लागि रूने र सीता राम लक्ष्मणको लागि रोइराखेको प्रसङ्ग  छ । चौथो गीतमा जीवन के हुन्छ कस्तो हुन्छ ? सधै सुख र शान्तिका साथ बस्नुपर्छ भन्ने सल्लाह दिँदै घरको सामान्य झगडाका कारण राम वनबास जानुपरेको दुःखद घटनालाई यस गीतमा स्मरण गरिएको छ । पाँचौ गीतमा सीताको खोज तलास मै राम लक्ष्मण लगायतका उनका सहयोगीको जंगलमै बास हुने गरेको घटनाको स्मरण गर्दै सीता लंकामा एक्लै हुँदा हनुमानले खोजी नीति गरेको विषयलाई प्रष्टताका साथ अघि सारेको छ ।

### ४.२.२ स्थानीय लोक धार्मिक डेउडा गीतहरू

विभिन्न ठाउँमा विभिन्न देवी देवता मान्ने गरेका छन् र ठाउँ अनुसार ती देवी देवताका नाम पनि फरक छन् । परापूर्व कालदेखि लोकले मानि आएका  स्थानीय देवी देवतालाई विषय बनाई गाएका डेउडा गीतहरू नै स्थानिय लोक धार्मिक डेउडा गीतहरू हुन । ती गीतहरू र तिनको विश्लेषण निम्न अनुसार छ :

१.	राम्रो बाटो को हिडाउला दुःखीका कर्मलाई ।
बाबु बाजे भान्दाई आया यै हिन्दु धर्मलाई ॥

२.	कैले कुरा सुन्ने होला दुःखीको मर्मलाई ।
राँगा काट्टा बोका काट्टा एई हिन्दु धर्मलाई ॥

३.	बिना कारण दोषी बनी परिसके जेल ।
कैको भन्या क्या लाग्दो छ एई दैवको खेल ॥

४.	पुज्न्या ढुङ्गो पुज्याकै छ पात्ति फाल्याकै छ ।
मान्याकै पुरानो धर्म जनै हाल्याकै छ ॥

**स्रोत : इन्द्र साउद**
**(बर्दादेवी-१ अछाम)**

प्रस्तुत पहिलो गीतमा वावुबाजे देखि नै हिन्दु धर्मलाई मान्दै आयौ अझै पनि यसै धर्मलाई मान्नुपर्छ भन्ने परम्परित धार्मिक सनातनलाई सङ्केत गरेको छ । दोस्रो गीतमा हिन्दु संस्कारमा दशै तिहार लगायत अन्य चाडपर्वमा रागा वोकाहँरुको बली दिई देवीदेवताको पुजा गर्ने संस्कारको  वर्णन छ । तेस्रो गीतमा देवीदेवतालाई नियम कानुनभन्दा माथि ठानी  सबै कुरा देवीदेवताले नै गर्छन । हामी त उनका सेवक मात्र हौ भन्ने कुराको संकेत यस गीतमा गरेको छ । चौथो गीतमा हाम्रो धर्म अनुसार पुजा गर्ने ढुङ्गाको पुजा हुँदैछ पात्ति र फूल चढाएको छ र आफ्नो पुरानो धर्म मान्दै सनातन जनै पहिरेकै छ भन्ने कुरा प्रष्ट पारिएको छ वा आजका युवा पिढींले पनि पुरानो धर्म मानेकै छन् भन्ने भाव पाइन्छ ।

१.	आधि लामा आधि छोटा बेल्पाटीका जणा ।
कति राँगा कति बोका पर डौठ्या गणा ?

२.	हण धुनी रहणै लाग्गै बिलथमका छडा ।
बाइस राँगा बहत्तर बोका पर डौठ्या गाडा ॥

३.	कुल्या मुस्टो तल गोठी दाहिनी हौं मालिका ।
बिर्सनै सकिन्या छैन दुःख यस पालिका ॥

४.	आमाबाबु इस्टमित्र साथी भाइको माया ।
बाँचेकै छु जसोतसो कुल्या देउको छाया ।

**स्रोत : राजेन्द्र कठायत**
**(दर्ना-६, अछाम)**

प्रस्तुत पहिलो गीतमा डौठ्या गडा मेलामा यस पाली कति राँगा र बोका छन् होला भन्ने कुरालाई बुझ्ने प्रयास गरिएको छ । भने दोस्रो गीतमा त्यसको उत्तर स्वरूप यसपाली डौठेगडा मेलामा बाइस राँगा वहत्तर वोका छन् भनी स्पष्ट पारिएको छ । तेस्रो गीतमा कुल्या मस्टो देवतासँगै मालिका माई पनि सधै सकरात्मक नजरले हेरून भन्दै यस पाली आफुलाई साह्रै दुःख भएको संकेत गरेको छ, भने चौथो गीतमा साथी भाई सबैको माया  र कूल देवताले रक्षा गरेका कारण आफू बाचेको सङकेत  छ ।

श्रीमती :  पहाडका देवी  देवता दाहिनी भया सबै ।
बिदेशमा मेरा साइलाई दुःख नहोउ कबै ॥

श्रीमान :  पुजी राखेई देवी देवता सम्झी राखेइ मकी ।
आमा बा को सेवा गर्याइ धर्म होला तकी  ॥

**स्रोत :  समीक्षा कुमारी रावल**
**(बिन्देबासीनी -४, अछाम)**

प्रस्तुत पहिलो गीतमा पहाडमा पुजिने देवी देवता दाहिने भईदिया भनी आग्रह गर्दै विदेशतिर मेरा पति अकेला छन् । उनलाई केही नहोस् भन्ने कुरा राख्दै भगवानलाई प्रर्थाना गरेको पाइन्छ । दोस्रो गीतमा पुजी राख्नु आफ्नो कुलको देवता भन्दै श्रीमानले श्रीमतीलाई मेरा बुबा आमाको सेवा गरेपछि तिमीलाई धर्म होला भन्ने कुरा अभिव्यक्त छ ।

१)  बान्नी बस्न्या बर्दादेवी कोटघर कालिका ।
अछाम त बैकुण्ठ रैछ धन्य हो मालिका ॥

२)  बिल्थमकी नदाई माई हो खप्तड मालिका ।
रच्छ्या गर्नु भगवान् दाहिनी हौ कालिका ॥

३.  नाता तिना कोई नजाया विष लाग्छ मालिका ।
कोइ मान्दा छन् बर्दादेवी कोई मान्दा कालिका ॥

**स्रोत : नृप साउद**
**(बर्दादेवी -९, अछाम)**

प्रस्तुत गीतमा अछामका ऐतिहासक, धार्मिक स्थलको चर्चा गर्दै अछाम जिल्ला त साँच्चिकै बैकुण्ठ रैछ भन्ने सुन्दर कल्पना गरेको छ । दोस्रो गीतमा देवी देवताका स्थायी थलाहरूको वर्णन गर्दै बाजुरा जिल्लामा अवस्थित मालिका माईलाई रक्षा गरिदिन आग्रह छ । तेस्रो गीतमा मालिका माईको दर्शन गर्न केटाकेटी नजानु भन्ने सन्देश दिँदै कोही मानिस बर्दादेवीको पुजा गर्ने त केही कालिका माईको पुजा गर्ने गरेको पाइन्छ ।

यसरी विभिन्न धार्मिक ग्रन्थहरूमा वर्णित विविध लीला तथा आफूले मान्ने गरेका धर्म, संस्कृति, रीतिरिवाज, चालचलन आदिबारे चर्चा डेउडा गीतमा गरेको पाइन्छ । समाजका विभिन्न खालका आफ्नै मौलिक संस्कृति रहने गरेको पाइन्छ । ती मौलिकताहरूलाई भाषामा सहज तरिकाले प्रस्तुत गर्नुलाई नै धार्मिक डेउडा गीत भनिन्छ । डेउडा गीत आफैमा एउटा संस्कृति हो । त्यसो भएकाले संस्कृति समाज एक अर्काका फरक फरक हुन भने अर्को थरी डेउडा गीत पनि एउटा संस्कार हो यो लोक धर्म मै अटाउँछ भन्दै डेउडाको ऐतिहासिकताका वारेमा मतमतान्तर देखिएको पाइन्छ । वास्तवमा धर्म संस्कृति र इतिहासका बारेमा खुलेर बोल्नु पाउनु भन्ने मात्र नभई देवी देवताको करुण स्तुति पनि हो ।

## ४.३ डेउडा गीतमा चित्रण गरिएको प्रकृति

डेउडा गीत आफैमा एउटा संगीत हो । यो वनपाँखा, मेलापात हुँदै पछिल्लो समय प्रकाशन एंव प्रशारणको पहुँचमा आइसकेको छ । त्यस्तो भएकोले डेउडामा वास्तविक जीवनको अनुभूतिलाई प्रकृतिका विविध आयामहरूको वर्णन सँगसँगै गरिएको छ । एउटा अवला नारी मेलापात गर्न जादा प्रकृतिको सुन्दर एंव शान्त संगीतमा कोइलीको सुमधुर स्वर धुनको रसपान गर्छे र कोइलीको संगीतसँगै डेउडा गाउने गरेको पाइन्छ । र त्यो मधुर स्वर श्रवण गर्ने मान्छे पनि भावुक हुँदै एकपल्ट थकाई मारी गीत सुनेर बस्ने गरेको पाइन्छ । यसका साथै प्रकृतिका विभिन्न आयामहरूको मानवीकरण गर्दै डेउडा गीतका माध्यमद्धारा मनको ब्याथा केही कम गर्ने प्रचलन छ । प्रकृति सम्बन्धी डेउडा गीतमा खोला-नाला, पहाड-पर्वत, हावा-पानी, वृक्ष-बनस्पति, जीव-जन्तु जस्ता

पक्षहरू हुन्छन् । यस्ता विभिन्न पक्षहरूको वर्णन गरिएका डेउडा गीत र तिनको विश्लेषण यहाँ गरिएको छ ।

### ४.३.१ वृक्ष बनस्पति सम्बन्धी डेउडा गीतहरू

बोटबिरूवाहरूको मानवीकरण गरी मनका बेदनाहरू कम गर्ने गीतहरूलाई वृक्ष वनस्पति सम्बन्धी डेउडा गीत भनिन्छ । यस्ता गीतहरूमा वोटविरुवा पनि मान्छेका रूपमा जस्ताको तस्तै आई मानवीय जीवनमा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । प्रसतुत छ ति गीत र तिनको विश्लेषण :

१. कटमेरा काउलाका रूख जोला बस्या काग ।
सूर्ज फूल उसैले लियो काडा मेरा भाग ॥

२. गडा बिउ बयाली खेल्लो हात बिउ छण्णिदो ।
घर छुट्याका दुइ दिन भइन् वर्ष दिन मान्निदो ॥

३ डाँडामनी डाँडाबाडो गैह्राउदो मौभेरी ।
पाल्या बन सम्झदो छु दिनका नौखरी ॥

४. क्या राम्रा साफ्याका फाट बुणी गंगा छाल ।
पारी वन भैंसा लिदा वाई बसाल्ला खाल ॥

५. हरियाली जताजतै सौन्दर्य छायाको ।
प्रकृतिले अछामलाई वरदानै दियाको ॥

६. वारि पिपल पारी पिपल दुई पिपल जुझाउँला ।
त्यही पिपलको पात चुडेर तेरो मन बुझाउँला ॥

७. सुगालीका गडा राम्रा धान खेती बुनाले ।
यति राम्रो पाँच सय प्रकृति हुनाले ॥

८.   बान्निकि गुराउँसी फूल बैनाथकी ढाक ।
सोच्याजसो क्याई पुग्दैन करमका भाग ॥

९.   सुपारीको दाना होइकी सुन्तली बोट होइकी ।
जीन्दगीको खानी होइकी उत्तिसको बोट होइकी ॥

**स्रोत : राम ब. साउद**
**(बर्दादेवी -१, अछाम)**

प्रस्तुत पहिलो गीतमा कटमेरा काउलाका रूखमा जोडी काग बसेको अनुभूति गर्दै सूर्यमुखी फूल कसैले लागिसक्यो आफ्नो भागमा काडा मात्रै वाकी रहेको निराशाबोध यस गीतमा गरिएको छ । दोस्रो गीतमा घर छोडेको दुई दिनमै दुई वर्षको अनुभूति गर्दै आफ्नो खेतबारी र रोपाईको कल्पना गर्दै प्रकृतिको वर्णन यसमा पाइन्छ । तेस्रो गीतमा मौभेरी भन्ने गाउँको उल्लेख गर्दै आज म टाढा भएपनि जीवनका पूर्वार्धमा हाँस खेलेको पाले बनको स्मरण गरिएको छ । चौथो गीतमा साफें बुढी गंगाका रमाईला फाटहरूको वर्णन गर्दै पारिपट्टिको वनमा भैंसी चराएका त्यही भैंसीलाई पानी खालमा बसाएको स्मरण गरिएको छ । पाँचौ गीतमा अछामको चारैतिर हरियाली जङगलले घेरेको कुरालाई उल्लेख गर्दै यस्तो ठाउँ अन्त कतै नभएको र यो प्रकृतिको बरदान हो भन्ने अनुभूति गरिएको छ । छौंटौ गीतमा जोडी पिपल सँगै रहेको र हामी दुई जना पनि त्यसैमा बसेर माया प्रेम साटौंला अनि तिमीलाई चिनो स्वरूप एउटा पिपलको पात छोडेर जाने कुराको अभिव्यक्ति यसमा छ । सातौँ गीतमा सुगाली गाउँमा धान खेतका साह्रै राम्रा गडा हुने गरेको सम्झिदै त्यो भन्दा राम्रो पाचसय द्वारा छ त्यो सबै गराउने प्रकृति हो भनी ठोकुवा गरेको छ । आठौँ गीतमा वान्नीका ढकमक फूल्ने लाली गुराउँसको सम्झना गर्दै वैद्यनाथ धामका ढाँकहरूको पनि सम्झना गरिएको छ। यस प्रसगसँगसंगै यसरी फूलहरू ढकमक्क फूल्ने तर तर आफ्नो चाहिँ सोचेको केही नपुग्ने विपरित अर्थ प्रदान यस गीतले गरेको छ । नवौँ गीतमा मानिसलाई प्रकृति सँग तुलना गर्दै सुपारी, सुन्तला र उत्तिसका बोटसँगको तुलनालाई सार्थक ठान्दै जीवनको बारेका विस्तृत व्याख्या गरेको छ ।

### ४.३.२ जीवजन्तु सम्बन्धी डेउडा गीतहरू

प्रकृतिको वर्णन गर्ने क्रममा जीवजन्तुले पनि मानवीय समाजमा निकै ठुलो टेवा पुऱ्याँएको छ । जीवजन्तुका विभिन्न आयामहरूको मानवीकरण वा उनीहरूको आवश्यकतालाई बोध गर्दै डेउडा गीत गाइने गरिन्छ । यसरी गाइने गीतलाई पशुपन्छी/जीवजन्तु सम्बन्धी डेउडा गीत भनिन्छ । यसमा घरपालुवा जंगली जनावरसम्मको मिठो वर्णन र तादात्म्य सम्बन्धको चर्चा पाइन्छ । प्रस्तुत छ ती गीत र विश्लेषण :

१. कर्णाली कर्णालीतिर भेरी-भेरी तिर ।
म एक्लै डाडाँको मृग कोइनाइ मेरी तिर ॥

२. कि साइले भनेन छ्योकी खबर तकन ।
कोंयली बास्याकै हुन्छ मेरा बान्नी वन ॥

३. बिहान तित्रिको चल्लो पऱ्यो जम्मजाल ।
काठमाडौं भुकम्प आयो त्यई भ ठूलो काल ॥

४. तितरी उडेर बाइग लेक तिर्खुलाकी ।
जन्मदेश पुतली भेष कहिले फिर्कुलाकी ॥

५. लड्की हिड्नु बयालपाटा फर्की हिड्नु साफ्या ।
मलाई पनि उडाई लैजा हिउचुलीका डाफ्या ॥

६. रानी वन् हरियो भैग फुल फुली प्याउलीको ।
स्वर सुन्याई उराईठो लाग्दो वैशाख न्याउलीको ॥

७. वाह्र भैंसी बथानको कति हुन्या गवा ?
क्याका हुन्ना चुलाकाना क्याको होला तवा ?

**स्रोत : गम्भिर साउद**
**(नन्देगडा-३, अछाम)**

प्रस्तुत पहिलो गीतमा कर्णाली नदी कर्णातिर भेरी पनि भेरी तिरै छ त्यो त स्वभाविक हो तर मलाई किन एक्लै डाँडामा उभिएको एक्लो मृग जस्तो बनाएको हो । यो विषयमा म चिन्तित छु भन्दै आफूलाई मृगसँग तुलना गरिएको छ । दोस्रो गीतमा

कोइलीको मधुर वोली सुनेर भएपनि तिमीले आउनुपर्ने हो । त्यो स्वर नै म छु वा छैनको सङ्केत हो भन्ने कुरा राख्दै कोइलीको स्वरलाई खबर आदान प्रदानको माध्यमका रूपमा लिइएको छ । तेस्रो गीतमा त्रित्राको चल्लो जालमा परेको प्रसङ्गलाई जोड्दै काठमाडौंमा पनि त्यसै गरी मानिसहरूको संहार गर्ने भुकम्प आएको कुरा पुष्टि गरेको छ । विपत्ति पूर्व जानकारी नगरी अकस्मात आउँछ भन्ने यसको सन्देश हो । चौथो गीतमा तित्रो लेकमा तिर्खुला खान गएको प्रसङ्ग जोड्दै म कहिल्यै जन्म देशमा पुतलीको भेषमा आउन पाउँलाकी भन्ने मातृभूमि प्रतिको अगाध प्रेमलााई प्रष्ट पारिएको छ । पाँचौ गीतमा साफे र बयालपाटामा सँगै हिडेको स्मरण गर्दै मलाई त्यही ठाउँमा पुऱ्याउने अरु कुनै माध्यम छैन । हिउँचुलीको डाफेले मात्र सक्छ । हे डाँफे आएर लैजा भन्दै अतितप्रतिको मोह यसमा जागेको छ छौटौ गीतमा प्याउली फूल फुलेर रानीवन पुरै ढकमक्क भएको प्रसङ्ग जोड्दै वैशाख महिनामा न्याउलीको स्वर सुन्दा उराउठो लाग्ने विषयलाई स्पष्ट पारेको छ । न्याउलीको मधुरो स्वरले मन उराठ हुने र विभिन्न कुराहरूले सताउने कुराको स्पोष्टोक्ति गएिको छ । सातौं गीतमा प्रश्नात्मक शैलीमा वाह्र भैसी जाने बाटो कस्तो होला र चुल्हो र खड्कुलो के हो र कसरी बनाई तावा पनि के को होला भन्ने कुराको खोजी गर्न खोजेको छ ।

### ४.३.३ खोलानाला सम्बन्धी डेउडा गीतहरू

नेपाल प्रकृतिका विविध आयाममा विभक्त राष्ट्र हो । यहाँको सबैभन्दा महत्वपूर्ण सम्पदा नै खोलानाला अर्थात् जल सम्पदा हो । खोलानालाहरूले पनि आफ्नै गीत गाउने गर्छन् ती गीतहरूलाई मानवीकरण गरी मान्छेले थुप्रै गीतहरू सिर्जना गरेको हुन्छन् । प्रस्तुत छ ती गीतहरू र तिनको विश्लेषण :

१. छिप्या खोलो वारिपारि बर्खाका भलले ।
तरिसक्न्या तार थिएन तरिग्या बलले ॥

२. टाढा भै कर्णाली पानी अँजेउली पिनाले ।
साल दिया बेलपन लाग्ला भैपरि दिनाले ॥

३.		बाह्र बण्ड अठार खण्ड रामारोसन ताल ।
		मेट्टेला अस्तित्व यिनको छिटो जोगाइहाल ॥

४.		रानीवन अल्की घुरा चर्न बखरी गई ।
		का बस्छै सिलान्या पानी घाटी अखरी गैं ॥

५.		बिन्द्रावन् निस्याइलो भयो मकन साथ नाई ।
		कर्णालीको चिसो पानी मकन बातई नाई ॥

**स्रोत : जोग्यानी साउद**

**(बर्दादेवी -१, अछाम)**

प्रस्तुत पहिलो गीतमा वर्षायामको भेलमा छिपेखोला उर्लेर आउने मानिसहरूको वारिपारि किनारमा कतिखेर भल घट्छ र तंर्नु जान्छु भन्ने धेयका लागि रहेको वेला प्रस्तुत पात्रले तर्न मिल्ने ठाउँ नहुँदा नहुँदै पनि आफू जबरजस्ती तरेको प्रसङ्ग छ । दोस्रो गीतमा कर्णालीको पानी टाढा भएपनि अँजुलीले पिउने रहर भएको भन्दै यस्तो जाडोमा ओड्ने सल दिएर उज्यालो पनि भइसक्यो घाम पनि लागिसक्यो अझै मलाई न्यायो नभएको किन हो भन्ने कुरालाई स्पष्ट पारिएको छ । तेस्रो गीतमा अछामको वाह्र वण्ड अठार खण्ड भएको सिमसारको वर्णन गर्दै रामरोसनको संरक्षण गर्नुपर्छ भन्ने सुझाव दिइएको छ । चौथो गीतमा सिलाने खोलाको पानीलाई मानवीकरण गर्दै तिर्खा लागेको छ मलाई प्यास मेटाउने पानी छ तर तिमी नभएर म एक्लै छु भन्ने कुरालाई सङकेत  गरेको छ । पाँचौं गीतमा बिन्द्रा बनमा आफू एक्लै भएको अनुभूति गर्दै कर्णालीको चिसो पानीको अनुभूति गर्न अझै वाकी रहेको कुरालाई सङ्केत गरेको छ ।

### ४.३.४ पहाड पर्वत सम्बन्धी डेउडा गीतहरू

इतिहासका विभिन्न कालखण्डमा वर्णित पहाडहरू नै नेपाली सीमारेखाका  रूपमा स्थापित छन् । प्राचिन समयमा औषधी र कन्दमूलका स्रोत मानिने पहाडपर्वतहरूको

वर्णन डेउडा गीतमा पनि पाइन्छ । प्रस्तुत ती गीत र तिनको विश्लेषण निम्नानुसार छ :

१. बान्नीगढी हराभरा डौठयागडा मेला ।
रुन्छ मन चिरिन्छ छाति पहाड सम्भ्या बेला ॥

२. लेकै लाग्यो काठया कुइरो लेकै वान्निदो छ ।
घाम लाग्याको दिन मधुरो किन मान्निदो छ ॥

३. अछामका डाँडाकाँडा रमाइला वन हुन्ना ।
कसो प परानी होला कसो प मन हुन्ना ॥

४. मंगलसैन दरवार राम्रो डाडामा हुनाले ।
हातको अगौठी वाइग कपडा धुनाले ॥

५. वम्वै जान्या रेलगाडीका पाङग्रा गुडन लाग्या ।
अछामका डाडाकाडा अब छुट्न लाग्यां ॥

**स्रोत : विष्णा ठकुल्ला**
**(बर्दादेवी -५, अछाम)**

प्रस्तुत पहिलो गीतमा वान्नीवनको सुन्दरताको स्मरण र त्यसको काखमा हुने डोठ्यागडा मेलालाई पनि अनुभूत गर्दै पहाड सम्भदा मन रुन्छ र छाती चिरीन्छ भन्ने कुराको अभिव्यक्ति गरेको पाइन्छ । दोस्रो गीतमा लेकमा काठे कुहिरो लाग्ने र लेकैमा पुरै अन्धकार देखिने विम्वात्मक अनुभूति गर्दै घाम लागेर पनि देश किन मधुरो देखिन्छ भन्ने कुराको अभिव्यक्ति यस गीतमा दिइएको छ । तेस्रो गीतमा अछामका डाँडा काँडाहरूका साह्रै रमाइला छन भन्ने अनुभूति गर्दै मन र परानी कसो होला मेरा घर परिवारको भन्ने चिन्ता व्यक्त गरेको छ चौथौं गीतमा मंगलसेन दरवारको सौन्दर्यता डाडामा भएर मात्र भएको हो भन्दै हातको औठी लुगा धुदा भरेको पत्तै नभएकोले प्रियसीको चिनो गएको अनुभूति गरिएको छ । पाचौं गीतमा अछामका डाँडाकाँडा अब बिस्तारै छुट्न्न थालेको कुरालाई सङ्केत गरेको छ ।

### ४.३.५ हावापानी सम्बन्धी डेउडा गीतहरू

नेपालको हावापानी के-कस्तो छ भनी वर्णन गरिएका डेउडा गीतहरूलाई हावापानी सम्बन्धी डेउडा, गीत भनिन्छ । यस्ता गीतमा हावापानीको प्रभावका साथै विपतको बारेमा पनि व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत छ ती गीत र तिनको विश्लेषण :

१. बस्तोला पटकदा धारा जनालीका कुवा ।
नगरी बाउफेरो हाली आइजा रानी चडा ॥

२. रानी चडी उडी बाइगई रिउ चडी रिउ जसी ।
घाम लाग्याले विलाइ जान्या वैशाखा हिउजसी ॥

**स्रोत : सुर्जा साउद**
**(बर्दादेवी -१, अछाम)**

प्रस्तुत पहिलो गीतमा वस्तोलामा पानीका ठुलै धारा र जनालीका कुवाको व्याख्या गर्दै ती दुई नजिकका गाउँ भएर पनि एउटाको स्रोत धारा र अर्काको स्रोत कुवा हावापानीका कारणले भएको हो भन्ने कुरा देखाउदै रानीचडारीलाई एकदमै सुशोभित भएर आउन आग्रह गरेको छ । दोस्रो गीतमा वैशाखको हिउँभन्दा पनि राम्री तिमी घामको छायाले विलाइ जान सक्छौ भन्ने चिन्ता व्यक्त गरेको छ ।

### ४.४ ऐतिहासिक डेउडा गीतहरू

इतिहासका विभिन्न स्थान, काल खण्ड र व्यक्तिहरूको रोमाञ्च वर्णन नै ऐतिहासिक डेउडा गीत हुन । यसमा इतिहहासका महत्त्वपूर्ण पक्षलाई समेट्दै तिनले समाजमा पारेको प्रभावलाई सचित्र वर्णन गरेको पाइन्छ । इतिहास सधैं अपरिवर्तनशिल हुने हुनाले यस्ता डेउडा गीत पनि यस्तै शैलीमा निरन्तर पुस्ता हस्तान्तरण भई अघि बढेका छन् । यी डेउडा गीतहरूमा ऐतिहासिक घटना, व्यक्ति स्थानका बारेका वर्णन गरिएको पाइन्छ । प्रस्तुत छ ऐतिहासिक डेउडा गीत र तिनको विश्लेषण  यस प्रकार छ :

### ४.४.१ व्यक्ति सम्बन्धी ऐतिहासिक डेउडा गीतहरू

मानव समाज, राष्ट्र, स्वतन्त्रता निम्ति योगदान र वलिदान दिने व्यक्तिलाई ऐतिहासिक व्यक्तित्व भनिन्छ । व्यक्तिले इतिहासमा खेलेको भूमिकाको वारेका चर्चा गरिएका गीत यस अन्तर्गत पर्दछन् ती गीत र तिनको विश्लेषण यस प्रकार छ :

१. नेपालका पहिलो सहिद लखन थापा भया ।
उनका सपना सबै अधुरा रहिगया ॥

२. वुद्ध जस्ता ज्ञानी वनी सिता जस्ता सती ।
भिमसेन जस्ता विर वनी अमर सेना पति ॥

३. प्राचीन कालमा महानदेव मध्यकालका मल्ल ।
लडाई भयो देशमा धेरै शान्ति भयो बल्ल ॥

४. शुक, गंगा, धर्म, दशरथ चार शहिद भइगया ।
नेपालीले दुःख पाउन्या दिन अभ्कै रहिगया ॥

५. भिमसेन अमर बलभद्र नेपालका रवि हुन ।
भानुभक्त आचार्य त भाषका कवि हुन ॥

६. अधुरै संविधान वन्यो सपना रहिगया ।
लक्ष्मि प्रसाद नेपालीको महाकवि भया ॥

७. जुम्ला राज्य वाइस वर्षमा नेपालमा सऱ्यो ।
पथ्वीले युद्ध जीति एकीकरण गऱ्यो ॥

**स्रोत : नवराज शर्मा**

**(बर्दादेवी -१, अछाम)**

प्रस्तुत नेपालको पहिलो शहिद लखनथापाको स्मरण गर्दै उनको सपना अधुरै नै रहेको प्रति चिन्ता व्यक्त गरिएको छ । दोस्रो गीतमा हामीमा बुद्धको जस्तो ज्ञान हुनुपर्ने र सीताको जस्तो सतित्त्वको खाँचो परेको भन्दै भीमसेन थापा जस्ता विर प्रधानमन्त्री र अमसिंह जस्ता सेनापति खाँचो आजको नेपालमा पनि आवश्यक रहेको कुरा व्यक्त गरेको छ । तेस्रो गीतमा प्राचीन कालमा महादेव मल्ल राजाको स्मरण गर्दै नेपालमा ठुलो युद्ध भएको र त्यो बल्ल शान्ति भएको कुरा उल्लेख छ । चौथो गीतमा नेपालमा चार वटै शहिदको सम्झना गर्दै शहिदले रगत बगाए पनि अझै नेपालीले सुख नपाएको कुराको वर्णन छ । पाँचौ गीतमा भिमसेन, अमरसिंह र बलभद्रलाई नेपालको विरका संज्ञा दिदैं भानुभक्त आचार्यलाई भाषाका कविताका रूपमा अघि सारिएको छ । छैंटौ गीतमा जनताका सपनालाई अधुरै राखी नेपालमा पटक पटक संविधान बनेको स्मरण गर्दै लक्ष्मीप्रसाद देवकोटालाई महाकविका रूपमा उभ्याएको छ । सातौं गीतमा जुम्लाको राज्य वाइस वर्षमा नेपालमा सरेको ऐतिहासिक घटनाको वर्णन गर्दै पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेको कुराको भाव पाइन्छ ।

### ४.४.२. घटना सम्बन्धी ऐतिहासिक डेउडा गीत

कुनै निश्चित घटनालाई आधार बनाई गाइने डेउडा गीतलाई घटना सम्बन्धी ऐतिहासिक डेउडा गीत भनिन्छ । यस्ता डेउडा गीतमा इतिहासका विभिन्न कालखण्डमा घटेका घटनाको वर्णन पाइन्छ । यस्ता गीतहरूमा दुई पक्षमा भएको ऐतिहासिक घटनाहरूको विरताको वर्णन गरिएको पाइन्छ । प्रस्तुत छ त्यस्ता गीत र तिनको विश्लेषण :

१. दुई सय चार सालसम्म राणाले राज खायो ।
दुई हजार सात सालमा प्रजातन्त्र आयो ॥

२. विकास भन्नु क्यै भएन रहनी रइगयो ।
दुई हजार अन्ठाउन्न सालमा हत्याकाण्ड भयो ॥

३. दुई सय पचास सालमा राजाले राज खायो ।
दुई हजार त्रिशठीमा जनआन्दोलन भयो ॥

४.	दुई हजार बहत्तर सालमा संविधान बनाऔं ।
स्थिर सरकार आयो भने खुसीयाली मनाऔं ॥

**स्रोत : राम ब. साउद**
**(बर्दादेवी-१, अछाम)**

प्रस्तुत पहिलो गीतमा राणाहरूले दुई सय चार वर्ष सम्म गरेको क्रुर दमनकारी शासनको वारेमा वर्णन गर्दै नेपाली जनताले राणाको वर्वरतालाई सहन नसकी २००७ सालमा प्रजातन्त्र ल्याएको घटनाको वर्णन छ । दोस्रो गीतमा २०५८ सालमा नारायणहिटी हत्याकाण्डको दुःखद घटनाको वर्णनको सङ्केत छ । तेस्रो गीतमा २०६३ सालमा राज संस्थाको अन्त्य गर्न दोस्रो जनअन्दोलन गरेको भाव छ चौथो गीतमा २०७२ सालमा नयाँ संविधान नेताहरूको प्रतिवद्धता स्वरूप संविधान बनेपछि खुसी मनाउन सबैलाई आग्रह गरिएको छ ।

### ४.४.३ स्थान सम्बन्धी ऐतिहासिक डेउडा गीतहरू

इतिहासमा यस्ता महत्वपूर्ण स्थान छन सो स्थानमा ऐतिहासिक महत्वका घटना घटेका छन् ती स्थानको वर्णन गरी गाइएका डेउडा गीतलाई स्थानसम्बन्धी ऐतिहासिक डेउडा गीत भनिन्छ । यस्ता डेउडा गीतहरू भौगोलिक ऐतिहासिकतालाई मुख्य आधार बनाइ त्यस स्थानमा घटेको घटनाको वर्णन गरिएको हुन्छ । स्थान सम्बन्धी ऐतिहासिक डेउडा गीत र तिनको विश्लेषण यस प्रकार छ ।

१.	नालापानी नेपालीको रणभूमिको किल्ला ।
भाषाको उत्पति भयो पश्चिम जुम्ला जिल्ला ॥

२.	काठमाण्डौं आन्दोलन भयो गणतन्त्रको नारा ।
शाही सत्ता विरुद्धमा जुटे जनता सारा ॥

३.	नेपाली आन्दोलन गरी जोगाउ सुस्ता सारा ।
गरिवलाई गास वास दिन्या गणतन्त्रको नारा ।

**स्रोत : गम्भिर साउद**
**(नन्देगडा-३, अछाम)**

प्रस्तुत पहिलो गीतमा नालापानीको स्थानिक वर्णन गर्दै त्यो नेपालीले लडेर लगेको हो भन्दै भाषाको उत्पति भएको स्थान पश्चिमको जुम्ला हो भने भाव र दोस्रो गीतमा अन्दोलनको आधीवेहरी काठमाडौंबाट भएको भन्दै त्यही आन्दोलन २ ले शाहीसत्तालाई ध्वस्त पारेको सङ्केत छ । तेस्रो गीतमा अब नेपालीले सुस्ता जोगाउनुपर्छ भन्दै गरिबीलाई गास, बासको व्यावस्था दिने गणतन्त्र नेपालको स्थापना गर्नुपर्छ भन्ने भाव उक्त अन्तिम गीतले दिइएको छ ।

यसरी ऐतिहासिक डेउडा गीतमा इतिहासका महत्त्वपूर्ण घटना स्थान र व्यक्तित्वको वारेमा वर्णन गरिने भएकोले कुन कालखण्डमा कस्ता घटना र कुन स्थानमा ती घटे । राष्ट्र बनाउने सिलसिलामा कुन व्यक्तिको कस्तो योगदान र वलिदान छ भन्ने कुरा देखाएर समाजलाई सचेत मार्गतिर डोऱ्याउछन् । अछाममा पनि यी यस्तै डेउडा गीतहरू गाइएर समाजमा जनचेतना बढाउने काम गरेका छन् ।

## ४.१० निष्कर्ष

प्रस्तुत अध्याय यस शोध पत्रको सबैभन्दा महत्त्वपूर्ण अध्याय हो । यस अध्यायमा विश्लेषण गरिएका विषय वस्तुको अध्ययन विश्लेषण र विभाजन नै यस शोधको मुख्य वैशिष्ट्य हो । कुनै पनि शोधमा शोधको आफ्नै खालको वैशिष्ट्य रहेको हुन्छ । सोही अनुरूप यस शोधमा पनि अछाम जिल्लामा प्रचलित डेउडा गीतमा रहेका सामाजिक र सांस्कृतिक विषयवस्तुलाई डेउडा गीतको सिद्धान्तका आधारमा एकदमै गहन रूपमा नवीन अनुसन्धान गरी निष्कर्षमा पुगिएको छ । यस अध्यायमा विश्लेष्य विषयहरूको सारलाई एकत्रित पार्दा अछामी डेउडा गीतमा सामाजिक विषयवस्तुको प्रचुरता अधिक पाइन्छ । समाजमा रहेका विविध पक्षलाई यस शोधमा विभिन्न उपशीर्षक दिई अध्ययन गरिएको छ । जसमा प्रेम -प्रणयलाई सबैभन्दा बढी मात्रामा त्यस समाजमा हेरिनुले पनि यस शोधमा पहिलो प्रथमिकताका रूपमा राखिएको छ । डेउडामा अभिव्यक्त प्रचूर शृङ्गारिकताका कारण त्यस समाजमा विवाह बन्धन र प्रेम तीब्र प्रेमाङ्कुर भई सामाजिक सद्भावमा सवल पक्षको उद्वोधन हुन्छ भन्ने कुरालाई पुष्टि गरिएको छ । यसको उदाहरण एक गाउँका केटा केटी अर्को गाउँमा गई सौहार्दपूर्ण वातावरणमा डेउडा खेली मनोरञ्जन लिने गर्दछन् । अछामी डेउडा गीतमा राजनीतिक विषयवस्तुको पनि गहिरो प्रभाव परेको पाइन्छ । राजनीतिका कारण कहीँ

तिब्र विकास, कहीँ विकासै हुन नसक्ने विषय राजनीति नै हो । भन्ने कुरा बुझेका अछामी जनतामा राजनीतिक विषयवस्तु आउनु स्वाभविक हो । अछाम प्राचीन कालदेखि नै नेपाली राजनीतिमा महत्त्वपूर्ण भूमिका रहनु यसको मुख्य उदाहरणका रूपमा लिन सकिन्छ जसमा अछाम जिल्लामा प्राचीन समय देखि नै अछामी सीमित नेताहरू नेपालको उच्च पदमा रहनु  र उनीहरूले जनतालाई  नभए व्यक्तिलाई हेर्ने परम्पराका कारण निम्न स्तरका अछामीहरू डेउडा गीतका माध्यमबाट आफ्नो पिडा ओकल्ने गर्दछन् । समसामयिक विषयवस्तुलाई नै आधार बनाएर पनि डेउडा गीत खेल्ने र गाउने  गरिन्छ । यस्ता डेउडा गीतमा तत्कालिन अवस्थामा घट्ने घटनाहरूलाई मुख्य रूपमा उजिल्याउने गरिन्छ । अछाम जिल्लामा प्रचूर मात्रामा रहेको एड्स रोग र छाउपडी प्रथाले पुऱ्याएको कठिन परिस्थिति यसका ज्वलन्त उदाहरण हुन् । यसका साथै चरम गरिबीका कारण भोग्नु परेको कारूणिकता पनि यस शोधमा समावेश गरिएको छ ।

हाँसो व्यङ्ग्यलाई पनि डेउडा गीतमा अभिव्यक्त महत्त्वपूर्ण पक्ष हो । वैज्ञानिक ढङ्गबाट नभई सामान्य मानवीय चेतना अनुसार डेउडामा हाँसो व्यँङ्ग्यलाई महत्त्व दिदै मन प्रफुल्ल पार्ने गरेको पाइन्छ । डेउडा गीतमा धर्म संस्कृतिलाई पनि महत्त्वका साथ राख्ने गरेको पाइएको छ । यसमा विभिन्न देवी देवतालाई साँची राखी खेलको सुरूवात गर्ने नेपाली महाकाव्यात्मक मंगलाचरणको शैली डेउडा गीतबाट सुरू भएको हुन सक्ने आधारहरू पनि अघि सार्न सकिन्छ । यसका अलावा विभिन्न चाडपर्वमा विशेष गरी धर्म संस्कृतिलाई आधार बनाई डेउडा खेल्ने गरेको पाइन्छ । यसमा शास्त्रीय लोक धार्मिक डेउडा गीतलाई पनि समावेश गरिएको छ । यसमा हिन्दु धर्म ग्रन्थहरूमा व्याख्या गरिएको देवी देवतालाई मुख्य आधार बनाएको पाइन्छ । यसका साथै जङ्गलमा बसोबास गर्ने तपस्वीहरूको  पनि वर्णन डेउडा गीतमा गरिएको पाईन्छ । अछामी डेउडा गीतमा अछामका स्थानीय रीतिरीवाज र धार्मिक कार्यहरूको पनि  वर्णन गरेको पाईन्छ । यी वर्णनले अछामी संस्कृतिलाई विशेष रूपमा उजिल्याउने काम गरेको पाइन्छ । अछामी डेउडा गीतमा प्रकृतिका विभिन्न आयामहरूलाई पनि डेउडा गीतमा सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । यती मात्रै नभएर वन वृक्ष र वातावरणलाई पनि मानवीकरण गर्दै डेउडाले आफ्नो छुट्टै पहिचान कायम गरेको छ । अछामका वन जङ्गलमा पाइने र घर पालुवा जीवजन्तुको पनि

व्याख्या गर्दै नदीनालाहरूको प्रभाव र तिनीहरूको जीवन चरित्रलाई पनि डेउडमा अभिव्यक्त गरिएको छ । डेउडा गीत इतिहासको एउटा दस्तावेज पनि हो यसमा इतिहासका घटेका महत्त्वपूर्ण व्यक्तिको भूमिका आदि विषय वस्तुलाई समेटी नेपाली खुल्ला पुस्तकका रूपमा पनि डेउडा गीतको महत्त्वपूर्णभूमिका रहेको निष्कर्ष यस शोधमा गरिएको  छ । ईतिहासका ऐतिहासिक स्थान ,व्यक्तितत्व,घटनालाई पनि डेउडा गीतले छोडेको छैन । यसरी डेउडा गीतले अछामी समाज र संस्कृतिलाई मात्र आधार नबनाई समाजका विभिन्न पक्षहरू इतिहास, संस्कृति र धार्मिक विषयका साथै प्राकृतिक विविधतालाई पनि यस शोधमा विशेष गरी उजिल्याएको छ ।

# अध्याय पाँच

## ५.१ सारांश

अछामी डेउडा गीतमा समाज र संस्कृति शीर्षकको प्रस्तुत शोध पत्रमा पाँच अध्याय रहेका छन् । यस शोधको पहिलो अध्यायमा शोध परिचय राखिएको छ । यसमा डेउडा गीतको परिचय र डेउडा गीतमा अभिव्यक्त समाज र संस्कृतिलाई सामान्य रूपमा चर्चा गर्दै शोधमा प्रयोग गरिएका सामाग्रीको सङ्कलन र विश्लेषण आधार प्रस्तुत गर्दै शोधको औचित्त्य र सीमाङ्कन समेतलाई समेटेको छ र यस अध्यायमा शोधको परिच्छेद योजनाका साथै शोधको सिङ्गो स्वरूप निर्धारण गरिएको छ ।

दोस्रो अध्यायमा लोकगीतको सिद्धान्त राखिएको छ । जस अन्तर्गत लोकगीतको परिचय परिभाषा, विशेषता र वर्गीकरण साथ साथै विभिन्न विज्ञहरूका लोकगीतको वर्गीकरण सम्बन्धी मत मतान्तरलाई समेत राखिएको छ ।

तेस्रो अध्यायमा डेउडा गीतको सैद्धान्तिक पक्षलाई मुख्य आधार मान्दै डेउडाको परिचय र परिभाषीकरणको नबीन मान्यतालाई विशेष महत्त्व दिदैं डेउडाका विशेषता, प्रकार लगायत विभिन्न कोणबाट डेउडा गीतको वर्गीकरणका आधारहरू सुझाइएको छ । जस अन्तर्गत सामाजिक, सांस्कृतिक, धार्मिक, प्रेम -प्रणय, राजनीति, प्रकृति आदि सैद्धान्तिक पक्षहरूको सैद्धान्तिकीकरण गर्दै सोही अनुसार तेस्रो अध्यायमा विश्लेषण गरिएको छ ।

चौथो अध्याय यस शोधपत्रको मुख्य चुरो विषयवस्तु हो । यसमा अछामी डेउडा गीतमा अभिव्यक्त समाज र संस्कृतिका विभिन्न पक्षहरूको सिंहावलोकन गर्दै डेउडा गीतको समाज र संस्कृतिलाई नै मुख्य रूपमा विस्तृत चर्चा गरिएको छ ।

पाँचौ अध्यायमा सारांश र निष्कर्षलाई राखिएको छ । यसमा प्रत्येक अध्यायको सार र अर्कोमा समगत निष्कर्ष दिदै आफ्नो राय सुझावका साथै सम्भावित शोध शीर्षकहरू पनि दिइएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधमा अछाम जिल्लाका प्रचलित डेउडा गीतहरूको सङ्कलन गरी तिनीहरूको आवश्यक वर्गीकरणका साथै विश्लेषण गरिएको छ । यस आधारमा प्रस्तुत शोधमा डेउडा गीतमा चित्रित समाज र संस्कृतिका विभिन्न पाटाहरूलाई मसिनो गरी केलाई निष्कर्षमा  पुगिएको छ । डेउडा अभिव्यक्त समाजमा समाजका प्रेम-प्रणय, रहन सहन, चाल चलन, भेष भुषा आदिका बारेमा मौलिक अभिव्यक्ति, चित्रण गरेको सामाजिक विषयवस्तुलाई विशेष महत्त्वका साथ विश्लेषण गरिएको छ । यसका साथै सांस्कृतिक दृष्टिकोणबाट हेर्दा धर्म र संस्कृतिका विभिन्न पक्षहरूको उजागर गर्दै प्रकृति र तत् समाजका परेको प्रभावका बारेमा पनि साङ्गोपाङ्ग अध्ययन गरिएको छ । समाज भन्नु मानिसहरूको एउटा यस्तो समूह हो, जसमा समाजमा बसोबास गर्ने विभिन्न जात जाति, धर्म संस्कृति, रीतिरिवाज र चाल चलन मान्ने मानिसहरूको एउटा झुण्ड हो । यसैको परिवेशमा सापेक्ष रूपमा तिनीहरूको मौलिकतालाई झल्काउने संस्कृति आएको हुन्छ । यसका साथै उनीहरूको जीवनमा आउने विभिन्न कार्यहरू जस्तै जन्म मृत्यु सम्बन्धी संस्कार, जीवनका विभिन्न कालखण्डहरूमा देखिने मोड र उप मोडका अलवा उनीहरूको दैनिक रूपमा वा वर्षमा घुमिरहने विभिन्न तिथी मितिमा आउने चाडपर्वहरू पनि महत्त्वपूर्ण हुन्छन् । तिनीहरू कै सापेक्षतामा मृत्यु संस्कार पनि एउटा दुःखको क्षण भएता पनि उनीहरूको आफ्नै खालको संस्कार रहेको हुन्छ । यी यस्तै संस्कारहरूको समष्टि नै मानवीय समाज हो । यही समाजको एउटा महत्त्वपूर्ण पाटो लोक संस्कार र लोकसाहित्य पनि हो । यस खालको परिस्थितिमा लोक साहित्यले उनीहरूको जीवन शैली र लोक साहित्यका विभिन्न पक्षहरू र तिनको ऐतिहासिकता र निरन्तरताको पनि महत्त्वपूर्ण भूमिका रहन्छ । यही परम्पराको जगेर्ना गर्नु यसभित्र रहेको उनीहरूको आफ्नोपनको खोजी गरी तत् समस्यालाई समाधान गर्न खोज्नु कुनै पनि अनुसन्धानको महत्त्वपूर्ण उपलब्धि हो । सोही अनुरूप यो शोधपत्रले पनि सिङ्गो रूप प्राप्त गरेको छ । शोध कार्य कठिन हुँदाहुदैं पनि शोध्य विषय र त्यसको समाधानमा पुग्नु शोधको उपलब्धिका रूपमा लिन सकिन्छ । यस शोधकार्यमा पनि अछाम जिल्लामा प्रचलनमा रहेका विभिन्न चाडपर्व

मेलापातहरूमा गुञ्जिने भाकाहरूलाई आधार मानी त्यसभित्र कस्तो खालको समाज र संस्कृति रहेको छ, भन्दै खोज्दै जाँदा आज यो निष्कर्षमा पुग्न सफल भएको छ ।

अछामी समाज र संस्कृति एउटा छुट्टै मौलिकपन बोकेको प्राचीन सभ्यताको ज्वलन्त चिनारी हो । यसभित्र विभिन्न समय र स्थान अनुसार चाडपर्व मनाइन्छन् । चाडपर्व परिवेश अनुसार फरक भएपनि त्यस चाडपर्वमा अभिव्यक्त गरिने सुख दुःख अनि मित्रताको भावहरूको चौतारीको रूपमा डेउडाले अछामी जनताको मनभित्र कुण्ठित विभिन्न समस्या र सहजताका उपायहरूको वर्णन गरिएको पाइन्छ । परिणाम स्वरूप यो एउटा खुल्ला दस्तावेजको रूपमा देखिन पुगेको हो । डेउडा सबै समाज र वर्गमा समान ढङ्गबाट प्रस्तुत गरिन्छ । यसका आफ्नै शास्त्रीय नियम भएपनि समाजमा भएका यसका अलग अलग संस्कृतिका नाममा दिनरात एकचोटी पनि नछुटिई खेल खेल्नु र त्यस विचमा हुने विभिन्न खालका शारीरिक मानसिक तनावलाई दुर्बल पक्षका रूपमा हेर्न सकिन्छ ।

अन्तमा डेउडा गीत अछामी जनताको खुल्ला सास्कृतिक संविधान हो । यसमा समाजका विभिन्न पक्षहरूलाई मसिनो गरी केलाइएको पाइन्छ र त्यसैलाई आधार मानी जीवनका कुनै न कुनै पक्ष अघि बढेको पनि पाइन्छ । त्यसैले अछामी डेउडाको अझ बढी सम्बर्धन र संरक्षण गरी यसलाई साहित्य र समाजशास्त्रका विधि र सिद्धान्तलाई अङ्गीकार गरी अध्ययन अनुसन्धान गरे अझ बढी निष्कर्षमा पुग्न सकिन्थ्यो कि भन्ने मेरो धारणा हो । यसका साथै मासिन लागेको संस्कृति र समाजको संरक्षण र संबर्धन गर्नु नेपाल सरकारको पनि उतिकै भूमिका रहन्छ भन्ने  निष्कर्षत : मेरो ठम्याई हो ।

**सम्भावित शोध शीर्षकहरू**

१. अछामी डेउडा गीतको समाज शास्त्रीय अध्ययन ।

२. काव्यिक दृष्टिबाट डेउडा गीतको अध्ययन

## अछामी डेउडागीतका सूचकहरुको परिचय

| क.स. | नाम | ठेगाना | उमेर |
|---|---|---|---|
| १. | इन्द्र साउद | बर्दादेवी-१ | ३६ |
| २. | कृष्ण साउद | बर्दादेवी -१ | ३५ |
| ३. | गम्भिर साउद | नन्देगडा -३ | ४५ |
| ४. | गोमा साउद (कठायत) | दर्ना -६ | २१ |
| ५. | गंगादत्त भाट | जनालीकोट -४ | २५ |
| ६. | जोग्यानी साउद | बर्दादेवी -१ | ३५ |
| ७. | जगन्नाथ शर्मा | बर्दादेवी-१ | २५ |
| ८. | तुलसी ठकुल्ला | बर्दादेवी -१ | ३२ |
| ९. | दिपक परियार | कालिका -२ | २६ |
| १०. | देवेन्द्र खड्का | बर्दादेवी -५ | २३ |
| ११. | नन्दा साउद | बर्दादेवी -१ | ५० |
| १२. | नरेन्द्र भण्डारी | सुतार - ४ | २२ |
| १३. | नवराज शर्मा | बर्दादेवी -१ | ४० |
| १४. | नरपता स्वार | बर्दादेवी -४ | ४५ |
| १५. | नामसरा भण्डारी | सुतार -३ | १८ |
| १६. | नृप साउद | बर्दादेवी -९ | २५ |
| १७. | पुनर ठकुल्ला | बर्दादेवी-१ | ३२ |
| १८. | विष्णा ढकुल्ला | बर्दादेवी - ५ | ५० |
| १९. | मोतिसरा साउद | बर्दादेवी -८ | ५५ |
| २० | राम व. साउद | बर्दादेवी -१ | ४० |
| २१. | राधिका खत्री | तिमिल्सैन -९ | २८ |
| २२. | राधिका साउद | भटाकाटिया -६ | २२ |
| २३. | राजेन्द्र कठायत | दर्ना - ६ | २४ |
| २४. | रनसिंह साउद | बर्दादेवी -१ | ७५ |
| २५. | राम ब. वि.क. | कालिका -४ | ३० |
| २६ | सुर्जा साउद | बर्दादेवी -१ | ६० |
| २७. | समीक्षा कुमारी रावल | विन्देबासीनी -४ | ३५ |
| २८. | हिम शंकर स्वाँर | बर्दादेवी - ३ | २७ |

## सन्दर्भ सामग्री सूची

उपाध्याय, कृष्णदेव. (ई.१९५७). **लोक साहित्यकी भूमिका.** इलाहावाद : साहित्य भवन प्रा. लि. ।

उपाध्याय, रामप्रसाद. (२०५७). "बझाङी डेउडा गीतको अध्ययन." स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग ।

कोइराला, शम्भुप्रसाद. (२०५६). **लोक साहित्य सिद्धान्त र विश्लेषण**. विराटनगर : धरणीधर पुस्तक प्रतिस्ठान ।

गिरी, जीवेन्द्रदेव. (२०४७). **लोक साहित्यको अवलोकन.** काठमाडौँ : एकता प्रकाशन ।

घोडासैनी, खगेन्द्रप्रसाद. (२०६२). "अछामी लोक साहित्यको अध्ययन परम्परा." **मिर्मिरे**. २४-१०. पूर्णाङ्क २४५ : पृ.७३-८० ।

चालिसे, विजय. (२०३९), **डोटेली लोकसाहित्य र संस्कृति**. काठमाडौं : साझा प्रकाशन ।

जोशी, सत्यमोहन. (२०१४). **नेपाली लोक संस्कृति.** काठमाडौ : रत्न पूस्तक भण्डार ।

जोशी, होमनाथ. (२०६०). "डोटी जिल्लामा प्रचलित डेउडा गीतको अध्ययन." स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग ।

तिमिल्सिना, आर. पि. (२०६६) **जेल र ज्वालामुखी**. काठमाडौं : ब्रोदर्श न्युज. एसेन्सी ।

नेपाल, 'यात्री' पूर्णप्रकाश. (२०३४). **भेरी लोक साहित्य.** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पन्त, जयराज. (२०३६). "डोटेली गमरा पर्वका लोकगीतको सङ्कलन र विश्लेषण." स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग ।

…………………(२०६४). **डेउडा.** काठमाडौँ : बाङ्मय प्रकाशन तथा अनुसन्धान केन्द्र प्रा. लि. ।

पन्त, देवकान्त.(२०३२). **डोटेली लोक साहित्य.** काठमाडौँ : नेपाल र एशियाली अध्ययन संस्थान ।

पराजुली, कृष्णप्रसाद.(२०५७). **नेपाली लोकगीतको आलोक**. काठमाडौं : वाणी प्रकाशन ।

पराजुली, ठाकुरप्रसाद. (२०४५). **नेपाली साहित्यको परिक्रमा**. काठमाडौं : वाणी प्रकाशन ।

पराजुली, मोतीलाल र जिवेन्द्रदेव गिरी. (२०६८). **नेपाली लोक साहित्यको रूपरेखा.** ललितपुर : साझा प्रकाशन ।

पाण्डे, गोविन्दप्रसाद. (२०६०). **डेउडा विगतदेखि वर्तमान सम्म**. जुम्ला : जिल्ला विकास समिति ।

बन्धु, चुडामणि. (२०६६). **नेपाली लोक साहित्य.** दो.सं. काठमाडौं : एकता बुक्स ।

भट्ट, उद्धवदेव. (२०५९). "बैतडी जिल्लाका लोकगीतको अध्ययन." स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग ।

रावल, धर्म. (२०७१). "अछामी पुतला गीतको अध्ययन." स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय. नेपाली केन्द्रीय विभाग ।

रावल, पूर्ण. (२०५४). "लोग्ने बुढो सुन पुरानु कैल हुँदो छियो." **सगरमाथा**. राष्ट्रिय दैनिक ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुईटेल. (२०६३). **लोकवार्ता विज्ञान र लोकसाहित्य**. काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, तेजप्रकाश. (२०४४). **अछामी लोकसाहित्य.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

श्रेष्ठ,दयाराम.(२०२८). **प्रारभिक कालको नेपाली साहित्य इतिहास र परम्परा.** काठमाडौं : त्रि. वि. पा. के. ।

स्वार, मोहनमान. (२०६३). "नेपाली लोकसहित्यमा देउडा" . **सञ्जीवनी**. १-१, पृ.७४-८१ ।

(२०६८). **अछाममा देउडा**. काठमाडौः श्रीमती सावित्री स्वार ।

सुवेदी, राजाराम.(२०५८). **अछामको इतिहास**. अछाम : श्री वैद्यनाथ क्षेत्र प्रकाशन समिति ।